# धम्मपद - अट्ठकथा

(भाग-५)

# DHAMMAPADA - ATTHAKATHA

(PART - 5)



"अचरित्वा ब्रह्मचरियं - अलद्धा योब्बने धनं ।
जिण्णकोञ्चा व झायन्ति - खीणमच्छे' व पल्लले ॥"

**– जो व्यक्तिले ब्रह्मचर्य पालन गर्दैन, यौवन अवस्थामा धन कमाउँदैन; ऊ माछा नभएको जलाशयमा बृद्ध सारस झुकेर बसे झैं बस्नु पर्ने हुन्छ ।**

**लेखिका : सुश्री नानीमैयाँ मानन्धर**
Written by: Miss. Nani Maiya Manandhar

Downloaded from http://www.dhamma.digital

# धम्मपद-अट्ठकथा

[भाग–५]

# DHAMMAPADA-ATTHAKATHA
## [ PART-5]

**WRITTEN**
**BY**

**MISS NANI MAINYA MANANDHAR**

Downloaded from http://www.dhamma.digital

प्रकाशिका :

सुश्री नानीमैयाँ मानन्धर,
नयाँ बजार ।

**Published by :**
**Miss Nani Maiya Manandhar**

[सर्वाधिकार लेखिकामा सुरक्षित]
**(All right reserved)**

प्रथम संस्करण - १००० प्रति ।
**(First Edition : 1000 copies)**

| | | | |
|---|---|---|---|
| बुद्ध सम्बत् | - २५५२ | Buddha Era | – 2552 |
| विक्रम सम्बत् | - २०६५ | Bikram Era | – 2065 |
| नेपाल सम्बत् | - ११२८ | Nepal Sambat | – 1128 |
| ईस्वी सम्बत् | - २००८ | Christian Era | – 2008 A. D. |

मूल्य : रू. ९० ।-
**Price : Rs. 90 /–**

कम्प्यूटर सज्जा : किरण मुनी बज्राचार्य
मुद्रण : मुनिज बज्र प्रिन्टर्स

Downloaded from http://www.dhamma.digital

# समर्पण !

नेपालका थेरवाद शासनको पुनर्जागरणको
शुरुआतमा किशोर अवस्थामा नै प्रव्रजित
हुनु भई दीर्घकाल सम्म बुद्धशासनमा
समर्पित

**अग्गमहासद्धम्मजोतिकधज**

श्रद्धेय भिक्षु कुमारकाश्यप महास्थविरज्यूको

**कर-कमलमा**

**सश्रद्धा**

**समर्पित् !**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# विषय-सूची

विषय | पृष्ठ :


नका ........................................ १–१८

शब्द ........................................ क–ङ

VO WORDS ........................................ 1-4

## ). दण्डवग्गो ........................................ १–५९

१. छ वर्गीय भिक्षुहरूको कथा ........................................ १

१०.१. (दण्ड देखी सबै तर्सन्छन्)

२. छ वर्गीय भिक्षुहरूको कथा ........................................ ४

१०.२ (दण्ड देखी सबै डराउँछन्)

. धेरै कुमारहरूको कथा ........................................ ६

१० ३. (प्राणीहरूको हिंसा नगर्नु)

. कोण्डधान स्थविरको कथा ........................................ ८

१० ४. (कठोर वचन नबोल्नु)

. उपोसथिक महिलाहरूको कथा ........................................ १२

१० ५ (बूढापा र मृत्युले आयुलाई धपाउदै लैजान्छ)

अजिंगर प्रेतको कथा ........................................ १७

१० ६ (पापी आफ्नै कर्मबाट अनुतापित हुन्छ)

. महामौद्गल्यायन स्थविरको कथा ........................................ २१

१० ७ (निर्दोषीलाई दोष दिंदा दुःख-कष्ट भोग गर्नु पर्दछ)

. धेरै सामान भएको भिक्षुको कथा ........................................ २७

१० ८ (सन्देह युक्त व्यक्ति शुद्ध हुन सक्दैन)


Downloaded from http://www.dhamma.digital

१०.९. सन्तति महामन्त्रीको कथा ........................................................ ३५

१०.९. (अलंकृत भएर पनि भिक्षु हो)

१०.१०. पिलोतिकतिस्स स्थविरको कथा .................................................. ४१

१०.१०. (दु:खबाट पार होऊ)

१०.११. सुख श्रामणेरको कथा ........................................................ ४६

१०.३. (अनुशासित व्यक्ति आफूले आफूलाई दमन गर्दछ)

## ११. जरावग्गो ........................................................ ६०–९८

११.१. विशाखाको सहेलीहरूको कथा ........................................................ ६०

११.१. (अन्धकार भएर पनि प्रकाशको खोजी किन गर्दैनौ ?)

११.२. सिरिमाको कथा ........................................................ ६२

११.२. (अनित्य शरीरलाई हेर !)

११.३. उत्तरा थेरीको कथा ........................................................ ६८

११.३. (शरीर रोगको घर हो)

११.४. धेरै अभिमानिक भिक्षुहरूको कथा ........................................................ ७०

११.४. (राग कहाँबाट उत्पन्न भयो ?)

११.५. जनपदकल्याणी रूपनन्दा थेरीको कथा ........................................................ ७२

११.५. (शरीर हाडहरूको एक नगर समान हो)

११.६. मल्लिका देवीको कथा ........................................................ ८१

११.६. (सन्तहरूको धर्म पुरानो हुँदैन)

११.७. लालुदयी स्थविरको कथा ........................................................ ८७

११.७. (अज्ञानीको मासु बढ्छ, प्रज्ञा बढ्दैन)

११.८. उदान कथा ........................................................ ९०

११.८. (अरहत्त्व प्राप्त भइसक्यो)

११.९. महाधन श्रेष्ठी-पुत्रको कथा ........................................................ ९२

११.९. (धूर्त संगतको परिणाम)

Downloaded from http://www.dhamma.digital

## अत्तवग्गो ........................................................ ९९-१३५

**बोधिराजकुमारको कथा** ........................................................ ९९

१२.१. (आफ्नो सुरक्षा आफै गर)

**उपनन्द शाक्यपुत्र स्थविरको कथा** ........................................................ १०४

१२.२. (पहिले आफूलाई सम्हाल)

**पधानिकतिस्स स्थविरको कथा** ........................................................ १०८

१२.३. (आफूले आफूलाई दमन गर्न कठिन छ)

**कुमारकाश्यप-माता थेरीको कथा** ........................................................ ११३

१२.४. (आफ्नो मालिक आफै)

**महाकाल उपासकको कथा** ........................................................ ११८

१२.५. (आफ्नो पापले आफैलाई कष्ट दिन्छ)

**देवदत्तको कथा** ........................................................ १२२

१२.६. (दुराचारी शत्रुको अनुरूप बन्दछ)

**संघभेद गर्न प्रयास गर्नेको कथा** ........................................................ १२४

१२.७. (हित हुने काम गर्नु कठिन छ)

**काल स्थविरको कथा** ........................................................ १२६

१२.८. (शासनको निन्दा गर्नु घातक हुन्छ)

**चूलकाल उपासकको कथा** ........................................................ १३१

१२.९. (शुद्धि-अशुद्धि आफैबाट हुने हो)

**अत्तदत्थ स्थविरको कथा** ........................................................ १३३

१२.१०. (अर्काको लागि आफ्नो हानी नगर्नु)

**शब्दार्थ** ........................................................ १३६-१३९

**सहायक ग्रन्थहरू** ........................................................ १४०


Downloaded from http://www.dhamma.digital

ः)

# दुइ शब्द

-धेरै साधुवाद छ। 'त्यस्तै पहिले प्रकाशित पुस्तकहरूको विक्रीबाट भएको ञम पनि '**धम्मपद-अट्ठकथा** [भाग-५]' को प्रकाशन कार्यमा लगाई दिएकी छु। यसो ा पहिलेका प्रकाशक-प्रकाशिका ज्यूहरूलाई वार-वार पुण्य सञ्चय गर्ने सुअवसर त हुनेछ' भन्ने मेरो विश्वास हो। यसको लागि म डा. केशरी लक्ष्मी मानन्धर ा श्री प्रल्हाद कृष्ण मानन्धर, श्रीमती केशरी लक्ष्मी कंसाकार र सुश्री कमला ाकार (जमल), श्री तीर्थराज शाक्य (बालाजु), पद्म नारायण मानन्धर (क्षेत्रपाटी), विश्वमान बज्राचार्य (तानसेन), सुश्री नानीहिरा कंसाकार (क्षेत्रपाटी), पद्मलाल मानन्धर तथा श्री कुमारी मानन्धर (कालीमाटी) र पुस्तक बिक्री मा सहयोग गरी दिने भाइ सुभद्र कुमार मानन्धर एवम् अन्य प्रकाशक ाहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु। साथै 'फेरि-फेरि पनि यस्तो धर्म-दान ार्यमा अघि बढ्न सकून्' भन्ने शुभ-कामना व्यक्त गर्दछु।

*"चीरं तिट्ठतु सद्धमो !"*

**/३२ लेखनाथ सडक,**
**ारी गल्ली, नयाँ बजार),**
**ाडौं, नेपाल।**

**— नानीमैयाँ**

**. आश्विन ९ गते बिहीबार।**
**: ४३५८९९३**

Downloaded from http://www.dhamma.digital

# TWO WORDS

The **Dhammapada** occupies a distinct place in the religious literature. The three **Pitakas** are **Vinaya, Abhidhamma** and ta. The Dhammapada is the second book of the minor collection, ıddakanikaya of the **Sutta pitaka** (The Basket of Discources). d Buddha preached the **Dhamma** for forty-five years since his ightment and until his Mahaparinirvana (expiry). The ımmapada contains the quitessence of the very whole Dhamma ich the Buddha preached within this period). It consists of **423** ;es arranged in **26 Vaggas or chapter.**

The gems of truth embodied in each **Verse** of the **mmapada** aptly illustrate the moral and philosophical Teachings ıe Buddha. The fundamentals of **Sila** (purification of bodily 'ities), **Samadhi** (Concentration of mind on the right path), and **gya** (Knowledge of four noble truths) and **Nirvana** ightenment) are presented in **Dhammapada** in a systematic hmic) manner with clear (interesting) examples. Reading the es of **Dhammapada**, one can feel peace and harmony. The eternal om embodied in the **Verses of Dhammapada** holds within it the ıtial to bring tranquility to men and women troubled by the stress :onflict in life, disharmony and distress.

The **Atthakatha** is a detailed and deep interpretation of the **aka**. The interpreters and the writer of **Atthakatha** have given led explanation of the related stories of the present and past ence of each of the **Verses** (Buddha's teaching) and the fruit d by the listeners.

Initially, the **Atthakatha** was transcribed in scripts in **Sri** s. The credit of propogating **Pali Atthakatha** to the Buddhist l goes to **Acharya Buddhaghosha,** born in **India,** around the entury. After completing a thorough study of the **Tipitaka** lhism) in India, the Scholor visited Sri Lanka. There he translated hole **Atthakatha** into pali language. It took him **30 years** to

Downloaded from http://www.dhamma.digital

complete this task. After completing this huge project, he returned to his home country to visit his venerable teacher **Sangha Mahanayaka Rewat Mahastharvir**, bringing along with him the translated **Pali Atthakatha**.

In the **Dhammapada Atthakatha**, the original stories out of which the **Verses** stem are interpreted in two ways. In some stories, the fortunate ones who are blessed with good deeds during their past existence have the opportunity to listen to the sermons of the **Enlightened One** and get to purify mind with the knowledge of the **Four Noble Truths** and the **Eight Noble Paths of purification**. In other stories for those who have the potential but not having an opportunity to meet the Buddha, the Buddha himself finds a way extending six-coloured rays (छवण्ण-रश्मी) to bless them. The Lord's instructruction enable them to purify themsesves and attain **Arhatship** (the highest level of purification) and **Nirvana**.

The contemporary **Bhikkhus, Bhikkhunis** (Monks and nuns), **Shramaneras** (Young monks who are not yet ordinated as a Bhikkhu), **Paribrajakas** (Non-Buddhist preachers) gods, laymen, royal families and non-human beings (creatures) of Buddha's life time used to create difficult circumstances and problems. The Buddha's way of tackling them is significant and appreciable **Metta** (Loving kindness), **Karuna** (Compassion), **Mudita** (delights) and **Upekkha** (Equanimity) were his tools.

Blessing with a boon to a devotee or torturing with a curse to the opposite ones – these two self-oriented deeds are not the tradition of the Buddha. Instead, the Buddha always blessed them with **love and kindness** and guided mankind to the **right path**. He would give example of events of their present life and their past existence as well.

People who commit evil deeds are unaware of the consequence at that moment. Even the **Ariyas** (those who have attained the levels

Downloaded from http://www.dhamma.digital

ılightment) must suffer the consquence of their past evil deeds. **Dhammapada-Atthakatha** raises awareness about what Buddha about **'Kamma and Kammaphala'** (The law of moral causation).

The present work of Dhammapada-Atthakatha is an attempt to ent noble utterances of the Buddha. I have expounded the stories :ed to each verse to whom, when and where the Buddha stated e sacred Verses.

I have also given some appropriate Titles and sub-titles to e stories. A translation of each Verses is repeated at the end of story. Additionally, I have also quoted how many persons attained **rga-phala** (path and fruit of purification) from these edification.

I have been reading **Dhammapada** since my childhood. But ., the knowledge was limited to **Pali Verses** and its **meanings**. n then sometimes it used to be a healing medicine for my erings due to the expiry of my parents. Sometimes it used to be a well-wishing friend (**Kalyan Mitta**) for me. During deep itation, I feel as if the **Buddha** was uttering the **Noble Verses** in t of me.

**Dhammapada-Atthakatha (Part-1)** consists of 32 Verses tal of this total, 20 Verses are from **'YamakVagga'** (Twin Verses) 12 Verses are from **'AppamadaVagga'** (Mindfulness). **mmapada-Atthakatha (Part-2)** consists of **27 Verses** in total, hich **11 verses** are from **'CittaVagga'** (Mind) and 16 Verses are ı **'PupphaVagga'** (Flowers). **Dhammapada-Atthakatha (Part-3)** ısists of **30 Verses** in total, **16 Verses** are from **'Bal Vagga'** ıls) and **14 Verses** are from **'Pandit Vagga'** (The Wise)

**Dhammapada-Atthakatha (Part-4)** consists of **39 Verses** tal; 10 Verses are from **'ArahantaVagga'** (Aragat), **16 Verses** from **'Sahassa Vagga'** (The Thousand) and **13 Verses** are from ıa**Vagga'** (Evil).

Downloaded from http://www.dhamma.digital

# TWO WORDS

The present book on **Dhammapada-Atthakatha (Part-5)** consists of **38 Verses** in total; **17 Verses** are from **'Danda Vagga'** (Punishment), **11 Verses** are from **'Jara Vagga'** (Ageing) and **10 Verses** are from **'Atta-Vagga'** (self). The contemporary events of the Buddha's life time and the stories of past existence related to these events are also included.

My references for this book are mainly **'Dhammapada-Atthakatha'** translated into Nepal Bhasha by **Venerable Aniruddha Mahasthavira** and **'Dhammapada-Atthakatha'** in Pali published by Vipassana Research Institute, Igatpuri and **'Dhammapada-Atthakatha'** translated into Hindi by Swami Dwarika Das Sastri.

I must regard my heartfelt thanks to Mr R.B. Bandya who, upon my request, wrote a few words to the contents of the book in a scholarstic language quoting various Dhammapada Verses.

The Buddha dedicated forty-five years of his life visiting villages, towns, nations to disseminate his sermons for the welfare of mankind. The **Dhammapada-Atthakatha** explains the scared message of the whole Dhamma profounded by the Buddha during these forty-five years.

May the people travel the path of righteousness and virtue towards the ultimate goal of **Nirvana**.

**"Chiran Titthatu Saddhammo."**
**(May long last the Dhamma !)**

**945/32, Lekhnath Sadak,**
**(Kumari Galli, Naya Bazar),** – Miss Nani Maiya Manandhar
**Kathmandu, Nepal.**
**2008, September 25,**
**Tel. [977] (01) 4-358993, Mobile : 9841761773**

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

धम्मपदं

# १०. दण्डवग्गो

## १०.१. छ वर्गीय भिक्षुहरूको कथा

### १०.१. (दण्ड देखी सबै तर्सन्छन्)

१०. (१२९) **"सब्बे तसन्ति दण्डस्स – सब्बे भायन्ति मच्चुनो ।**
**अत्तानं उपमं कत्वा – न हनेय्य न धातये"** ॥१॥

एक समय **भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा** विहार गरिरहनु को थियो । त्यस वेला तथागतले यो गाथा **छ वर्गीय (६ जना)** भिक्षुहरूको ःणमा आज्ञा गर्नु भएको हो ।

एक समय **श्रावस्तीमा सत्तरस वर्गिया** अर्थात् सत्र जना भिक्षुहरूको एक हले सुत्नलाई ओछ्यान विछ्याई सकेका थिए । त्यस बेला छ वर्गीय अर्थात् ानाको एक समूहका भिक्षुहरूले तिनीहरूलाई भने– "हामी तिमीहरू भन्दा ; हौं । यी विछ्यौना लगाएको ठाउँ हामीले पाउनु पर्छ ।"

सत्तरस वर्गीय भिक्षुहरूले जवाफ दिए– "हामी यहाँ पहिले आयौं । ्यान लगाउने काम पनि हामीले नै गऱ्यौं । त्यसैले यो ठाउं तिमीहरूलाई सक्तैनौं ।"

त्यसपछि छ वर्गीय भिक्षुहरूले तिनीहरूलाई हातपात गर्न थाले ।

सत्तरस वर्गीय भिक्षुहरू मरण भयले डराउँदै ठूल-ठूला स्वरले कराउन ।

तिनीहरू कराएको स्वर तथागतको कानमा पऱ्यो । तथागतले अरू हरूसँग 'यो के को आवाज आएको' भनी प्रश्न गर्नु भयो ।

Downloaded from http://www.dhamma.digital

भिक्षुहरूले विन्ति गरे– "भन्ते भगवन् ! छ वर्गीय भिक्षुहरूले सत्तरस वर्गीय भिक्षुहरूको कुटाईबाट मर्ने डरले ती भिक्षुहरू ठूल-ठूला स्वरले कराएका हुन् ।"

तथागतले भन्नु भयो– "भिक्षुहरूले यस्तो काम गर्नु ठीक छैन । जसले यस्तो काम गर्छ उसलाई आपत्ति (दोष) लाग्छ ।"

तथागतले (छ वर्गीय) भिक्षुहरूलाई सम्वोधन गर्नु भई **'पहार दानसिक्खापदं'**[1]को **आपत्ति देसना** गर्नु भयो ।

त्यस पछि तथागतले भिक्षुहरूलाई सम्वोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! जसरी दण्ड-सजायँदेखि आफू त्रशित र मृत्युदेखि भयभीत हुने हो, अरूलाई पनि त्यस्तै हुन्छ । त्यसकारण अरूलाई पिट्नु हुँदैन, मार्नु हुँदैन ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"सब्बे तसन्ति दण्डस्स - सब्बे भायन्ति मच्चुनो ।**
**अत्तानं उपमं कत्वा - न हनेय्य न धातये ॥"**

**अर्थ–** दण्ड देखेर सबै तर्सछन्, मृत्यु देखी सबै भयभीत हुन्छन् । त्यसकारण यी कुरालाई आफू समान ठानेर प्राणीलाई हिंसा नगर्नु र नगराउनु ।

**भावार्थ–** यस गाथामा **सब्बे तसन्ति** भन्नुको अर्थ सबै सत्व प्राणीहरू आफूलाई दण्ड दिने अगाडि आइपुग्दा दण्ड दिने देखेर त्रशित हुन्छ, डराउँछ । **मच्चुनो** अर्थात् मरण हुनु पर्ने, मृत्यु हुने भएकोले भयभित हुन्छ । यस धर्म-देशनामा व्यञ्जन बाँकी नरहे पनि अर्थ लगाउनु पर्ने बाँकी भएको छ । जस्तो कि 'राजाले सबै एक ठाउँमा भेला हुनुपर्छ' भनि बाजा वजाई सूचना दिएतापनि राजाको मंत्री गणहरू बाहेक अरू सबै भेला भए झैं 'सबै त्रशित हुन्छ' भनी भन्दाखेरी **आजानीय** (श्रेष्ठ) हात्ति, घोडा, साँढे र **क्षीणाश्रवी** – यी चार प्रकारका प्राणी बाहेक 'अरू सबै प्राणी त्रशित हुन्छ, भयभीत हुन्छ' भनी जान्नु पर्दछ । यी चार प्रकारका प्राणी मध्ये **क्षीणाश्रव** (अर्हन्त) मा सत्काय दृष्टि प्रहीण भइसकेकोले

१ पाचित्तिय ४४९

Downloaded from http://www.dhamma.digital

देखि भयभीत हुँदैन; त्रशित हुँदैन। अरू तीन प्रकारका प्राणीमा **सत्काय दृष्टि** बलवान को कारणले आफू विरूद्ध भएका सत्व प्राणीहरू नदेखिने हुनाले भयभीत हुँदैन, त्रशित भनिएको हो। **"न हनेय्य न घातये"** भन्ने तात्पर्य 'जस्तो म हो' अरू प्राणी पनि त्यस्तै भनी अरूहरूलाई नकुट्नु, कुटाउने काम पनि नगर्नु

तथागतको यस धर्म-देशनाको अन्तमा धेरैले **स्रोतापत्ति मार्ग-फल** प्राप्त।

'छ वर्गीय भिक्षुहरूको कथा समाप्त'।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

## १०.२. छ वर्गीय भिक्षुहरूको कथा

### १०.२. (दण्ड देखी सबै डराउँछन्)

**१०. (१३०) "सब्बे तसन्ति दण्डस्स - सब्बेसं जीवितं पियं ।**
**अत्तानं उपमं कत्वा - न हनेय्य न धातये" ॥२॥**

एक समय **भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा** विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा **छ वर्गीय** भिक्षुहरूको कारणमा आज्ञा गर्नु भएको हो ।

एक समय **श्रावस्तीमा** ती **छ वर्गीय** भिक्षुहरूले अर्थात् छ जना भिक्षुहरूको समूहले ती **सत्तरस वर्गिया** अर्थात् सत्रजना भिक्षुहरूको समूहलाई पहिले कै झगडाको क्रममा हातले काट्ने जस्तो भान गरे । ती **सत्तरस वर्गीय** भिक्षुहरू डरले चिच्याउन थाले ।

भगवान बुद्धले तिनीहरू चिच्याएको शब्द सुन्नु भई अरू भिक्षुहरूसंग प्रश्न गर्नु भयो ।

भिक्षुहरूले विन्ति गरे– "भन्ते भगवन् ! छ वर्गीय भिक्षुहरूले सत्तरस वर्गीय भिक्षुहरूलाई हातले काट्ने जस्तो भान गरेकोले डरले तिनीहरू चिच्याएका हुन् ।"

तथागतले (छ वर्गीय) भिक्षुहरूलाई सम्वोधन गर्नु भई **'तलसत्तिकसिक्खापदं'**[1] को **आपत्ति देसना** गर्नु भयो ।

त्यस पछि तथागतले भन्नुभयो– "भिक्षुहरू ! तिमीहरूले आफू जस्तो छ, अरूलाई पनि त्यस्तै ठान्नु पर्दछ । जसरी 'दण्ड-सजाँय' देखी आफू त्रशित हुने हो, डराउने हो; आफूलाई आफ्नो जीवन जति प्यारो लाग्छ, अरूलाई पनि त्यत्तिकै

---

१. पाचित्तिय ४५४

Downloaded from http://www.dhamma.digital

लाग्छ। त्यसकारण अरूलाई मार्नु हुँदैन, मार्ने काममा प्रेरित गर्नु पनि हुँदैन।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना नयो –

**"सब्बे तसन्ति दण्डस्स – सब्बेसं जीवितं पियं।**
**अत्तानं उपमं कत्वा – न हनेय्य न धातये॥"**

**अर्थ–** दण्ड देखेर सबै डराउँछन्। सबैलाई आफ्नो जीवनको माया । त्यसकारण आफू समान ठानेर अरूलाई हिंसा नगर्नु, नगराउनु।

**भावार्थ–** यस गाथामा **सब्बेसं जीवितं पियं** – यी पदहरूको अर्थ हो, **क्षीणास्रवी** अरहन्तहरू बाहेक अरू सम्पूर्ण सत्व प्राणीहरूलाई आ-आफ्नो जीवन प्रिय र राम्रो) लाग्दछ। अरहन्तहरूलाई भने बाँचिरहनु र मृत्यु हुनुमा उपेक्षा भाव रहने बाँकी रहेको कुरा पहिलेको कथामा उल्लेख भए जस्तै हुन्।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरूले **स्रोतापत्ति** **ल** प्राप्त गरे।

Dhamma.Digital

'छ वर्गीय भिक्षुहरूको कथा समाप्त'।

Downloaded from http://www.dhamma.digital

# १०.३. (धेरै कुमारहरूको कथा)

## १०.३. प्राणीहरूको हिंसा नगर्नु

१०. (१३१) "**सुखकामानि भूतानि - यो दण्डेन विहिंसति ।**
**अत्तनो सुख'मेसानो - पेच्च सो न लभते सुखं**" ॥३॥

१०. (१३२) "**सुखकामानि भूतानि - यो दण्डेन हिंसति ।**
**अत्तनो सुख'मेसानो - पेच्च सो लभते सुखं**" ॥४॥

एक समय **भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा** विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा **धेरै केटाहरूको** कारणमा आज्ञा गर्नु भएको हो ।

एक दिन भगवान बुद्ध **श्रावस्ती नगरमा** भिक्षाको लागि गइरहनु भएको थियो । बीच बाटोमा आइपुग्नु हुँदा धेरै केटाहरूले एउटा घरमा बस्ने सर्पलाई लट्ठीले हिर्काएको देख्नु भयो ।

तथागतले ती केटाहरूसँग प्रश्न गर्नु भयो– "बालकहरू ! तिमीहरूले यो के गर्दैछौ ?"

केटाहरूले हात जोडेर भने– "भगवन् ! 'यस सर्पले हामीलाई टोक्छ' भन्ने डरले हिर्काएका हौं ।"

भगवान बुद्धले बालकहरूलाई सम्झाउनु हुँदै भन्नु भयो– "बालकहरू ! तिमीहरूले आफूलाई सुख पाउने हिसाबले यसलाई मारेको खण्डमा तिमीहरू जहाँ-जहाँ जन्म लिन्छौ; त्यहाँ-त्यहाँ सुख पाउन सक्तैनौं । आफ्नो सुख चाहनेहरूले अरूलाई हिंसा गर्नु हुँदैन ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

Downloaded from http://www.dhamma.digital

## १०.३. धेरै कुमारहरूको कथा (७)

**"सुखकामानि भूतानि - यो दण्डेन विहिंसति ।**
**अत्तनो सुख'मेसानो - पेच्च सो न लभते सुखं ॥"**

**अर्थ—** सुख चाहने प्राणीलाई आफ्नो सुखको लागि जसले दण्डद्वारा हिंसा पीडा दिन्छ; त्यसले परलोकमा सुख पाउँदैन ।

**"सुखकामानि भूतानि - यो दण्डेन हिंसति ।**
**अत्तनो सुख'मेसानो - पेच्च सो लभते सुखं ॥"**

**अर्थ—** सुख चाहने प्राणीलाई आफ्नो सुखको लागि जसले दण्डद्वारा हिंसा पीडा दिंदैन; त्यसले परलोकमा सुख पाउँछ ।

भावार्थ— यस गाथामा (पहिलो गाथामा) **यो दण्डेन** भन्नुको अर्थ हो, जो व्यक्तिले ढुङ्गा आदिले अरूलाई कष्ट दिन्छ; **पेच्च सो न लभते सुखन्ति** त्यसले परलोकमा सुख; दिव्य-सुख **परमार्थ** नामक **निर्वाण सुख** प्राप्त गर्न सक्तैन ।

दोस्रो गाथामा **पेच्च सो लभतेति** जो व्यक्तिले काठ, ढुङ्गा आदिले अरूलाई कष्ट त्यसले परलोकमा मनुष्य-सुख, दिब्य-सुख र **परमार्थ** नामक **निर्वाण सुख** प्राप्त गर्न ।

तथागतको यस धर्म-देशनाको अन्तमा ती पाँच सय कुमारहरू **स्रोतापत्ति फल** मा प्रतिस्थित भए ।

'धेरै कुमारहरूको कथा समाप्त' ।

Downloaded from http://www.dhamma.digital

# १०.४. कोण्डधान स्थविरको कथा

## १०.४. (कठोर वचन नबोल्नु)

१०. (१३३) **"मा'वोच फरुसं कञ्चि - वुत्ता पटिवदेय्यु तं।**
**दुक्खाहि सारम्भकथा - पटिदण्डा फुसेय्यु तं"॥५॥**

१०. (१३४) **"सचे नेरेसि अत्तानं - कंसो उपहतो यथा।**
**एस पत्तो'सि निब्बानं - सारम्भो ते न विज्जती[1]"॥६॥**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो। त्यस वेला तथागतले यो गाथा **कोण्डधान (कुण्डधान) स्थविर**को कारणमा आज्ञा गर्नु भएको हो।

श्रावस्तीमा एक जना कुलपुत्र प्रव्रजित भयो। उनी प्रव्रजित भएको दिन देखि एउटी राम्री स्त्रीको रूप उनको पछि-पछि लाग्थ्यो। त्यस स्त्री-रूपलाई त्यस प्रव्रजितले नदेखिने अरूहरूले देख्ने रहेछ।

प्रव्रजित गाउँमा भिक्षाटन जाँदा मानिसहरूले उनलाई भिक्षा दिंदै यस्तो भन्ने गर्थे– "यो भिक्षा तपाईंको लागि, अर्को भाग तपाईंको पछि-पछि आउने साथीको लागि हो।"

उनको पूर्व कर्मको कारणलले गर्दा यस्तो हुनु परेको हो। उनको पूर्व-कर्मको कहानी यसरी शुरु हुन्छ– "धेरै कल्प पहिले **काश्यप तथागत**को समयमा दुइ जना भिक्षुहरू साखै दाजु-भाइ जस्तै साह्रै मिलेर बसेका थिए। त्यस बेला मनुष्यको आयु साह्रै लामो हुन्थ्यो। छ महिनाको एक पल्ट भिक्षुहरूको **उपोसथ कर्म** गरे पुग्थ्यो। ती दुइ मिल्ने साथी भिक्षुहरू सँग-सँगै उपोसथागारमा गइरहेका थिए।

१. विज्जति

Downloaded from http://www.dhamma.digital

त्यस बेला तावतिंस देवलोकमा उत्पन्न भएको एक जना देवपुत्रले मुर्खतावशः ती दुइ भिक्षुहरू मिलेर हिडेको देख्न सकेन। उसले ती दुइको बीचमा फाटो ल्याउने विचार गऱ्यो।

ठीक त्यसै बेला एक भिक्षुले अर्कोलाई भन्यो– "आयुष्मान ! तिमी एक छिन यहीं पर्खेर बस। मलाई शौचालयमा जान मन लाग्यो।"

ऊ अलि पर रूखहरू भएको झाङ्गमा पस्यो। त्यही मौका छोपेर त्यस देवपुत्र एउटी राम्री स्त्रीको रूप लिई झाङ्गमा पसेर निस्केको भिक्षुको सँग-सँगै पछि-पछि लागिन्। त्यस भिक्षुले तिनलाई देखेन। तर बाटोमा पर्खि रहेको भिक्षुले त्यस स्त्रीलाई देख्यो। त्यस भिक्षुले त्यस स्त्री-रूपलाई देख्ने बित्तिकै तिनी त्यहीं अन्तर्धान भइन्।

उनले आफ्ना साथी भिक्षुलाई भन्यो– "आयुष्मान ! तिम्रो शील भङ्ग भइसक्यो।"

अर्को भिक्षुले भन्यो– "होइन, आयुष्मान ! मैले त्यस्तो शील भङ्ग हुने काम केही गरेको छैन। किन तिमी मलाई त्यस्तो भन्छौ ?"

भिक्षुले भन्यो– "अहिले भर्खरै एउटी राम्री तरुर्णा तिम्रो पछि-पछि आइरहेको मैरै आँखाले देखेको थिएँ। तिमीले तिम्रो शील भङ्ग भएको छैन भन्दैमा म कसरी पत्याउने ?"

साथी भिक्षुको कुरा सुनी उसको टाउँकोमा बज्रले प्रहार गरे जस्तै चोट पऱ्यो।

ती दुइ भिक्षुहरू यसरी आपसमा वाद-विवाद गर्दै उपोसथागारमा पुगे।

साथी भिक्षुले संघ समक्ष यसरी भन्यो– "यो शील भङ्ग भएको भिक्षुसँग म उपोसथ कर्म गर्दिन।"

अर्को भिक्षुले भिक्षुसंघलाई बिन्ति गर्दै भन्यो– "भन्ते ! मेरो शील भङ्ग भएको छैन। कहीं कतै कलंकित भएको छैन।"

Downloaded from http://www.dhamma.digital

**साथी** भिक्षुले फेरि पनि स्त्री-रूप उसको पछि-पछि लागेको कुरा दोहऱ्यायो ।

त्यस्तो विधि मिल्ने दुइ भिक्षुहरू आपसमा आरोप-प्रत्यारोप गरिरहेको कुरा सुनेर त्यस देवपुत्रलाई साह्रै दुःख लाग्यो । आफूले ठूलो अपराध गरेको महसूस गरी देवपुत्रले आकाश वाणी गऱ्यो– "भन्ते ! मेरो आर्यको शील भङ्ग भएको छैन । परीक्षाको लागि मैले अरूले देख्ने गरी स्त्री-रूप दर्शाएको हूँ । कृपया उहाँसँग **उपोसथ कर्म** गर्नु होस् ।"

आकाश वाणीमा विश्वास गरी सबैले सँगै **उपासथ कर्म** गरे । तर ती दुइ भिक्षुमा पहिलेको जस्तो दरिलो मित्रता भने रहन सकेन ।

(यो भयो, देवपुत्र हुनेको पूर्व-जन्मको कर्मको कुरा ।)

स्थविर भिक्षुको त्यस जन्मको आयु सकिएपछि फेरि उसको मनुष्य-लोकमा जन्म भयो ।

देवपुत्र हुने चाहिं **अवीचि नरक**मा उत्पन्न भयो । एक **बुद्धान्तर** सम्म उसले त्यहाँ आफ्नो **कर्म-विपाक** भोग गर्नु पऱ्यो ।

त्यसपछि **गौतम बुद्ध**को समयमा **श्रावस्ती नगर**मा उसको जन्म भयो । ठूलो भइसकेपछि ऊ **बुद्ध-सासन**मा प्रव्रजित भयो । त्यसपछि उसलाई **उपसम्पदा** पनि प्राप्त भयो ।

ऊ प्रव्रजित भएको दिन देखि उसको पछि-पछि लाग्ने एउटी स्त्री-रूप प्रकट हुन थाल्यो । त्यसैले त्यस भिक्षुलाई **कोण्डधान (कुण्डधान)** भनी नामाकरण गरियो ।

कोण्डधान भिक्षुले एउटी स्त्री त्यसरी पछि-पछि लगाएर हिंडेको देखी अरू भिक्षुहरूले **अनाथपिण्डिक महाजन**लाई यसरी भने– "हे महाजन ! यस **दुस्सील भिक्षु**लाई विहारबाट निकाली दिनु होस् । यस भिक्षुको कारणले गर्दा मानिसहरूले अरू भिक्षुहरूलाई समेत निन्दा गर्ने छन् ।"

Downloaded from http://www.dhamma.digital

अनाथपिण्डिक महाजनले भन्यो– "भगवान बुद्ध जेतवनाराममा विराजमान छ भने 'तथागतले जे गर्नु पर्छ' गर्नु हुन्छ।"

ती भिक्षुहरूले विशाखा महाउपासिका कहाँ भन्न गए। त्यहाँ पनि त्यहीं पाए।

तिनीहरू राजा कहाँ गएर यसो भने– "महाराज ! कोण्डधान भिक्षुले स्त्री पछि-पछि लगाएर हिड्ने भएकोले अरू भिक्षुहरूलाई समेत नराम्रो यो। त्यसकारण त्यस भिक्षुलाई देश-निकाला गर्नु होस्।"

ती भिक्षुहरूको कुरा सुनी राजा स्वयं कोण्डधान भिक्षु कहाँ पुग्यो। राजाले भेक्षुको पछि-पछि स्त्री-रूप देख्यो। एक छिन पछि गायब भयो। यो ने राजालाई आश्चर्य चकित गरायो।

राजाले कोण्डधान भिक्षुसँग प्रश्न गऱ्यो– "भन्ते ! एक छिन पहिले ने पछिल्तिर एउटी स्त्री-रूप देखेको थिएँ। फेरि एक छिन पछि देखिएन। उँमा खोजि सक्यो। कहीं पनि भेटिएन। ती स्त्री कहाँ गइन् ?"

भिक्षुले भन्यो– "महाराज ! मैले देखेको छैन। मलाई थाहा पनि छैन। राज ! धेरै मानिसहरूले मेरो पछि-पछि एउटी स्त्री-रूप आइरहेको देखेको न्छन्। मैले भने ती स्त्रीलाई कहिल्यै देखिन।"

त्यस स्त्रीलाई फेरि एक पल्ट सबै ठाउँमा खोज-तलाश गर्दा कहीं पनि पछि राजाले 'यो साँचिकै स्त्री होइन केवल प्रतिरूप मात्रै हुनु पर्छ' भनी गरे।

अनि राजाले त्यस भिक्षुलाई भन्यो– "भन्ते ! यस स्त्री-रूपले पछ्याइरहेसम्म ई भिक्षा प्राप्त गर्न गाह्रो हुन्छ। आजदेखि दिन-दिनै भिक्षाको लागि तपाई रमा आउनु होस्। त्यहाँबाट तपाईको सबै आवश्यकता पूरा हुनेछ।"

राजाको यस्तो निर्णय सुनी अरू भिक्षुहरूले राजालाई निन्दा गर्न थाले र क्षुलाई पनि यसरी भने– "तिमी दुस्सील भिक्षु हौ। अब देखि तिमी

Downloaded from http://www.dhamma.digital

**कोण्डधान** मात्रै होइन, '**राज कोण्डधान**' भयौ।"

पहिले त यस भिक्षुले जसले जे भने पनि सहेर बसेको थियो। तर अहिले उसले पनि यसरी जवाफ दिन थाल्यो– "तिमीहरू नै दुस्सील; तिमीहरूले नै स्त्री लिएर हिड्छौ।"

उसले भनेका सबै कुरा ती भिक्षुहरूले भगवान बुद्धलाई बिन्ति गरे।

तथागतले कोण्डधान भिक्षुलाई बोलाउन पठाउनु भई यसरी प्रश्न गर्नु भयो– "भिक्षु! के तिमीले अरू भिक्षुहरूलाई आरोप लगाएको साँचै हो? तिमीले उनीहरूलाई यस्तो भनेको कारण के हो?"

त्यस भिक्षुले हात जोडेर भन्यो– "भन्ते, भगवन्! तिनीहरूले मलाई यस्तो-यस्तो भनेको कारणले मैले पनि त्यस्तै जवाफ दिएको हुँ।"

भगवान बुद्धले अरू भिक्षुहरूलाई सोध्नु भयो– "भिक्षुहरू! तिमीहरूले यस भिक्षुलाई किन त्यस्तो भनेको?"

भिक्षुहरूले बिन्ति गरे– "भन्ते भगवन्! यस भिक्षुको पछि-पछि एउटी स्त्री-रूप आउने गरेको देखेकोले हामीले त्यस्तो भनेका हौं।"

तथागतले कोण्डधान भिक्षुलाई सम्झाउनु हुँदै भन्नु भयो– "भिक्षु! तिमीले आफ्नो आँखाले नदेखिकन अरूलाई आरोप लगाउनु ठीक छैन। तिमीलाई यस्तो आरोप लागेको कारण पनि तिम्रै **पूर्व-कर्म**को **विपाक** हो।"

अरू भिक्षुहरूले उसको पूर्व-जन्मको कुरा सुनाउन अनुरोध गरे पछि उपयुक्त सबै रहस्य खोल्नु भई भगवान बुद्धले भन्नु भयो– "भिक्षु! तिम्रो पहिलेको पाप दृष्टिले गर्दा अहिले यस्तो दशा भोग्नु परिरहेछ। अब देखि यस्तो पाप दृष्टि नराख्नु। अरू भिक्षुहरूलाई आरोप नलगाउनु। फुटेको काँसको थाल जस्तै निःशव्द भएर बस्नु। त्यसो गर्न सके मात्र तिमीले निर्वाण प्राप्त गर्न सक्ने छौ।"

यसै सन्दर्भमा तथागतले यी गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो –

Downloaded from http://www.dhamma.digital

**"मा'वोच** फरुसं **कञ्चि - वुत्ता पटिवदेय्यु तं।**
**दुक्खाहि सारम्भकथा - पटिदण्डा फुसेय्यु तं॥"**

**अर्थ–** कठोर वचन नवोल। अरूले पनि तिमीलाई त्यस्तै कठोर वचन छ। प्रतिवाद दुःख दायक हुन्छ। कडा वचन वोल्नाले त्यसको वदलामा ने दण्ड पाउने छौ।

**"सचे नेरेसि अत्तानं - कंसो उपहतो यथा।**
**एस पत्तोसि निब्बानं - सारम्भो तेन विज्जती॥"**

**अर्थ–** फुटेको काँसको थाल झैं निःशब्द हुन सक्यौ भने तिमीलाई निर्वाण हुन्छ। तिम्रो निमित्त कलह-विवाद केही हुने छैन।

**भावार्थ–** त्यस गाथामा **मावोच फरुसं कञ्चि** भन्नुको अर्थ हो– कुनै व्यक्तिलाई ड़ा वचन प्रयोग नगर्नु। **वुत्ता** तिमीले अरूलाई **दुस्सील** भनी शब्द प्रयोग गरेमा ाई पनि त्यस्तै जवाफ दिनेछ। **सारम्भकथा** भनेको आफ्नो कानले सुन्न मन को शब्द सुन्नु पर्दा दुःख अनुभव हुन्छ। **पटिदण्डा** भन्नुको अर्थ हो, आफूले अरूलाई प्रहार गरे अरूले पनि त्यसरी नै आफूलाई दण्डले प्रहार गर्नेछ। **सचे नेरेसि** यदि ाई संयम गर्न सकेमा **कंसो उपहतो यथाति** = फुटेको काँसको थाललाई हात-खुट्टा ले हाने पनि शब्द आउँदैन। **एस पत्तोसि ति** यस्तो हुन सकेमा यो **प्रतिपदा (मार्ग)** ई जादा अहिले नै त्यहाँ पुग्न नसके तापनि उसलाई निर्वाणमा पुग्ने भन्न सकिन्छ। ा **ते न विज्जतीति** यसरी संयम गर्न सकेमा **'तिमी दुस्सील, म दुस्सील'** भनी सवाल- हुँदा पनि तिम्रो लागि यो संसार लामो हुँदैन।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरूले स्रोतापत्ति फल प्राप्त गरे।

कोण्डधान भिक्षुले तथागतको ओवाद-उपदेशलाई राम्रोसँग ग्रहण गरी र ध्यानमा लागि अरहत्वको स्थिति प्राप्त गर्नमा सफल भयो। त्यसपछि ऋद्धिबलद्वारा आकाशमा गई प्रथम सलाक ग्रहण गर्‍यो।

'कोण्डधान स्थविरको कथा समाप्त'।

Downloaded from http://www.dhamma.digital

# १०.५. उपोसथिक महिलाहरूको कथा

## १०.५. (बुढापा र मृत्युले आयुलाई धपाउँदै लैजान्छ)

१०. (१३५) **"यथा दण्डेन गोपालो – गावो पाजेति[1] गोचरं।**
**एवं जरा च मच्चूच – आयुं पाजेन्ति[2] पापिनं"॥७॥**

एक समय **भगवान बुद्ध श्रावस्तीको पूर्वाराममा विहार** गरिरहनु भएको थियो। त्यस बेला तथागतले यो गाथा **विशाखा** सहित **उपासिका**हरूको उपोसथ कर्मको कारणमा आज्ञा गर्नु भएको हो।

श्रावस्ती नगरमा एउटा ठूलो उपोसथको दिनमा पाँच सय उपासिकाहरू **उपोसथ व्रत** पालन गर्नको लागि विहारमा गए। त्यस बेला विशाखा महाउपासिका पनि तिनीहरूसँगै विहारमा गएकी थिइन्। त्यस दिन तिनले आफूभन्दा जेष्ठ उपासिकाहरूसँग यसरी प्रश्न गरिन्– "आमाहरू! दिदीहरू! आज तपाईहरूले किन उपोसथ व्रत पालन गर्नु भएको?"

तिनीहरूले जवाफ दिए– " हामीले **दिव्य सम्पत्ति** प्रार्थना गरी आजको **उपोसथ व्रत** पालन गरिहेका छौं।"

विशाखा महाउपासिकाले अर्ध बैंसे महिलाहरूसँग त्यही प्रश्न गरिन्।

तिनीहरूले भने– "आ-आफ्ना पतिसँग **कामभोगबाट** मुक्त हुनको लागि आजको उपोसथ व्रत बसिरहेका हौं।"

फेरि विशाखाले यही प्रश्न विवाहित तरुनीहरूसँग राखिन्।

तिनीहरूले यसरी जवाफ दिइन्– "हाम्रो 'पहिलो सन्तान **छोरो होस्**' भनी यो व्रत पालन गरिरहेका छौं।"

विशाखा महाउपासिका अविवाहित केटीहरू कहाँ गइन्। तिनले ती

---

१. पाचेति २. पाचेन्ति

Downloaded from http://www.dhamma.digital

ॡसँग प्रश्न गरिन्– "छोरीहरू ! तिमीहरूले उपोसथ ब्रत पालन गरेको के हो ?"

ती केटीहरूले जवाफ दिइन्– "**तरुणी अवस्थामा नै विवाह गर्न पाउँ;** ो उपोसथ ब्रत पालन गरिरहेका छौं ।"

ती उपासिकाहरूले उपोसथ ब्रत पालन गरेको कारण तथा लक्ष्य थाहा ेपछि विशाखा महाउपासिका तिनीहरू सबैलाई साथमा लिई भगवान बुद्ध ाइन् । तिनले तथागतलाई सादर वन्दना गरी एक छेऊमा बसी यसरी गरिन्– "भन्ते भगवन् ! आयु अनुसार भिन्न-भिन्न समूहका उपासिकाहरूले अलग लक्ष लिई आजको उपोसथ ब्रत पालन गरेका रहेछन् । ती मध्ये ढल्केका एक समूहले **दिब्य सम्पत्तिको प्रार्थना** गरी उपोसथ ब्रत पालन छन् भने अर्को समूहका अर्ध बैंसे महिलाहरूले **कामभोगबाट अलग रहनको** उपोसथ ब्रत पालन गरे । तरुणीहरूले **पहिलो सन्तान छोरो** पाउने प्रार्थना पोसथ ब्रत पालन गरे भने कुमारी केटीहरूले **तरुणी अवस्थामा नै विवाह** ामनाले उपोसथ ब्रत पालन गरे ।"

यस प्रकार भिन्न-भिन्न बैंसका महिलाहरूले आ-आफ्नो इच्छानुसारको गरी उपोसथ ब्रत पालन गरेको कुरा सुन्नु भई तथागतले विशाखा ासिकालाई सम्बोधन गर्नु भई भन्नु भयो– "विशाखे ! यी सत्व प्राणीहरू जरा, व्याधि, मरण रूपी लट्ठी समाई रहने गोठालो समान हुन् । त्यस जन्मबाट बृद्धत्वमा, बृद्धत्वबाट रोगमा, रोगबाट मृत्युमा लखेटी रहेछ । हाँगालाई बञ्चरोले काटिरहे झैं **जीवितिन्द्रियलाई** काटि रहेछन् । यस्तो ा पनि **संसार चक्रबाट** मुक्त हुन प्रार्थना गर्ने कोही छैनन् । संसार चक्र ने मात्रै प्रार्थना गर्नेहरू छन् ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना ो–

Downloaded from http://www.dhamma.digital

**"यथा दण्डेन गोपालो – गावो पाजेति गोचरं ।**
**एवं जरा च मच्चूच – आयुं पाजेन्ति पागिनं ॥"**

**अर्थ–** गोठालोले लट्ठीले गाईलाई धपाउँदै गौचरणमा लगे झैं बुढापा र मृत्युले प्राणीको आयुलाई धपाउँदै लैजान्छ ।

**भावार्थ–** यस गाथामा **पाजेतीति** दक्ष, जान्ने-बुझ्ने गोठालोले खेतमा जान लागेका गाईहरूलाई लट्ठीले पिट्दै पानी र घाँस धेरै भएको ठाउँमा लैजान्छ । त्यस्तै आयुं **पाजेन्तीति जिवितिन्द्रियलाई** टुक्रा पारी क्षय गर्दछ । गोठालोले जस्तै बृद्धत्व र मृत्युले वैलगाडामा जुटेका दुइ बयलहरूलाई गौचरणमा लखेतेर लगे झैं **जिवितिन्द्रियलाई** पछ्याउँदै मृत्युको प्राप्त गर्दछ । जन्म हुनासाथ प्राणीको **जिवितिन्द्रियलाई** (जरा) बृद्धत्वमा पुऱ्याई दिन्छ, बृद्धत्वबाट रोग-व्याधिमा पुऱ्याउँछ, रोग-व्याधिवाट मृत्युमा पुऱ्याउँछ । यही मृत्यु रूपी बञ्चरोले छिन्नभिन्न गरी काटे झैं जिवितिन्द्रियलाई काट्ने भन्ने उपमा यहाँ स्पष्टसँग दर्शाएको छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्तिमार्ग-फलमा** प्रतिस्थित भए ।

'उपोसथिक महिलाहरूको कथा समाप्त' ।

Downloaded from http://www.dhamma.digital

# १०.६. अजिंगर प्रेतको कथा

## १०.६. (पापी आफ्नै कर्मबाट अनुतापित हुन्छ)

१०. (१३६) "अथ पापानि कम्मानि – करं बालो न बुज्झति ।
सेहि कम्मेहि दुम्मेधो – अग्गि दड्ढो'व तप्पति" ॥८॥

एक समय भगवान् बुद्ध राजगृह नगरको वेलुवनाराममा विहार गरिरहनु भएको त्यस बेला तथागतले यो गाथा अजिंगर प्रेतको कारणमा आज्ञा गर्नु भएको

एक समय महामौद्गल्यायन स्थविर लक्षण स्थविरसँग गृद्धकूट पर्वतबाट ःहनु भएको थियो । त्यस बेला महामौद्गल्यायन स्थविरले आफ्नो दिव्य ाट त्यहाँ पच्चीस योजन लामो एउटा अजिंगर प्रेतलाई देख्नु भयो ।

त्यस प्रेतको टाउकोबाट निस्केको आगोको ज्वाला त्यसको पुच्छरसम्म ' थियो । फेरि पुच्छरबाट निस्केको आगोको ज्वाला त्यसको टाउकोसम्म ' थियो । यसरी दुबै तिरबाट निस्केको आगोको ज्वाला बीच भागमा हन्थ्यो ।

त्यस्तो दृश्य देखी महामौद्गल्यायन स्थविर मुसुक हाँस्नु भयो । लक्षण ले तुरुन्तै त्यसको कारण सोध्यो ।

महामौद्गल्यायन स्थविरले भन्नुभयो– "आयुष्मान ! अहिले यस प्रश्नको दिने समय होइन । तिमीले यो प्रश्न तथागत समक्ष राख्नु ।"

त्यसपछि उहाँहरू दुबैजना राजगृह नगरमा भिक्षाटन जानु भई भोजन तू तथागत कहाँ जानु भयो । तथागतलाई सादर वन्दना गरी लक्षण स्थविरले ाद्गल्यायन स्थविरसँग मुसुक हाँस्नु भएको कुरा सोध्नु भयो ।

उहाँले भन्नु भयो– "आयुष्मान् ! आज मैले त्यहाँ अत्यन्त ठूलो शरीर

Downloaded from http://www.dhamma.digital

भएको एउटा अजिंगर प्रेतलाई देखें। त्यो भन्दा पहिले त्यत्रो विशाल अजिंगर प्रेतलाई देखेको थिइँन। त्यस कारण म मुसुक हाँसेको हुँ।

महामौद्‌गल्यायन स्थविरको कुरा सुन्नु भई भगवान बुद्धले अरू भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! मेरो **श्रावक**हरूमा यस्तो भयानक प्रेतलाई देख्न सक्ने शक्ति हुनु राम्रो कुरा हो। मैले पनि **बोधिमण्डप**मा बस्दा त्यही अजिंगर प्रेतलाई देखेको थिएँ। तर अहिलेसम्म कसैलाई भनेको थिइँन। अहिले मौद्‌गल्यायनलाई साक्षी राखी भन्दैछु।"

भिक्षुहरूले त्यस अजिंगर प्रेतको पूर्वजन्मको कुरा सुन्नको लागि सादर बिन्ति गरे।

भगवान बुद्धले भन्नु भयो– "**काश्यप तथागत**को समयमा **सुमङ्गल** भन्ने एक जना महाजनले बीस **उसभ** जमिनमा सुवर्ण ईटा विछ्याएर त्यत्ति नै धन खर्च गरी तथागतलाई विहार बनाई दियो। फेरि विहार बनाउँदा जति खर्च भएको हो त्यत्ति नै खर्च गरी विहार उद्‌घाटन गरी दान प्रदान गऱ्यो।

एक दिन त्यो महाजन विहान सबेरै तथागत कहाँ गइरहँदा नगरद्वारको एउटा सत्तलमा चीवरले टाउको छोपेर सुतिरहेको खुट्टामा हिलो लागेको एक जना चोरलाई देख्यो।

उनले भन्यो– "यो भिक्षु रात भरी डुलेर खुट्टामा हिलैहिलो गरी अहिलेसम्म सुतिरहेछ।"

चोरले ओड्ने पन्छ्याई हेर्दा त्यस महाजनलाई देखेर मनमनै यसो भन्यो– "तिमीलाई पख ! म तिमीलाई के गर्छु।"

महाजनले त्यति भनेको ईखमा त्यस चोरले सात पटकसम्म महाजनको खेतमा आगो लगाई दियो। सात पटकसम्म उसको बयलहरूको खुट्टा भाँचि दियो। सात पल्टसम्म उसको घरमा आगो लगाई दियो। यति गर्दा पनि त्यस चोरको रिस शान्त भएन।

Downloaded from http://www.dhamma.digital

उसले त्यस महाजनको एक जना सेवकसँग मित लगायो । ऊबाट
ानको सबैभन्दा मन पर्ने बस्तु **तथागतको गन्धकुटी** भनी थाहा पायो । अनि
चोरले मौका छोपी तथागतको गन्धकुटीमा आगो लगाई भष्म पारी दियो ।

तथागतको गन्धकुटी आगोले नष्ट भए पनि कत्ति पनि चित्त नदुखाइकन
महाजनले पहिले भन्दा धेरै धन खर्च गरी नयाँ गन्धकुटी बनाएर काश्यप
ातलाई सहर्ष प्रदान गऱ्यो । महाजनको त्यस्तो कार्य देखेर त्यस चोरलाई
य भयो । 'यस महाजनलाई नमारी छोड्दिन' भनी त्यस चोर खुकुरी
ा लुकाएर सात दिनसम्म विहारको आसपासमा घुमिरह्यो । तैपनि त्यस
ानलाई मार्ने मौका पाउन सकेन ।

महाजनले सात दिनसम्म काश्यप भगवान बुद्ध सहित भिक्षु महासंघलाई
ा दान गरिसकेपछि तथागतलाई सादर वन्दना गरी यसरी बिन्ति गऱ्यो–
' भगवन् ! एक जना मानिसले सात पटकसम्म मेरो खेतमा आगो लगाई
सात पटक सम्म बयलहरूको खुट्टा काटी दियो; सात बार मेरो घरमा आगो
; दियो; शायद तथागतको गन्धकुटीमा आगो लगाई दिने मानिस पनि त्यही
ार्छ । मैले दान गरेको यस पुण्यको आनिशंस सबभन्दा पहिले उसैलाई
स् ।"

महाजनले त्यसरी तथागतसँग बिन्ति गरेको कुरा सबै त्यस चोरले
हेको थियो । चोरले विचार गऱ्यो– "मैले ठूलो अपराध गरें । यस महाजनलाई
ास्तो विधि सताउँदा पनि म देखी ऊ कत्ति पनि रिसाएन । झन उल्टो
 गरेको महादानको पुण्य पहिले मलाई नै प्रदान गऱ्यो । यस्तो सज्जन
सँग मैले तुरन्तै क्षमा माग्न सकिन भने मेरो टाउकोमा **देव-दण्ड** लाग्नेछ ।"

यसरी विचार गरिसकेपछि त्यस चोरले महाजनको पाउमा ढोगी आफ्नो
ा कुकृत्यको बयान गर्दै क्षमा माग्यो । महाजनले उसको कुरा सबै
केपछि उसलाई क्षमा गरी दियो । अनि आफूले उसलाई भनेको कुरामा
ाहाजनले ऊसँग क्षमा माग्यो ।

Downloaded from http://www.dhamma.digital

त्यो चोर त्यहाँबाट मृत्यु भई महान अपराध गरेको कारणबाट अ
**महानरकमा** पतन भयो। नरकमा धेरै समयसम्म दुःख भोग गरेर पनि बाँकी
विपाक भोग गर्न गृद्धकूट पर्वतमा **अजिंगर प्रेत** भई अहिले दुःख-कष्ट भोग गर्
छ।"

यसरी तथागतले अजिंगर प्रेतको पूर्व जन्मको कुरा वर्णन गर्
भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! मूर्खहरूले पाप
गर्दा 'मैले पाप कर्म गर्दैछु' भनी सम्झन्दैन। पछि त्यही पाप कर्मको विप
डाह भएर आउँदा आफूले लगाएको आगोले आफूलाई नै पोलेको समान ह्

**यसै सन्दर्भमा** तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-दे
गर्नु भयो–

**"अथ पापानि कम्मानि – करं बालो न बुज्झति ॥**
**सेहि कम्मेहि दुम्मेधो – अग्गि दड्ढो'व तप्पति ॥"**

**अर्थ–** मूर्खले पाप गर्दा आफूलाई दुःख हुन्छ भन्ने थाहा हुँदैन।
**आफूले** गरेको कर्मको फल भोग्नु पर्दा आगोले पोले झैं पोलेको सहनु पर्ने ह्

**भावार्थ–** यस गाथामा **अथ पापानि** भनेको वालो = बाल मूर्खले रिसको आ
पाप कर्म मात्रै गर्ने होइन कि 'आफूले पाप कर्म गरेछु' भनी न **बुज्झती** सम्झिन
**नसक्ने** हुन्छ। 'यस्तो कर्म गर्दा यस्तो विपाक भोग गर्नु पर्दछ' भन्ने कुरा सम्झन,
**नसक्नु'** भन्ने यसको अर्थ हो। **सेही ति** = आफ्नो **कम्मेहि दुम्मेधो** = दुष्ट, दुर्बुद्धि
कर्मले नरकमा पतन भई आफूले सल्काएको आगोले आफूलाई पोली संतप्त भई
पर्ने हुन्छ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरूले स्रोत
**मार्ग-फल** आदि प्राप्त गर्न सफल भए।

'अजिंगर प्रेतको कथा समाप्त'।

Downloaded from http://www.dhamma.digital

# १०.७. महामौद्गल्यायन स्थविरको कथा

## ०.७. (निर्दोषीलाई दोष दिंदा दुःख-कष्ट भोग गर्नु पर्दछ)

१०. (१३७) "यो दण्डेन अदण्डेसु – अप्पदुट्ठेसु दुस्सति ।
दसन्न 'मञ्ञतरं ठानं – खिप्पमे'व निगच्छति" ॥९॥

१०. (१३८) "वेदनं फरुसं जानिं – सरीरस्स च[1] भेदनं ।
गरुकं वापि आबाधं – चित्तक्खेपं'व पापुणे" ॥१०॥

१०. (१३९) "राजतो वा उपसग्गं – अब्भक्खानं'व दारुणं ।
परिक्खयं व ञातीनं – भोगानं'व पभङ्गुरं" ॥११॥

१०. (१४०) "अथ वस्स[2] अगारानि – अग्गि डहति पावको ।
कायस्स भेदा दुप्पञ्ञो – निरयं सो'पपज्जति" ॥१२॥

एक समय **भगवान बुद्ध राजगृह** नगरको **वेलुवनाराममा** विहार गरिरहनु भएको ।। त्यस बेला यो गाथा **महामौद्गल्यायन स्थविर**को कारणमा आज्ञा गर्नु भएको

एक समय राजगृहमा सबै **तीर्थङ्कर संन्यासी**हरू एक ठाउँमा भेला भएर ो सल्लाह गरे– "साथीहरू ! यहाँहरूलाई थाहा भएकै कुरा हो, कि **श्रमण** मको यस्तो विधि लाभ सत्कार प्राप्त भएको मूल कारण उहाँको **दुतीय** ावक **महामौद्गल्यायन स्थविर** हो । किनभने उहाँ आफ्नो ऋद्धि शक्तिद्वारा ै **दिव्य-लोकमा** जानु भई 'यस्तो-यस्तो पुण्य कार्य गऱ्यो भने **दिव्य-सुख** त्त प्राप्त हुन्छ' भन्ने कुरा मनुष्य-लोकमा आई भन्ने गर्नु हुन्थ्यो। फेरि नरक-गई 'कस्तो-कस्तो पाप कर्म गऱ्यो भने नारकीय दुःख भोग गर्नु पर्छ' भन्ने मनुष्य-लोकमा आई मानिसहरूलाई भन्ने गर्थ्यो । उहाँको कुरा सुनेर सहरूले पाप कर्म छोडी पुण्य कर्म गर्थ्यो । दान-प्रदान गर्थ्यो, जसबाट

, २. वास्स ।

Downloaded from http://www.dhamma.digital

श्रमण गौतमलाई अत्याधिक लाभ-सत्कार प्राप्त भई रह्यो। महामौद्ग
स्थविर एक जनालाई मार्न लगाउन पाए श्रमण गौतमको लाभ-सत्कार हा
प्राप्त हुनेछ।"

यी कुरामा तिनीहरू सबै सहमत भएपछि एक जमात डाँकाहरूल
हजार रूपियाँ दिई कालशिला भन्ने ठाउँमा बस्नु भएको महामौद्ग
स्थविर कहाँ पठाए।

धनको लोभमा डाँकाहरू त्यहाँ गई स्थविर बस्नु भएको ठाउँमा च
घेरा लगाए। यो कुरो थाहा पाई स्थविर खापाको प्वालबाट भागेर जानु

अर्को दिनमा फेरि डाँकाहरू त्यहाँ पुगी स्थविर बस्नु भएको ठा
थाले। त्यस दिन पनि स्थविर आफू बसेको निवासको छाना प्वाल पारी 
मार्गबाट भाग्नु भयो।

यसरी दुइ पटकसम्म डाँकाहरूले स्थविरलाई भेट्टाउन सकेनन्।

तेस्रो पटक तिनीहरू त्यहाँ गई घेरा हाल्न गए। त्यो दिन स्थविर
पूर्व जन्मको अकुशल कर्म विपाक भोग गर्नु पर्ने थाहा पाई त्यहीं बस्नु
डाँकाहरूले उहाँलाई भेट्टाएर कुट्नसम्म कुटेर 'अब त मरी सक्यो होल
ठानेर त्यहीं छोडेर गए।

स्थविरले भगवान बुद्ध दर्शन गरेर मात्रै परिनिर्वाण हुने विचार गर
टुक्रा भएको आफ्नो शरीरलाई ऋद्धि शक्तिद्वारा जोडेर तयार पारी तथाग
जानु भयो। तथागतलाई सादर वन्दना गर्नु भई यसरी विन्ति गर्नु भयो-
भगवन्! मेरो परिनिर्वाण हुने समय भयो। म कालशिला प्रदेशमा गई परि
हुनेछु।"

तथागतले उहाँको निवेदनलाई स्वीकार गर्नु भई भन्नु भयो- "मौद्गल
अव मलाई तिमी जस्तो शिष्य पाउनु दुर्लभ हुनेछ। तिमीसँग भएको ऋद्धि
दर्शाएर धर्मदेशना गरेर जानु।"

Downloaded from http://www.dhamma.digital

भगवान बुद्धको वचनलाई सादर स्वीकार गर्नु भई महामौद्गल्यायन त्र आकाशमा गई अनेक प्रकारको **ऋद्धि प्रातिहार्य** दर्शाउनु भई धर्मदेशना भयो। त्यसपछि तथागतलाई सादर वन्दना गरी उहाँ **कालशिला प्रदेशमा** गई नेर्वाण हुनु भयो।

यतातिर 'डाँकाहरूले महामौद्गल्यायन स्थविरलाई कुटेर माऱ्यो' भन्ने ा सबैतिर फैलियो। **राजा अजातशत्रुले** ती डाँकाहरू खोज्न चारै तिर सहरू पठायो।

एक ठाउँमा ती डाँकाहरू रक्सी खाई मात्तिएर स्थविरलाई कुटेर मारेको एकले अर्कोलाई दोषारोपण गर्दै हल्ला मचाइरहेको थियो। जासुसहरूले हरू सबैलाई समातेर ल्याई राजालाई बुझाई दिए।

राजाले तिनीहरूलाई बोलाएर भन्यो– "तिमीहरूले स्थविरलाई कुटेर को हो ? यो काम तिमीहरूलाई कसले गरायो ?"

डाँकाहरूले बिन्ति गरे– "महाराज ! स्थविरलाई हामीले मारेका हौं। यो पाँच सय नाङ्गा साधुहरूले हामीलाई पैसा दिएर गराएका हुन्।"

राजाले ती सबै नाङ्गा साधुहरूलाई समात्न लगाई ती डाँकाहरू सँगै राखी दण्डको सजाय दियो।

एक दिन भिक्षुहरूको धर्म सभामा महामौद्गल्यायन स्थविर परिनिर्वाण भएको विषयमा चर्चा भइरहेको थियो। त्यसै बेला भगवान बुद्ध त्यहाँ ुग्नु भई प्रश्न गर्नु भयो।

भिक्षुहरूले बिन्ति गरे– "भन्ते भगवन् ! महामौद्गल्यायन स्थविर हरूद्वारा कुटेर मारिनु उहाँको लागि अयोग्य जस्तो सम्झेर हामी यसै मा चर्चा गरिरहेका थियौं।"

तथागतले तिनीहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! । पूर्व जन्मको कर्म अनुसार नै मौद्गल्यायनको मृत्यु भएको हो।"

Downloaded from http://www.dhamma.digital

उहाँका पूर्व कर्मको विषयमा सविस्तर वर्णन गरी दिनु हुन तथागतसँग तिनीहरूले सादर बिन्ति गरे ।

भगवान बुद्धले भन्नु भयो– "अतीत समयमा **वाराणसीमा** एक जना **कुलपुत्र** थियो । उसको माता-पिता दुबै अन्धा थिए । उसले ती दुबैको सेवा-टहल गर्थ्यो । घर-खेतको सम्पूर्ण काम धन्दा पनि ऊ एक्लैले गर्नु पर्थ्यो ।

एक दिन उसलाई उसको माता-पिताले भने– "छोरा ! हामीलाई सेवा-टहल पनि तिमी आफैले गर्नु पर्छ । घर-खेतको काम पनि तिमी एक्लैले गर्नु पर्छ । तिमीलाई साह्रै गाह्रो भयो । तिमीलाई एउटी केटी बिहे गरी दिन्छु ।"

छोराले भन्यो– "मलाई यत्तिकै ठीक छ । तपाईहरू बाँचुन्जेल म आफ्नै हातले तपाईहरूको सेवा-टहल गर्न चाहन्छु ।"

ऊ नमाने पनि उसलाई एउटी केटी ल्याइ दिए । दुइ चार दिन तिनले सासू-ससुरालाई सेवा गरिन् । त्यसपछि बुढा-बुढी देखी तिनी दिक्क भईन् । तिनीहरूसँग छुट्टै बस्न तिनले लोग्नेलाई कचकच गर्न थालिन् । लोग्नेले तिनको कुरा नसुनेपछि तिनले घरमा अनेक प्रकारको काण्ड मचाउन थालिन् । दोष सबै सासू-ससुरालाई लगाउने गर्थिन् । स्वास्नीको कुरामा विश्वास गरी पछि उसले आफ्नो अन्धा आमा-बाबुलाई मार्ने उपाय गऱ्यो ।

उसले 'ती दुबै आमा-बाबुलाई गाउँका आफन्तहरू कहाँ जाने' भनी फकाई गाडामा राखेर लग्यो । जङ्गलको बीचमा पुगेपछि 'यहाँ डाँकाहरू छन्' भनी आफैले अनेक बनावटी आवाजहरू निकाली उनीहरू दुबैलाई तर्सायो । ती दुबैले साँचिकै डाँकाहरू आएको भनी ठानेर भन्यो– "छोरा ! हामी बुढा-बुढी मरे पनि तिमी बाँच्ने कोशिश गर ।"

यत्तिकैमा उसले डाँकाहरू अगाडि आइपुगेको जस्तो आवाज निकाली दुबैलाई कुटेर मारेर घर फर्क्यो ।"

यसरी तथागतले महामौद्गल्यायन स्थविरको पूर्व कर्मको वर्णन गर्नु हुँदै

Downloaded from http://www.dhamma.digital

भयो– "भिक्षुहरू ! मौद्‌ गल्यायनले यस्तो पाप कर्म गरेको कारणले हजारौं म्म नरक भोग गर्नु पऱ्यो । तैपनि उसको कर्म विपाक सकिएन । बाँकी रहेको वेपाक भोग गर्न एक सय जन्मसम्म यसरी नै हाड टुक्रा-टुक्रा हुने गरी ा गरियो ।"

यस प्रकार मौद्‌गल्यायन आफूले गरेर आएको कर्म अनुसार नै मरण हुनु हो । त्यस्तै डाँकाहरू र पाँच सय तीर्थङ्कर नाङ्गा साधुहरू पनि निर्दोषीलाई ाव गरेको कारणले मृत्यु हुनु पऱ्यो ।

यस प्रकार दोष नभएकाहरूलाई दोष दिइएमा यी दस प्रकारका दुःख भोग गर्नु पर्ने हुन्छ ।

यसै सन्दर्भमा तथागतले यी गाथाहरू प्रकाशमा ल्याउनु भई धर्म-देशना ायो–

**"यो दण्डेन अदण्डेसु – अप्पदुट्ठेसु दुस्सति ।**
**दसन्न 'मञ्ञतरं ठानं – खिप्पमे'व निगच्छति ॥"**

**"वेदनं फरुसं जानिं – सरीरस्स च भेदनं ।**
**गरुकं वापि आबाधं – चित्तक्खेपं'व पापुणे ॥"**

**"राजतो वा उपसग्गं – अब्भक्खानं'व दारुणं ।**
**परिक्खयं व ञातीनं – भोगानं'व पभङ्गुरं ॥"**

**"अथ वस्स अगारानि – अग्गि डहति पावको ।**
**कायस्स भेदा दुप्पञ्ञो – निरयं सो'पपज्जति ॥"**

**अर्थ–** जसले दण्ड दिन नहुनेलाई दण्ड दिन्छ; दोष नभएकोलाई दोष दिन्छ; ई तुरन्तै यी दश प्रकारका दुःख मध्ये कुनै एक प्रकारको दुःख आइपर्छ–

(१) टाउको दुख्ने आदि असह्य वेदना हुन्छ ।

(२) अङ्गभङ्ग हुन्छ ।

(३) डरलाग्दो रोग लाग्छ ।

Downloaded from http://www.dhamma.digital

(४) पागल हुन्छ ।

(५) राजदण्ड आदिको भय हुन्छ ।

(६) ठूलो निन्दा हुन्छ ।

(७) ज्ञाति-बन्धुहरू विनाश हुन्छन् ।

(८) आफ्नो भएको धन विनाश हुन्छ ।

(९) आफूले भोग गर्ने वस्तु विनाश हुन्छ र

(१०) घरमा आगलागी हुन्छ तथा मृत्युपछि नरकमा पतन हुन्छ ।

**भावार्थ–** यी गाथाहरूमा **अदण्डेसु** भनेको काय दण्ड आदिबाट रहित हुनु भएका **आस्रव क्षीण** भएको पुद्गलहरू **अप्पदुट्ठेसु** = अरूसँग र आफूसँग कुनै अपराध नभएकाहरू । **अञ्ञतरं ठानं** = दुःख हुने दस कारण मध्ये एक न एक कारण । **वेदन**= टाउको दुख्ने रोग आदि असह्य वेदना–कष्ट । **जानि** = दुःख भोग गर्नेले अनुभव गर्ने । **भेदनं** = हात काटने आदि शरीर भेदन हुने । **गरुकं** = पक्षघात, कानो हुने, साँप हिंडे जस्तै घिस्रेर हिड्नु पर्ने रोग, हात-खुट्टा नभइकन बस्नु पर्ने रोग, कुष्ट-महारोग आदि ठूल-ठूलो रोग लागि बस्नु पर्ने । **चित्तक्खेपं** = पागल भएर बस्नु पर्ने । **उप्पसग्गं** = यश, ऐश्वर्य नभइकन बस्ने, सेनापति आदि पद राजाले खोसेर लिने । **अब्भक्खानं** = पहिले कहिल्यै नदेखेको, नसुनेको, चिन्तन नगरेको गाह्रो प्वाल पार्ने आदि काम अथवा राज अपराधि हुने कुनै काम गरेको छ भनी यस्तो भयंकर निन्दा-अपहास गराएर बस्नु पर्ने । **परिक्खयं व ञातीनं** = आफूलाई आश्रय दिन समर्थ भएका आफन्तजनहरू विनाश भएर जाने । **पभङ्गुरं** = नाश भएर जाने, कुहेर जाने, व्यक्तिको घरको धान कुहेर जाने, सुन-चाँदी आदि गोल (कोइला) भएर जाने, मोति कपास भएर जाने, रूपियाँ माटोको टुक्रा भएर जाने, दुइ खुट्टे-चार खुट्टे पशुपंछि कानो लंगडो भएर जाने । **रूगि दहति** = एक रात भित्रै अरूले दुइ, तीन पटक आगो लगाई दिने, अरूले आगो नलगाई दिए पनि बिजुली चम्केर अग्निले भष्म गरी दिने, आपसे आप आगो लागेर नष्ट भएर जाने । **निरयं** = यसै जन्ममा यी दस कारण मध्ये एक न एक कारणबाट निश्चितरूपले परलोक भई दुःख-कष्ट भोग गर्नु पर्ने भएको कुरा दर्शाउनको लागि **निरयं सो पपज्जति** भनी भनिएको हो ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'महामौद्गल्यायन स्थविरको कथा समाप्त' ।

Downloaded from http://www.dhamma.digital

## १०.८. धेरै सामान भएको भिक्षुको कथा

### १०.८. (सन्देह युक्त व्यक्ति शुद्ध हुन सक्तैन)

**१०. (१४१) "न नग्गचरिया न जटा न पङ्का,**
**नानासका थण्डिलसायिका वा।**
**रजो व जल्लं' उक्कुटिकप्पधानं,**
**सोधेन्ति मच्च अवितिण्ण कङ्ख" ॥१३॥**

एक समय **भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा** विहार गरिरहनु भएको । त्यस बेला तथागतले यो गाथा धेरै सामान भएको एक जना **बहुभण्डिक** को कारणमा आज्ञा गर्नु भएको हो ।

श्रावस्ती नगरमा एक जना **कुटुम्बिक** बस्दथ्यो । उसको श्रीमतीको भएपछि उसलाई घर बस्न विरक्त लाग्यो । उसलाई भिक्षु बन्न मन लाग्यो ।

भिक्षु हुनु भन्दा पहिले उसले आफ्नो लागि भान्छा र भण्डार सहितको बनाउन लगायो । घ्यु, मह, तेल आदि आफूलाई चाहिने सामान भरीपूर्ण केपछि मात्रै ऊ **प्रव्रजित** हुन गयो ।

भिक्षु भइसकेपछि आफ्नो नोकर चाकरहरू बोलाउन पठाई आफूलाई र्ने खाना बनाउन लगाई खान्थ्यो । उनीसँग चीवर वस्त्रहरू पनि प्रशस्त । विहान एक चीवर लगाए दिउँसो अर्कै चीवर लगाउँथ्यो ।

एक दिन उनले चीवर ओड्ने-ओछ्याउने आदि थुप्रै सामान घाममा रहेको थियो । त्यस दिन **सेनासन चारिकामा** आउने भिक्षुहरूले ती नहरू देखेर 'यी चीज-वस्तुहरू कसका हुन्' भनी ऊ सँग सोधे । ती सबै न उसको भनी थाहा पाएपछि 'बुद्ध शासनमा प्रव्रजित भएकाहरूले तीन

Downloaded from http://www.dhamma.digital

चीवर भन्दा बढी राख्न नहुने कुरा सम्झाउँदै उसलाई साथमा लिई भगवान बुद्ध कहाँ गए ।

तिनीहरूले तथागतलाई सादर वन्दना गरी विन्ति गरे– "भन्ते भगवन् ! यस भिक्षुले धेरै सामान जम्मा गरी राखेको छ ।"

भगवान बुद्धले त्यस भिक्षुसँग प्रश्न गर्नु भयो– "भिक्षु ! तिमीले धेरै सामान जम्मा गरी राखेको कुरा साँचो हो ?"

भिक्षुले बिन्ति गऱ्यो– भन्ते भगवन् ! कुरो साँचो हो ।

भगवान बुद्धले भन्नु भयो– "भिक्षु ! 'तथागतले अल्पेक्ष हुनु पर्दछ' भनी अनुशासन उपदेश गरी राखेको थाहा पाउँदा पाउँदै पनि तिमीले धेरै सामान किन जम्मा पारेको त ?"

तथागतको यस्तो कुरा सुनी त्यस भिक्षु साह्रै रिसाएर आफैले आफ्नो चीवर फुकालेर हुत्याई दियो । **अन्तरवासक** (लुंगी) एउटा मात्रै लगाएर 'अब म यत्तिकै बस्छु' भनी मानिसहरूको बीचमा बसिरह्यो ।

भगवान बुद्धले उसलाई मैत्रीपूर्वक सम्झाउँदै भन्नु भयो– "भिक्षु ! पूर्व जन्ममा पानीमा बस्ने **जल यक्ष** भई जन्म लिंदा तिमीले १२ वर्ष सम्म लाज र भय खोजी हिंडेका होइनौं ? अहिले यस्तो गौरवनीय बुद्ध शासनमा प्रव्रजित भएर पनि आफूले लगाई राखेको चीवर फुकालेर किन तिमी **चार परिषद्**को बीचमा आफ्नो लाज र भयलाई त्यागेर बसिरहेको ?"

तथागतको यस्तो मैत्रीपूर्ण वचन सुनी त्यस भिक्षुलाई फेरि लाज र भय उत्पन्न भयो । उसले हतर-पतर आफ्नो चीवर लगाएर तथागतलाई सादर वन्दना गरी एक छेऊमा बस्न गयो ।

त्यहाँ जम्मा भइरहेका भिक्षुहरूले त्यस भिक्षुको अतीत कथा सुनाउन सादर विन्ति गरे ।

Downloaded from http://www.dhamma.digital

तथागतले त्यस भि॰ सन्दर्भमा अतीमा घटेका घटना यसरी आज्ञा यो–

## ण्डक भिक्षुको अतीत कथा —

"अतीत समयमा **वाराणसी** नगरमा **बोधिसत्व** राजाको जेष्ठ पुत्र भई ायो। राजकुमारलाई **महिंसक कुमार** भनी नामाकरण गरियो। अर्को पुत्रको **ान्द्रकुमार** राखियो। ती दुबै राजकुमारहरू सानो छँदै जेठी महारानीको भयो।

राजाको कान्छी महारानीबाट अर्को पुत्रको जन्म भयो। उसको नाम **ार** राखियो। सूर्यकुमार देखी राजा अत्यन्त प्रसन्न भई कान्छी महारानीलाई ग्न हुकुम भयो। महारानीले समय भएपछि माग्ने इच्छा व्यक्त गरिन्।

सूर्यकुमार ठूलो भइसकेपछि राजासँग कान्छी महारानीले आफ्नो छोरोलाई दलाउने वर मागिन्। पहिले त राजा यस कुरामा सहमत भएन। पछि ा ज्यादा ढीपिले गर्दा राजाले आफ्ना जेष्ठ सुपुत्रहरू महिंसक कुमार र चन्द्र दुबैलाई सम्बोधन गरी यसो भन्यो– "प्रिय पुत्रहरू! सूर्यकुमार जन्म हुँदा ान्छी महारानीलाई 'एउटा वरदान दिन्छु' भनी वचन दिएको थिएँ। अहिले सूर्यकुमारको लागि राज्य मागिन्। म वचनबद्ध छु। त्यसकारण अहिले रू दुबै जङ्गलमा गएर बस्नु। मेरो मृत्यु भइसकेपछि तिमीहरू यहाँ आई ार्नु।"

राजाको वचनलाई शिरोपर गरी दुबै राजकुमारहरूले आफ्ना बुबाज्यूलाई गरी दरवारबाट तल ओर्ले। राज-प्राङ्गणमा खेलिरहेको सूर्यकुमारले दुबै रूलाई देखी सबै कारण थाहा पाई उनी पनि तिनीहरू कै पछि लाग्यो।

तीनै जना राजकुमारहरू हिमालय पर्वततिर गइरहेका थिए। जङ्गलको ाटोमा पुग्दा महिंसक कुमारलाई पानीको प्यास लाग्यो। उनी बाटोको

Downloaded from http://www.dhamma.digital

छेऊमा एउटा रुख मुनि बसी पिउने पानी लिएर आउन भाइ सूर्यकुमारलाई काम अह्रायो।

सूर्यकुमार त्यहाँबाट केही टाढा एउटा तलाऊ देखेर पानी लिन गयो। त्यो तलाऊ वैश्रवण देवराज कहाँ बस्ने एक जना पानीमा बस्ने जल यक्षले बकस लिई राखेको थियो। वैश्रवण देवराजको अनुमति अनुसार त्यस यक्षले तलाऊमा ओर्लनेहरू मध्ये देवधर्म जान्ने जतिलाई छोडेर अरू जो सुकैलाई पनि खान पाउँथ्यो।

त्यस बेला देखि त्यस यक्षले तलाऊमा ओर्लने जतिलाई देवधर्म के भनी सोध्ने गर्थ्यो। सही जवाफ दिन सकेन भने त्यसलाई खाई दिन्थ्यो।

सूर्यकुमारलाई यो कुरो थाहा थिएन। ऊ पानी लिन तलाऊमा ओर्ल्यो। जल यक्षले त्यसलाई समातेर 'देवधर्म के' भनी सोध्यो।

सूर्यकुमारले भन्यो– "चन्द्रसूर्यलाई देवधर्म भनिन्छ।"

'तिमीलाई देवधर्म थाहा रहेनछ' भनी त्यस जल यक्षले उसलाई समातेर पानी भित्र आफ्नो भवनमा लगी थुनेर राख्यो। बोधिसत्व महिंसक कुमारले कान्छो भाइ बेरसम्म पनि नआएकोले चन्द्रकुमारलाई हेर्न पठायो।

जल यक्षले ऊ सँग सोध्यो– "देवधर्म भनेको के ?"

चन्द्रकुमारले जवाफ दियो– "चार दिशालाई देवधर्म भनिन्छ।"

जल यक्षले त्यसलाई पनि समातेर पानी भित्रको भवनमा थुनेर राख्यो।

धेरै बेरसम्म पनि दुबै भाइ फर्केर नआए पछि 'अवश्य त्यहाँ केही बाधा अड्चन हुनुपर्छ' भनी विचार गरी बोधिसत्व आफै गएर हेर्दा तलाऊमा भाइहरूको पाइतलाको चिन्ह देख्यो। 'यो तलाऊ कुनै यक्षहरूको हुनुपर्छ' भनी विचार गरी कमरमा खड्ग बाँधी हातमा धनुष बाण लिई उभिरह्यो। यो दृश्य देखी त्यस जल यक्ष जङ्गलमा दाउरा खोज्न जाने मनुष्यको भेष लिई बोधिसत्व महिंसक

Downloaded from http://www.dhamma.digital

ाई यसरी भन्यो– "हे पुरुष ! तिमी हिंडेर थाकेको जस्तो छ। जाऊ, त्यस ा ओर्लेर नुवाई-धुवाई गरी पानी पिउनु, कमल-पुष्पका डाँठ खानु।"

अवश्य पनि यो जल यक्ष हो भनी थाहा पाई बोधिसत्वले भन्यो– मेरो दुइ जना भाईहरूलाई किन समाति राखेको ? त्यसको कारण के

जल यक्षले जवाफ दियो– "यस तलाऊमा ओर्लने तर देवधर्म नजान्ने ई समातेर खाने मेरो हक छ।"

बोधिसत्व महिंसक कुमारले भन्यो– "तिमीलाई देवधर्मको आवश्यकता ा र ? म तिमीलाई देवधर्मको उपदेश दिन्छु। तर अहिले म साह्रै थाकेको

जल यक्षले उनलाई नुहाई-धुवाई गराई पानी पिउन दियो। त्यसपछि ा लगाई अलंकारले सजिएको मण्डपको बीच भागको धर्मासनमा । जल यक्ष बोधिसत्वको पाउ निर होचो आसनमा श्रद्धापूर्वक देवधर्म सरह्यो।

त्यसपछि बोधिसत्व महिंसक कुमारले निम्न गाथाद्वारा देवधर्म प्रकाशमा

"हिरिओत्तप सम्पन्ना, सुक्कधम्मसमाहिता।
सन्तो सप्पुरिसा लोके, देवधम्माति वुच्चरे"ति ॥

– (जातक १.१.६)

**अर्थ–** 'लाज र भयले संयुक्त भएको, शुक्ल सत्-धर्मको आचरण गर्ने, ात्पुरुष व्यक्तिलाई यस लोकमा देवधर्म पालन गर्ने' भनी भनिन्छ।

यस्तो देवधर्म सुनी जल यक्ष साह्रै प्रसन्न भई बोधिसत्वको दुइ भाइ मध्ये ालाई छोडी दिन तयार भयो। बोधिसत्वले कान्छो भाइलाई छोड्न आग्रह

Downloaded from http://www.dhamma.digital

जल यक्षले भन्यो– "हे पण्डित ! तपाईंले देवधर्म जानेको मात्रै र त्यसलाई पालन गर्न नजानेको रहेछ। किनभने तपाईंले जेठो भाइलाई छो कान्छो भाइलाई माग्नु भयो। त्यसकारण तपाईंलाई जेष्ठको आदर गर्न नआ रहेछ।"

बोधिसत्वले भन्यो– "हे यक्षराज ! मलाई देवधर्म थाहा भए झैं त्यसलाई राम्रोसँग पालन गरिरहेको छु। हामी त्यही कान्छो भाईको कार यस जङ्गलमा आइ बस्नु परेको हो। त्यही भाइ सूर्यकुमारको आमाले उसको ल हाम्रा बुवाज्यू महाराजसँग राज्य मागिन्। महाराजले उसलाई राज्य दिई ह सुरक्षाको लागि हामीलाई जङ्गलमा जान अनुमति दिनु भयो।

पछि हामी राज्यमा फर्केर जाँदा सूर्यकुमारलाई साथमा लिएर सकेन भने हामीलाई नगरबासीहरूले निन्दा गर्ने छन्। उसलाई जल य समातेर खायो भने पनि कोही पत्याउँदैनन्। राज्यको लोभले 'हामीले उस मारेर जङ्गलमा फ्याकेर आयो' भनी दोष लगाउने छन्। त्यही निन्दा-उपहार भयले त्रशित भई मैले कान्छो भाईलाई पहिले मागेको हुँ।"

बोधिसत्वको यस्तो कुरा सुनी यक्षराज साह्रै खुशी भई 'साधु ! सा भनी साधुकार दिँदै भन्यो– "पण्डित ! तपाईंले साँचिकै देवधर्म जानेको र पालन पनि गर्नु भएको रहेछ।"

त्यसपछि यक्षराजले दुबै भाइहरू बोधिसत्व महिंसक कुमारको हा सुम्पि दियो। बोधिसत्वले पनि उसलाई यक्ष भएर बस्न दोष देखाई पञ्चशी प्रतिष्ठित गरायो। अनि तीनै जना दाजु भाइ त्यही यक्षराजको संरक्ष जङ्गलमा बसि दिन बिताउन थाले।

राजाको निधन भएपछि यक्षराजलाई साथमा लिई महिंसक कुमार भाइ सहित वाराणसी नगरमा फर्केर गयो। राज्यको भार सबै आफूलाई सु दिएपछि चन्द्रकुमारलाई युवराज र सूर्यकुमारलाई सेनापतिको पद दियो। यक्षरा

Downloaded from http://www.dhamma.digital

रमणीय स्थानमा एउटा **देवालय** बनाउन दिई उसलाई लाभ सत्कार प्राप्त व्यवस्था मिलाई दियो ।"

यसरी तथागतले अतीत घटनाको कुरा सविस्तर उल्लेख गर्नु भई भन्नु ।– "त्यस बेलाको जल यक्ष अथवा यक्षराज अहिलेको **बहुभण्डिक भिक्षु** ात् धेरै सामान भएको भिक्षु हो ।"

त्यस पछि तथागतले भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– क्षुहरू ! यस प्रकार पहिले देवधर्म खोजेर हिड्ने यक्षराज लाज र भयबाट क्त भएको थियो । अहिले यस भिक्षुले **चार परिषद्**को बीचमा बसी तथागत क्ष 'म अल्पेक्ष हुँ' भनी यस प्रकारको व्यवहार गरी देखाउनु ठीक छैन । ले लगाई राखेको चीवर फुकालेर फ्याक्दैमा कोही **श्रमण** बन्दैन ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना भयो–

> **"न नग्गचरिया न जटा न पङ्का,**
> **नानासका थण्डिलसायिका वा ।**
> **रजो व जल्लं[1] उक्कुटिकप्पधानं,**
> **सोधेन्ति मच्चं अवितिण्ण कङ्खं ॥"**

**अर्थ–** जो व्यक्तिको शङ्का निवारण भएको हुँदैन, त्यस व्यक्ति नाङ्गो बसे , जटा पाले पनि, हिलोले घसे पनि, निराहार बसे पनि, कडा जमिनमा सुते , धुलो (खरानी) ले दले पनि, भुईंमा टुकुक बसे पनि आफूलाई शुद्ध पार्न ेन ।

भावार्थ– यस गाथामा **नानासका** = खाना नखाइकन भोकै बस्ने ब्रतको अर्थमा एको छ । **थण्डिलसायिका** = ओछ्यान लगाई पलङ्ग आदिमा नसुतिकन भूईंमा सुति शीलवान र अल्पेक्ष भाव दर्शाउने । **रजोजल्लं** = शरीर भरी हिलोले घसेर लुगा

Downloaded from http://www.dhamma.digital

नलगाई नाङ्गै वसी आफ्नो अल्पेक्ष भाव दर्शाउने । उकुटिकप्पधानं = तुचुक वसेर तपस्या गर्ने । यसरी भनिएको छ– जो व्यक्तिले यस किसिमको 'यो संसारको महाभयवाट मुक्त हुनको लागि संख्यात शुद्धिमा पुग्छु' भनी यी नाङ्गै वस्ने आदि आचरण गरी व्रत बस्दछ, त्यसो गर्ने ब्यक्तिले केवल मिथ्याभावको तपश्चर्या मात्र दर्शाउँछ र त्यसो गर्नाले आफ्नो शरीरलाई दु:ख-कष्ट दिने काम मात्रै हुन्छ । त्यसबाट उसलाई अरू केही लाभ हुँदैन ।

माथि उल्लेख गरिएको नक्कली व्रतहरू राम्रोसँग पालन गरिएकाहरू अष्ठ वस्तुक शङ्काबाट मुक्त नभएको कारणले तिनीहरू शुद्ध पवित्र हुन नसक्ने हुन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू स्रोतापत्ति आदि मार्ग-फल प्राप्त गर्नमा सफल भए ।

Dhamma.Digital

'धेरै सामान भएको भिक्षुको कथा समाप्त' ।

Downloaded from http://www.dhamma.digital

# १०.९. सन्तति महामन्त्रीको कथा

## १०.९. (अलंकृत भएर पनि भिक्षु हो)

१०. (१४२) **"अलङ्कतो चेपि समं चरेय्य,**
**सन्तो दन्तो नियतो ब्रह्मचारी ।**
**सब्बेसु भूतेसु निधाय् दण्डं,**
**सो ब्राह्मणो सो समणो स भिक्खू" ॥१४॥**

एक समय **भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा** विहार गरिरहनु भएको । त्यस बेला तथागतले यो गाथा **सन्तती महामन्त्रीको** कारणमा आज्ञा गर्नु ा हो ।

एक समय **कोशल राजा प्रसेनजितको** सीमान्त प्रदेशमा झगडा भएको । त्यस समयमा **सन्तती महामन्त्री** त्यहाँ गई झगडा शान्त पारी फर्क्यो । ो बहादुरीता देखी राजा खुशी भई उसलाई सात दिनसम्म राज्य चलाउन साथै गीत गाउन र नाच्नमा दक्ष एउटी महिला पनि उसलाई बकस दियो ।

सन्तती महामन्त्री सात दिनसम्म रक्सी पिई मस्त रही सातौं दिनमा सवै ारले सिंगारिएको हात्तीमा चढेर स्नान गर्न नदीमा गइरहेको थियो । त्यस भगवान बुद्ध बाटोमा भिक्षाचरणको लागि आइरहनु भएको देखी सन्तती न्त्री हात्ती माथि नै बसेर टाउको निहुरी तथागतलाई वन्दना गरी आफ्नो लाग्यो ।

उसले त्यसो गरेको देखी भगवान बुद्ध मुसुक हाँस्नु भयो । आनन्द ले तथागत मुसुक हाँस्नु भएको कारण सोध्नु भयो ।

तथागतले त्यसको कारण स्पष्ट पार्नु हुँदै आज्ञा गर्नु भयो– "आनन्द ! ा महामन्त्री सम्पूर्ण आभरणले सुशोभित भई आज तथागत कहाँ आउनेछ । द संयुक्त भएको एउटा गाथा सुनेर उनी अरहन्त हुनेछ । ताडको वृक्ष सात

Downloaded from http://www.dhamma.digital

तह जति आकासमा गई त्यहीं उनको आजै परिनिर्वाण हुनेछ ।

तथागतले यसरी आनन्द स्थविरलाई आज्ञा गर्नु भएको अरू धेरै जनसमूहले सुनेका थिए । तिनीहरूमध्ये **मिथ्यादृष्टि** भएकाहरूले आपसमा यसरी कुराकानी गरे– "हेर्नु त, **श्रमण गौतमले** मुखमा जस्तो आयो त्यस्तै भन्ने रहेछ । आज त्यस महामन्त्री रक्सी पिएर आभूषणले अलंकृत भई श्रमण गौतम कहाँ आई धर्म-श्रवण गर्नेछ रे । अनि आजै उनी अरहन्त भई परिनिर्वाण हुनेछ रे । यदि यो कुरा झूठ हुन गएमा श्रमण गौतमलाई हामीले पक्रने मौका पाउने छौं ।"

**सम्यक-दृष्टि** भएकाहरूले आपसमा यसरी कुरा गरे– "धन्य रहेछ बुद्धहरूको महाआनुभाव ! आज हामीले भगवान बुद्धको लीला र सन्तती महामन्त्रीको भाग्य हेर्ने मौका पाउने छौं ।"

त्यस दिन सन्तती महामन्त्री नदीमा गई नुवाई धुवाई गरी दिनभरी पानीमा खेल्यो । त्यसपछि उद्यानमा रक्सी पिउने ठाउँमा बस्यो । नर्तकी पनि त्यस उद्यानको रङ्गमञ्चमा आई नाच्न र गाँउन थालिन् । सात दिनसम्म अल्प आहार लिई तिनी नाच्ने र गाँउने काममा मात्रै व्यस्त रहेकी थिइन् । त्यस दिन पनि कम आहार लिई गाँउदै नाचिरहेको बेलामा पेटमा वायु प्रकोप भई त्यहीं लडेर तुरन्तै तिनको प्राण गयो ।

यो दृश्य देखी सन्तती महामन्त्रीलाई ठूलो शोक भयो । वियोग व्यथाले आकुल व्याकुल भई उसको हृदय छिया-छिया भयो । उसले सात दिनसम्म पिई राखेको रक्सीको शुर बेस्सरी तातेको कराहीमा पानीको थोपा पर्दा सुकेर गए झैं सुकेर गयो ।

त्यही दिन साँझमा उनी थुप्रै सिपाहीं पल्टनहरूका साथ भगवान सम्यकसम्बुद्ध समक्ष पुगी तथागतलाई सादर वन्दना गरी यसरी बिन्ति गऱ्यो– "भन्ते भगवन् ! मलाई एउटी नर्तकीको वियोगले असह्य शोक भइरहेको छ । कृपया मलाई शरणमा लिनुभई तथागतले मेरो शोक-सन्ताप शान्त गरी दिनु होस् ।"

Downloaded from http://www.dhamma.digital

भगवान बुद्धले भन्नु भयो– "सन्तती महामन्त्री ! अहिले तिमी तिम्रो शोकलाई शान्त पार्न सक्ने तथागतको समक्ष आइपुगेका छौ ।"

तथागतले उसलाई फेरि सम्झाउँदै भन्नु भयो– "सन्तती ! तिम्रो अनगिन्ति जन्म-जन्मान्तरमा यस्ती स्त्रीहरू मृत्यु हुँदा तिमी रोएको आँसु जम्मा गरेर राखेको भए चार समुद्रको पानी भन्दा पनि बढी भयो होला ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"यं पुब्बे तं विसोसेहि, पच्छा ते माहु किञ्चनं ।**
**मज्झे चे नो गहेस्ससि, उपसन्तो चरिस्ससी"ति ॥**

**(सु.नि. ९५५, ११०५, चूलनि, जतुकण्णिमानवपुच्छानिद्देस ६८)**

**अर्थ–** पूर्व जन्ममा गरेर आएको पाप कर्मलाई विशुद्ध गरी सुकाएर निर्मूल पार, यसो गर्न सकेमा उसलाई सांसारिक विषयमा आसक्त नभएको भनिन्छ । अहिलेको जीवनमा पनि कुनै दुष्कर्म गर्दैन भने त्यस्तो व्यक्तिले उपशान्तमय जीवन व्यतीत गर्दछ ।

तथागतको यस धर्म देशनाको अन्तमा सन्तती महामन्त्री **अर्हन्त मार्ग-फल** प्राप्त गर्नमा सफल भयो ।

उनले आफ्नो आयु संस्कार विचार गरेर हेर्दा आयु सकिन लागेको थाहा पाई तथागतसँग बिन्ति गऱ्यो– "भन्ते भगवन् ! मेरो **परिनिर्वाण** हुने समय नजिक आइसक्यो । कृपया मलाई अनुमति दिनु होस् ।"

तथागतले विचार गर्नु भयो– "मिथ्यादृष्टि भएका व्यक्तिहरूले सन्तती महामन्त्री आजै अरहन्त भई परिनिर्वाण हुने कुरा झूठ सावित भएमा तथागतलाई पक्रने मनसाय लिएकाहरूलाई अवसर नदिन र बुद्धलीलाको माध्यमबाट सन्तती महामन्त्रीको भाग्य लीला हेर्न एकचित्त भएका **सम्यकदृष्टिक** जन-समूहलाई प्रेरणा

Downloaded from http://www.dhamma.digital

दिलाउन तथागतले उसलाई भन्नु भयो– "सन्तती ! त्यसो भए तिमी ताडको वृक्ष सात तह जति माथि आकासमा गई तिम्रो पूर्व कर्मको जानकारी दिई परिनिर्वाण हुनु ।"

सन्तती महामन्त्रीले भगवान बुद्धको वचनलाई शिरोपर गरी सादर वन्दना गरी एउटा ताडको वृक्ष जति माथि आकाशमा गई फेरि ओर्लेर तथागतलाई वन्दना गऱ्यो । एवं प्रकारले ताडको वृक्ष सात तह जति माथि आकाशमा गई त्यहीं पलैंति कसेर यसरी बिन्ति गऱ्यो– "भन्ते भगवन् ! आज भन्दा ९१ **कल्प** पहिले **विपस्सी** तथागतको समयमा **बन्धुमती नगर**को एउटा कुलमा मेरो जन्म भएको थियो । ठूलो भइसकेपछि 'अर्काको हात-खुट्टा काट्न नपर्ने, अरूलाई दुःख दिन नपर्ने काम के होला' भनी विचार गरें । **धर्म घोषणा** गर्ने काम मलाई सबभन्दा राम्रो लाग्यो । त्यस बेला देखि धर्म घोषणा गरी जनताहरूलाई पुण्य कार्यमा लगाउने काम गरें ।

**उपोसथ**को दिनमा आफूले पनि **उपोसथ ब्रत** पालन गरी दान दिने, धर्म-श्रवण गर्ने काम गरें। अरूलाई पनि 'बुद्ध-धर्म-संघ' समान अरू रत्न छैन। त्रिरत्नको सत्कार सम्मान गर' भन्दै उद्घोषण गर्दै हिड्थें। मेरो उद्घोषणको शब्द सुनेर त्यस बेलाको भगवान बुद्धका पिताज्यू **बन्धुमति महाराज**ले मलाई बोलाउन पठाउनु भई भन्नु भयो– "प्रिय पुत्र ! तिमी के भन्दै हिडिरहेको ?"

मैले बिन्ति गरें– "महाराज ! मैले त्रिरत्नको गुण वर्णन गर्दै धेरै जनताहरूलाई पुण्य कार्यमा लगाउँदै छु।"

राजाले प्रश्न गर्नु भयो– "तिमी केमा बसेर प्रचार गर्दैछौ ?"

मैले बिन्ति गरें– "महाराज ! म हिडेर नै प्रचार-प्रसार कार्यमा लागिरहेछु।"

मेरो कुरा सुनी राजाले मलाई मोतिको माला समान एउटा फूलको माला लगाएर 'घोडामा चढेर घुम्न जानु' भनी आदेश दिनु भयो । मैले त्यस्तै गरें ।

केही समय पछि राजाले मलाई फेरि बोलाउन लगाउनु भई पहिले जस्तै

Downloaded from http://www.dhamma.digital

गर्नु भई 'चारवटा घोडाले तान्ने बग्गिमा बसेर धर्म प्रचार गर्नु' भनी नु भयो । तेस्रो पटक पनि राजाले मलाई बोलाउनु भई महान भोग तको साथै आभूषण सहित एउटा हात्ति पनि दिनु भयो ।

मैले राम्रो लुगा लगाई आभूषणले सजिसजाऊ भई ८० हजार वर्ष अर्थात् र्ष सम्म **धर्म-घोषक**को कार्य गरी आएँ । त्यस बखत मेरो शरीरबाट डको सुगन्ध आउँथ्यो । मुखबाट कमलको फूलको बासना आउँथ्यो ।"

यसरी सन्तती महामन्त्रीले आफूले पूर्व जन्ममा गरेर आएको कर्म र फलको कुरा तथागतलाई बिन्ति गरी सकेपछि आकाशमा नै बसी **तेजोधातु** ामा समाधिस्त भई **परिनिर्वाण** भयो ।

उनको शरीर आगोको ज्वालामा लपेटियो । रक्तमंस सबै भष्म भई ष्प समानको धातु मात्र बाँकी रह्यो । भगवान बुद्धले एउटा शुद्ध सेतो फैलाउनु भई ती धातु त्यसमा थापेर लिनु भयो । चौबाटोमा ती धातु ा गर्नु भयो । 'धेरै जनताहरूले चैत्य वन्दना गरी पुण्य प्राप्त गर्नेछन्' भन्ने ले तथागतले त्यहाँ एउटा ठूलो चैत्य बनाउन लगाउनु भयो ।

एक दिन धर्म सभामा भिक्षुहरूको बीचमा यसरी कुराकानी चल्यो– ती महामन्त्री अनेक आभूषणले अलंकृत भएर पनि भगवान बुद्धको एउटा सुनेर अरहत्वको स्थितिमा पुग्न सफल भयो । आकाशमा गई पलैंति कसेर उनको **परिनिर्वाण** भयो । अब उनलाई **श्रमण** भन्ने कि **ब्राह्मण** भन्ने ?"

त्यसै बेला भगवान बुद्ध त्यस धर्म सभामा आइपुग्नु भई भिक्षुहरूको ा भइरहेको कुराको जानकारी लिनु भयो ।

तथागतले ती भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! त्र सन्तती महामन्त्रीलाई **श्रमण** भने पनि हुन्छ ।

यसै सन्दर्भमा तथागतले धर्म-देशना गर्नु भई यो गाथा प्रकाशमा ा भयो—

Downloaded from http://www.dhamma.digital

**"अलङ्कतो चेपि समं चरेय्य,**
**सन्तो दन्तो नियतो ब्रह्मचारी ।**
**सब्बेसु भूतेसु निधाय् दण्डं,**
**सो ब्राह्मणो सो समणो स भिक्खू ॥"**

**अर्थ–** गहणा र वस्त्रले सिंगारिएर पनि यदि त्यस व्यक्ति शान्त, दान्त, नियत ब्रह्मचारी हो भने तथा उसले सबै प्राणीलाई दण्ड दिने कुत्सित विचारलाई त्याग्न सक्तछ भने त्यो ब्राह्मण हो, त्यो श्रमण हो, त्यो भिक्षु हो ।

**भावार्थ–** यस गाथामा **अलङ्कतो** = वस्त्र आभूषणले आफूलाई सिंगारिएको व्यक्ति **समंचरेय्य** भएर पनि शरीर आदि राम्रा-राम्रा समान रूपले आचरण गरेको, राग आदिले शान्त भइसकेकोले **सन्तो** = शान्त, **दन्तो** = आफ्नो चक्षु आदि इन्द्रियलाई दमन गरि सकेकोले दान्त, **नियतो** = चार मार्ग निश्चित रूपले लाभ गर्ने भएकोले नियत गति भएको, **ब्रह्मचारी** = श्रेष्ठ आचरण गरिरहने भएकोले **ब्रह्मचारी**, **सब्बेसु भूतेसु निधाय दण्डं** = शरीर दण्ड आदिबाट अलग भइसकेको कारणले सबै प्राणीहरूको दण्ड निकाली सकेको तथा सम्पूर्ण पापलाई बगाइसकेको भएकोले **ब्राह्मण**; **समणो** = सबै पाप शान्त गरिसकेकोले श्रमण, **भिक्खु** = क्लेश भग्न भइसकेकोले भिक्षु भनी भन्नु पर्ने हो ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति** आदि **मार्ग-फल**मा प्रतिष्ठित भए ।

'सन्तती महामन्त्रीको कथा समाप्त' ।

Downloaded from http://www.dhamma.digital

# १०.१०. पिलोतिकतिस्स स्थविरको कथा

## १०.१०. (दुःखबाट पार होऊ)

१०. (१४३) "**हिरीनिसेधो पुरिसो,**
**कोचि लोकस्मिं विज्जति ।**
**यो निन्दं[1] अप्पबोधेति[2],**
**अस्सो भद्रो कसामिव" ॥१५॥**

१०. (१४४) "**अस्सो यथा भद्रो कसानिविट्ठो,**
**आतापिनो संवेगिनो भवाथ ।**
**सद्धाय सीलेन च वीरियेन च,**
**समाधिना धम्मविनिच्छयेन च ।**
**सम्पन्नविज्जाचरणा पतिस्सता,**
**पहस्सथ[3] दुक्खमिदं अनप्पकं" ॥१६॥**

एक समय **भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा** विहार गरिरहनु भएको त्यस बेला तथागतले यी गाथाहरू **पिलोतिक स्थविर**को कारणमा आज्ञा एको हो ।

एक दिन **आनन्द स्थविरले** झुत्रो लुगा लगाई भिंगुटको एक टुक्रामा ाई हिडेको एक जना केटोलाई देख्नु भयो ।

आनन्द स्थविरले भन्नु भयो– "बाबु ! तिमी यसरी मागेर खाई हिड्नु ाव्रजित भए हुन्थ्यो नि ।"

केटोले भन्यो– "भन्ते ! मलाई कसले प्रव्रजित गरी दिन्छ र ?"

---

दं २. अपबोधेति ३. जहिस्सथ

Downloaded from http://www.dhamma.digital

आनन्द स्थविरले उसलाई विहारमा लगेर नुवाई-धुवाई गराई प्रव्रजित गर्नु भयो। उसले आफूले लगाउने गरेको कपडा ओल्टाई-पल्टाई हेर्दा साह्रै भुत्रो भइसकेको देखी भिंगुटको टुक्रा सँगै पोका पारेर बाहिर एउटा रूखको हाँगामा भुण्डयाई दियो।

प्रव्रजित भई उमेर पुगी सकेपछि उसलाई उपसम्पन्न गरियो। पछि हुँदा-हुँदै उसलाई थुप्रै लाभ-सत्कार प्राप्त भयो। मूल्यवान चीवर लगाउन पायो। उनी मोटो हुँदै आयो।

एक दिन उसलाई यस्तो मनमा आयो– "सँधै अरूले दिएको खाएर-लगाएर यस बुद्ध-सासनमा कति बसिरहने ? मेरो आफ्नो भुत्रो लुगा नै लगाउन जानु पऱ्यो।"

यसरी विचार गरी उनी आफ्नो भुत्रो लुगा भुण्डयाई राखेको ठाउँमा पुग्यो। भुत्रो लुगा हेर्दै उनले आफूले आफूलाई भन्यो– "हेर ! मिति यस्तो राम्रो वस्त्र लगाई खान पाउने ठाउँ छोडेर यस्तो भुत्रो लुगा लगाई भिंगुटको टुक्रामा भिक्षा मागेर खान जान लागेको ?"

यसरी लगातार आफूले आफैलाई सम्भाउँदै गर्दा त्यही आलम्वनमा चित्त स्थिर हुँदै गयो। त्यसपछि उनले त्यस भुत्रो कपडा पहिले कै ठाउँमा राखेर विहारमा फर्क्यो।

केही दिन पछि उनलाई भिक्षु भएर बस्न मन लागेन। उनी फेरि त्यही भुत्रो लुगा भुण्डयाएको ठाउँमा गई आफूले आफूलाई सम्भाउन थाल्यो। मन शान्त भएपछि उनी फर्केर आयो। पछि फेरि पनि उनी त्यहाँ गयो। आफूलाई सम्भायो र फर्केर आयो।

यसरी उनी बार-बार त्यस ठाउँमा आउने-जाने गरेको देखेर अरू भिक्षुहरूले उनलाई सोधे– "आयुष्मान ! तिमी यसरी कहाँ जान्छौ ?"

Downloaded from http://www.dhamma.digital

उनले भन्यो– "म आफ्नो आचार्य कहाँ जाने गर्दछु।"

यस प्रकार त्यस पिलोतिक स्थविरले त्यही एउटा भुत्रो कपडामा मात्रै
ान गरी गृहस्थ हुनवाट आफूलाई रोक्न सफल भयो। त्यति मात्रै होइन,
**विपस्सना ध्यान** गर्नमा मेहनत गरी **अरहन्त** हुनमा सफलता प्राप्त गऱ्यो।
नलाई भुत्रो कपडाको पोको हेर्न जाने आवश्यकता परेन।

भिक्षुहरूले उनलाई प्रश्न गरे– "आयुष्मान ! अहिले त तिमी आफ्नो
ि कहाँ गएको देख्दैनौ। किन होला !"

पिलोतिक स्थविर भन्यो– "आयुष्मानहरू ! मलाई आचार्यसँग सम्बन्ध
पर्दा गइरहेको थिएँ। अब त्यस सम्बन्धलाई चुँडाली सकें। त्यसैले अहिले
ाँ नगएको हुँ।"

उनको कुरा सुनी 'यसले भुठ कुरा गऱ्यो' भनी भिक्षुहरू तथागत कहाँ
न्ति गर्न गए।

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू ! मेरो पुत्र पिलोतिक स्थविरले
कुरा ठीक छ। सम्वन्धको आवश्यकता परेसम्म ऊ आफ्नो आचार्य कहाँ
ो। अब त्यस सम्वन्धलाई उसले चुँडाली सक्यो। आफूले आफैलाई
उँदै वीर्य-उत्साह बढाउँदै ऊ जीवन मुक्त भइसक्यो, **अरहन्त** भइसक्यो।"

यसै सन्दर्भमा तथागतले यी गाथाहरू प्रकाशमा ल्याउनु भई धर्म-देशना
ो–

**"हिरीनिसेधो पुरिसो,**
**कोचि लोकस्मिं विज्जति।**
**यो निन्दं अप्पबोधेति,**
**अस्सो भद्रो कसामिव ॥"**

Downloaded from http://www.dhamma.digital

**अर्थ–** निषेध गरेको कर्म गर्न लाज मान्ने मानिस यो लोकमा थोरै मात्र हुन्छन्। असल घोडाले कोर्दा सहन नसके झैं तिनीहरू निन्दा सहन नसक्ने हुन्छन्।

**"अस्सो यथा भद्रो कसानिविट्ठो,**
**आतापिनो संवेगिनो भवाथ।**
**सद्धाय सीलेन च वीरियेन च,**
**समाधिना धम्मविनिच्छयेन च।**
**सम्पन्नविज्जाचरणा पतिस्सता,**
**पहस्सथ दुक्खमिदं अनप्पकं॥"**

**अर्थ–** कोर्दाको चोट सहन नसक्ने असल घोडा झैं तिमीहरू पनि प्रयत्नशील र वेगवान होऊ। श्रद्धा, शील, वीर्य, समाधि र धर्मविनिश्चियले युक्त भई विद्यावान, आचरणवान, स्मृतिवान भई यस महान दुःखबाट पार तरेर जाऊ।

**भावार्थ–** यी गाथाहरूमा **हिरीनिसेधो** = आफूमा उत्पन्न भएर आएको अकुशल-वितर्क लाज-शर्मलाई रोकेर राखेकोले हिरीनिसेध हुन गयो। **कोचि लोकस्मिं** = यस्तो मानिस यस संसारमा दुलर्भ हुन्छ। **यो निन्दं** = अप्रमादी भई श्रमण-धर्ममा लागिरहँदा आफूमा उत्पन्न भएर आएको निन्दा-अपहासलाई हटाई सम्झिने-बुझिने ज्ञानलाई **अपबोधेति** भनिन्छ। **कसामिव** = जसरी असल जातको घोडाले आफूलाई पिट्ने कोर्डालाई हटाउँछ, आफ्नो शरीरमा कोर्डाले हिर्काउन दिँदैन; 'त्यस्तै निन्दा-अपहासलाई जान्ने-बुझ्ने व्यक्तिहरू दुर्लभ हुन्छ' भन्ने यसको अर्थ हो।

दोस्रो गाथामा संक्षिप्त अर्थ यसरी दिइएको छ– "भिक्षुहरू! जसरी **भद्रो अस्सो** = असल घोडालाई प्रमादी हुँदा खेरी कोर्डाले हिर्काउँदा 'यसो हुँदा मलाई कोर्डाले हान्दो रहेछ' भनी थाहा पाई पछि होश गरी दौडन्छ, त्यस्तै तिमीहरू पनि **आतापिनो संवेगिनो** भवाथ = वीर्यवान, उद्योगी होऊ। यसो हुन सकेमा लौकिक-लोकुत्तर दुवैमा **सद्धाय** = श्रद्धापूर्वक चार परिशुद्धि शील र कायिक-चेतसिक वीर्य र आठ प्रकारका समापत्ति समाधिबाट र कारणाकारण ज्ञान हुने लक्षणले **धम्मविनिच्छयेन** = धर्म विनिश्चयच गर्नमा सुसम्पन्न

Downloaded from http://www.dhamma.digital

। **सम्पन्नविज्जाचरणा** तीन या आठ विद्या र पन्ध्र चरण सम्पत्ति भएको **पतिस्सता** =
भएकोले यस स्वल्प नभएको दुःखलाई छोड भनिएको हो ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-**
प्राप्त गर्नमा सफल भए ।

'पिलोतिकतिस्स स्थविरको कथा समाप्त' ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# १०.११. सुख श्रामणेरको कथा

## १०.११. (अनुशासित व्यक्ति आफूले आफूलाई दमन गर्दछ)

१०. (१४५) "उदकं हि[1] नयन्ति नेत्तिका,
उसुकारा नमयन्ति तेजनं ।
दारुं नमयन्ति तच्छका,
अत्तानं दमयन्ति सुब्बता" ॥१७॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को जेतवनाराममा विहार गरिरहनु भएको थियो। त्यस बेला तथागतले यो गाथा **सुख श्रामणेर**को कारणमा आज्ञा गर्नु भएको हो ।

अतीत समयमा **वाराणसी नगरमा** एक जना महाजन बस्दथ्यो । उनको **गन्धकुमार** नामक एउटा छोरो थियो। महाजनको देहावसान भइसकेपछि राजाले गन्धकुमारलाई बोलाउन पठायो । उनलाई सान्त्वना दिई ठूलो मान-सम्मानका साथ महाजनको पद प्रदान गरियो । त्यस बेलादेखि **गन्ध महाजन**को नामले उनी प्रख्यात भयो ।

केहि दिन पछि ढुकुटीको नाइके (कोषाध्यक्ष) ले ढुकुटीको ढोका खोलेर गन्ध महाजनलाई यसो भन्यो– "मालिक ! यहाँ भएका सम्पत्ति मध्ये हजुर बुबाको यति सम्पत्ति छ; हजुर बाजे बराजुको यति-यति सम्पत्ति छन् ।"

गन्ध महाजनले यत्तिका विशाल सम्पत्ति देखेर कोषाध्यक्षलाई प्रश्न गऱ्यो– "के तिनीहरूले यी धन सम्पत्तिहरू लिएर गएनन् ?"

उसले भन्यो– "मालिक ! यस संसारमा आफ्नो धन सम्पत्ति बोकेर परलोक जाने कोही पनि छैन । आफूले गरेको कुशल-अकुशल कर्म मात्रै लिएर प्राणीहरू परलोकमा जाने गर्दछन् ।"

१. उदकञ्हि

Downloaded from http://www.dhamma.digital

गन्ध महाजनले विचार गऱ्यो– "तिनीहरू मूर्ख भएर आफ्नो धन सम्पत्ति यहीं छोडेर गए म त यी सबै सम्पत्ति आफैले लिएर परलोकमा जानेछु।"

उनले फेरि मनमनै सोच्यो– "यी सबै बाबु, बाजे, बराज्युहरू मूर्ख भएकाले यिनीहरूले आफ्ना धन-सम्पत्ति छोडेर गए। मैले त यी सबै धन-सम्पत्ति लिएर मात्रै परलोकमा जानेछु।"

उनले ती सबै सम्पत्ति दान दिई, पूजा-आजा गरी सिध्याउने विचार नगरीकन केवल खाई-पिई परिभोग गर्ने निश्चय गऱ्यो।

त्यसपछि त्यस गन्ध महाजनले एक लाख धन खर्च गरी रत्न जडेको नुहाउने कोठा (Bath Room) बनाउन दियो। एक लाख मोल पर्ने रत्न जडेको नुहाउने पीढ्का बनाउन दियो। त्यस्तै एक-एक लाख मोल पर्ने पलङ्ग भोजन गर्ने थाल, भोजन गर्दा बस्ने कुर्सी, मण्डप बनाउन लगायो। त्यस्तै एक लाख खर्च गरी आफ्नो घरको झ्याल, चोक सजाउन लगायो। विहान-बेलुका खाना खानको लागि एक-एक हजारको दरले रूपियाँ छुट्टै राख्न लगायो। पूर्णिमाको दिनमा भोजनको एक लाख रूपियाँ अलग्ग छुट्यायो।

अनि उनले भोजनको विशेष दिनमा नगर सजाउन लगाई नगरमा ढोल बजाउन लगाई यसरी प्रचार गर्न लगायो– "नगरवासीहरू ! गन्ध महाजन श्रेष्ठीको भोजन तथा भोजन गर्ने तरिका हेर्न आउनु होस्।"

थुप्रै नगरवासीहरू एक माथि अर्को मञ्च बनाई त्यहाँ आएर बडो उत्सुकतापूर्वक तमासा हेर्ने गर्थे।

गन्ध महाजन श्रेष्ठी पनि एक लाख मोल पर्ने स्नान घरमा एक लाख मोल पर्ने पीढ्कामा वसी सोह्र प्रकारको सुगन्ध मिश्रित पूर्ण जल-घडाबाट स्नान गरी **सिंह पञ्जर** खोलेर आसनमा बस्थ्यो। त्यसपछि मर-मसलायुक्त पात्र सहित सुवर्णमय थालमा अनेक सुप-व्यञ्जनयुक्त भोजन उनको अगाडि राखी दिन्थे।

Downloaded from http://www.dhamma.digital

प्रत्येक पूर्णिमाको दिनमा अनेक सुन्दरी नर्तकीहरूको माझमा बसेर गन्ध महाजन श्रेष्ठीले यस्तो विशेष प्रकारको भोजन गर्ने गर्थ्यो ।

## ग्रामवासीको इच्छा—

एक दिन एक जना गाउँले मानिस आफ्नो दैनिक खर्च जुटाउनको लागि गाडा भरी काठ दाउरा राखी शहरमा गयो । एक जना साथीको घरमा बास बस्न गयो । त्यस दिनको भोलिपल्ट पूर्णिमाको दिन थियो । गन्ध महाजन श्रेष्ठीको भोजन लीला हेर्न आउनको लागि ढोल बजाउँदै घोषणा गरियो ।

शहरको साथीले गाउँको साथीलाई भन्यो– "मित्र ! तिमीले गन्ध महाजनले भोजन गरेको लीला देखेका छौ ?"

गाउँले साथीले भन्यो– "अहँ, मैले कहिल्यै हेर्न पाएको छैन ।"

"त्यसो भए जाउँ; आज शहरमा ढोल बजिरहेछ । गन्ध श्रेष्ठीको महान भोग-ऐश्वर्य हेर्न जाउँ ।"

यसो भन्दै तिनीहरू दुवै जना त्यहाँ पुगे । त्यहाँ मानिसहरू मञ्च माथि मञ्च राखी भोजन लीला हेरिरहेका थिए ।

गाउँले साथीले त्यस भोजनको सुगन्धित बास्ना पाउने बित्तिकै आफ्नो मित्रलाई यसो भन्यो– "साथी ! मलाई त्यो थालमा राखेको भोजन खाने इच्छा भयो ।"

शहरको साथीले भन्यो– "मित्र ! यस्तो दुर्लभ इच्छा नगर । तिम्रो यो इच्छा पूरा हुन सक्तैन ।"

उसले भन्यो– "यो भोजन गर्न नपाएको खण्डमा म मर्नेछु ।"

उसको कुरा सुनी शहरको साथीलाई साहै फसाद पर्‍यो । उनी सभाको एक छेउमा गई उभिएर ठूलो स्वरले तीन पटक गन्ध श्रेष्ठीलाई यसो भन्यो– "मालिक ! म हजूरलाई प्रणाम गर्दछु ।"

Downloaded from http://www.dhamma.digital

गन्ध श्रेष्ठीले भन्यो– "यत्रो स्वरले बोल्ने को हो ? किन के काम पऱ्यो ?"

उनले भन्यो– "मालिक ! मेरो एक जना गाउँको साथीले हजुरको ाको एक गाँस खाने इच्छा गऱ्यो। कृपा गरी उसलाई एक गाँस भात खान ोस्। हजूरको भोजनको एक गाँस भात खान नपाएको खण्डमा उसको निश्चित छ। दया गरी उसलाई जीवन दान दिनु होस्।"

गन्ध महाजनले भन्यो– "एक गाँस भातको एक सय पनि पर्न सक्छ, दुइ ानि पर्न सक्छ। ज-जसले माग्छ, त्यस-त्यसलाई दिई रह्यो भने मैले के नि ?"

उसले धेरै आग्रह गरेपछि गन्ध श्रेष्ठीले भन्यो– "तिम्रो साथीले तीन म्म म कहाँ नोकरी गरेको खण्डमा मैले खाने भोजनको भाग दिन ँला।"

गाउँले साथी अर्थात् **ग्रामवासीले** गन्ध महाजनको यस कुरालाई सहर्ष ार गऱ्यो। आफ्नो साथी मार्फत घरमा परिवारलाई सन्देश पठाउन लगायो। ाक भोजन प्राप्त गर्नको लागि गन्ध महाजनको घरमा उसले तीन वर्षसम्म ा गऱ्यो। उसले त्यहाँ तीन वर्षसम्म नोकरी गर्दा घरमा होस् वा जङ्गलमा ा होस् वा रातमा खूब होश पुऱ्याएर काम गऱ्यो। उसलाई अह्राएको सबै ावधानीपूर्वक सम्पन्न गऱ्यो। यसरी '**भत्तभत्तिको**' अर्थात् '**भोजनको दास**' ामले ऊ प्रख्यात भयो।

उसले त्यहाँ काम गरेको तीन वर्ष पूरा भइसकेपछि गन्ध श्रेष्ठीको े भन्यो– "'**भत्तभत्तिको**' ले साह्रै कठिनपूर्वक काम गरी तीन वर्ष पूरा । उसले कुनै काम पनि अधुरो छोडेन।"

भान्छेको यो कुरा सुनी गन्ध श्रेष्ठीले उसलाई तीन हजार रुपियाँ दिई ान्यो– "आज मेरो जे-जति सेवाको लागि गरिने काम हो ती सबै उसको ानि गरिनु पर्दछ।"

Downloaded from http://www.dhamma.digital

उसले फेरि यसो भन्यो– "मेरो **चिन्तामणि** नामक एउटी धर्मपत्नी छोडेर बाँकी रहेका नोकर-चाकर सबैले उनको सेवा गरुन् ।"

यति भनी सबै सम्पत्ति उसलाई जिम्मा लगाई दियो ।

## प्रत्येकबुद्धको आगमन–

त्यस **ग्रामवासी 'भत्तभतिको'** गन्धश्रेष्ठीको स्नानघरको कोठामा पसेर उसैको पीढकामा सबी नुहाई-धुवाई गऱ्यो । उसले लगाउने जस्तो वस्त्र लगाएर उसको पलङ्गमा बस्यो ।

उता गन्ध महाजन श्रेष्ठीले ढोल बजाउन लगाई यसरी घोषणा गर्न लगायो– "**ग्रामवासी 'भत्तभतिको'** ले गन्ध श्रेष्ठीको घरमा तीन वर्ष सम्म लगातार सेवा गरी उसको भोजनको एक अंश प्राप्त गरेको छ । अतः तपाईहरू सबै आएर उसले प्राप्त गरेको भोजन-सम्पत्ति उपभोग गरेको हेर्न आउनु होस् ।"

यस्तो घोषणा सुनेर नगरका मानिसहरू उसको भोजन-सम्पत्ति हेर्न त्यहाँ जमघट भए । विशाल जन-समूह भेला भए । मञ्च माथि मञ्चमा बसेर हेर्न थाले । ऊ नर्तकीहरूको बीचमा बसेको थियो । उसको अगाडि भोजनको पात्र सजाएर राखिएको थियो ।

जब भत्तभतिको भोजन गर्न हात धोइरहेको थियो । ठीक त्यसै बेला **गन्ध-मादन** पर्वतमा समाधिबाट भरखर उठ्नु भएको एक जना **प्रत्येकबुद्धले** विचार गर्नु भयो– "आज मैले कहाँ भिक्षाटन गर्नु पर्ला ?"

उहाँले ध्यान-दृष्टिले हेर्नु हुँदा भत्तभतिकोलाई देख्नु भयो । उसमा 'श्रद्धा छ कि छैन' भनी हेर्दा उसले 'श्रद्धापूर्वक भोजन दान दिनेछ, जसको फलस्वरूप ऊ महान सम्पत्तिको मालिक बन्नेछ' भनी थाहा पाउनु भई तुरन्तै पात्र-चीवर धारण गर्नु भई आकाश मार्गबाट आउनु भई उसको अगाडि उभिनु भयो ।

भिक्षा पात्र लिई आफ्नो समक्ष उभिइरहेको प्रत्येक बुद्धलाई देखी भत्तभतिकोले यसरी विचार गर्न थाल्यो– "मैले पहिलेको जन्ममा दान नगरेको

Downloaded from http://www.dhamma.digital

ने एक छाक भोजनको लागि तीन वर्षसम्म अर्काको घरमा नोकरी गर्नु यो प्राप्त भइरहेको भोजन केवल आज एक दिनको लागि मात्रै हो। यदि नन आर्यलाई दान दिएको खण्डमा यस दानको प्रभावबाट अनेक कल्पसम्म क्षा हुनेछ। त्यसकारण यो भोजन आर्यलाई नै दान दिनु उचित हुनेछ।"

यसरी विचार गरिसकेपछि तीन वर्षसम्म कठोर परिश्रम गरी प्राप्त भोजन एक गाँस पनि मुखमा नराखी भोजन प्रतिको तृष्णालाई त्याग ापैले भोजनको थाल उठाएर प्रत्येकबुद्ध समक्ष गयो। थाल अर्को लाई समाउन लगाई प्रत्येक बुद्धलाई **पंचाङ्ग प्रणाम** गऱ्यो। अनि बायाँ थाल समाई दायाँ हातले प्रत्येक बुद्धको पात्रमा भोजन राख्न थाल्यो। आधा ोजन पात्रमा राखिसकेपछि प्रत्येकबुद्धले दायाँ हातले पात्र छोपी 'पुग्यो' ांकेत दिनु भयो।

भत्तभतिकोले प्रत्येकबुद्धलाई भन्यो– "भन्ते! एक भाग भोजनलाई दुइ र्न सकिंदैन मेरो यस लोक सुधार्ने मात्रै होइन परलोक सुधार्ने मौका दिनु त्यसैले म आधा भोजन होइन सबै भोजन दान गर्न चाहन्छु।

आफ्नो लागि कत्ति पनि बाँकी नराखी '**पूर्ण दान** गरेको' लाई '**निरवशेष** निन्छ। त्यो महान फल दायक हुन्छ।"

उसले सबै भोजन दान गरिसकेपछि फेरि बिन्ति गर्दै भन्यो– "भन्ते! एक थाल भोजनको लागि नोकरी गरी तीन वर्षसम्म कठोर परिश्रम गरें। खको अनुभव गरें। अब मेरो जहाँ-जहाँ जन्म हुन्छ, त्यहाँ-त्यहाँ सुखसँग कुँ। तपाईले साक्षात्कार गर्नु भएको धर्मको म पनि सहभागी बनुँ।"

प्रत्येकबुद्धले उसको आशिकालाई अनुमोदन गर्नु हुँदै यी गाथा प्रकाशमा भयो–

**"इच्छितं पत्थितं तुय्हं – सब्बमेव समिज्झतु।**
**सब्बे पूरेन्तु सङ्कप्पा – चन्दो पन्नरसो यथा॥"**

Downloaded from http://www.dhamma.digital

**अर्थ–** तिमीले इच्छा गरेको, प्रार्थना गरेको सबै पूर्ण होस्, पूर्णिमाव रातमा चन्द्रमा गोलाकार भई पूर्ण भए झैं तिम्रो सबै संकल्प सम्पूर्ण होस्।

**"इच्छितं पत्थितं तुम्हं – खिप्पमेव समिज्झतु।**
**सब्बे पूरेन्तु सङ्कप्पा – मणि जोतिरसो यथा"ति ॥**

**अर्थ–** तिम्रो इच्छा प्रार्थना तुरन्तै सिद्ध होस्, **चिन्तापणि** रत्न जस्तै स संकल्प पूर्ण होस्।

## चार सम्पदा–

**प्रत्येक बुद्धले** यी गाथा प्रकाशमा ल्याइसकेपछि यस्तो संकल्प गर्नु भयो "म **गन्धमादन पर्वतमा** नपुगुञ्जेल यी नागरिकहरू यसरी **नै** एकत्र भई रहुन्

त्यसपछि उहाँ आकाशमार्गबाट गन्धमादन पर्वतमा पुग्नु भयो। त्य पुगिसक्नु भएपछि उहाँले आफ्नो पिण्डपात्रमा प्राप्त भएको भिक्षा अरू पाँच स प्रत्येक बुद्धहरूको पात्रमा राखी दिनु भयो। 'एक पिण्डपात्रमा प्राप्त भएको भिक्ष पाँच सय प्रत्येक बुद्धहरूलाई कसरी पुऱ्याउन सकेको होला' भनी सबै नागरिकह अचम्म मानेर हेरिरहे। तर '**चार अचिन्तनीय विषय**' मध्ये एउटा यो पर्ि अचिन्तनीय विषयमा पर्दछ। यो दृश्यले गर्दा सबै नागरिकहरू साह्रै खुशी भ बार-बार '**साधुवाद**' दिन थाले। त्यस **साधुवाद**को आवाजले आकाश घन्कि थाल्यो।

साधुवादको आवाजले आकाश थर्किएको जस्तो शब्द सुनी **गन्ध श्रेष्ठीला** यस्तो सन्देह उत्पन्न भयो– "यस **भत्तभतिको**ले मैले दिएको सम्पत्ति सम्हाल सकेन होला। त्यसकारण जनताहरूले उसलाई **परिहास** गरेको यो **कोलाह** हुनुपर्छ।"

त्यसकारण उसले आफ्नो एक जना मानिसलाई त्यहाँ हेर्न पठायो त्यसले उसलाई यस्तो भन्यो– "मालिक ! सम्पत्ति हुनेहरू यस्तो हुनु पर्दछ

Downloaded from http://www.dhamma.digital

तिकोले गरेको पुण्य कार्यमा खुशी भई सबै जनताहरूले हर्ष प्रकट गरेका वाज गुञ्जिरहेका छन् ।"

उसको कुरा सुनेर गन्ध श्रेष्ठीको शरीर **पाँच प्रकारका प्रीतिले** परिपूर्ण अनि उसले यसरी विचार गर्‍यो– "अहो ! यस भत्तभतिकोले असम्भव ाई सम्भव गरी देखाई दियो । यत्तिका दिन सम्म सम्पत्तिको मोहमा ले रहें । मैले केही चीज पनि दान गर्न सकिन ।"

त्यसपछि उसले भत्तभतिकोलाई बोलाएर यसो भन्यो– "के साँचिकै ो यस्तो पुण्य कार्य गरेको हो ?"

उसले भन्यो– "हो, मालिक ।"

"त्यसो भए एक हजार रूपियाँ दिन्छु, तिम्रो दानको केही अंश मलाई "

उसले त्यस्तै गरी दिएपछि त्यसको सट्टामा गन्ध श्रेष्ठीले आफ्नो सम्पत्तिको भाग उसलाई दियो ।

**ाकारका सम्पत्ति छन् :—**

(१) **वस्तु सम्पदा**

(२) **प्रत्ययसम्पदा**

(३) **चेतनासम्पदा र**

(४) **गुणातिरेकसम्पदा ।**

(१) **वस्तु सम्पदा**– निरोध समापत्तिबाट उठ्ने अरहन्त वा **अनागामी ाय** दान दिन योग्य पुद्गललाई **वस्तुसम्पदा** भनिन्छ ।

(२) **प्रत्ययसम्पदा**– चीवर आदि **प्रत्यय** धर्मपूर्वक आर्जन गरेको सम्पत्तिलाई **सम्पदा** भनिन्छ ।

(३) **चेतनासम्पदा**– दान दिनु भन्दा पहिले, दान दिइरहँदा, दान दिइसकेपछि–

Downloaded from http://www.dhamma.digital

यी तीन समयमा **सौमनस्यसहगत ज्ञानसम्प्रयुक्त** भइरहने चेतनालाई **चेतनासम्पदा** भनिन्छ । र

(४) **गुणातिरेकसम्पदा– दक्षिणेय** अर्थात् दान दिन योग्य पुदगल **समापत्तिबाट** उठ्ने वित्तिकै दान दिन पाउनुलाई **गुणातिरेकसम्पदा** भनिन्छ ।

भत्तभतिकोलाई **क्षीणास्रवी प्रत्येकबुद्ध** दानको पात्र थियो । उसले अथक परिश्रम गरी प्राप्त गरेको **प्रत्यय** धर्मपूर्वक अर्जित गरेको थियो । तीनै समयमा उसको चेतना परिशुद्ध भएकोले **चेतनासम्पदा** तथा **समापत्तिबाट** उठ्ने बित्तिकै दान दिन पाएकोले **गुणातिरेकसम्पदा– यी चारै सम्पदा** त्यसबेला पूर्ण भएको थियो । यी चारै सम्पदाको प्रभावले यसै जन्ममा **महासम्पत्ति** प्राप्त हुने भएकोले **भत्तभतिकोले** गन्ध श्रेष्ठीबाट यत्तिको सम्पत्ति पाएको हो ।

त्यसपछि राजाले पनि उसले गरेको शुभकार्य सुनी उसलाई राजदरवारमा बोलाउन लगायो । उसलाई एक हजार मुद्रा दिई राजाले उनीबाट एक भाग दानको फल प्राप्त गरी सन्तुष्ट चित्तले उसलाई अन्य विविध **भोग सम्पत्ति** दिन लगायो । त्यसपछि उसलाई **श्रेष्ठीको पदले** सम्मानित गरियो । त्यस बेलादेखि **'भत्तभतिको श्रेष्ठी'** भन्ने नामले उनी प्रसिद्ध भयो ।

## पुनर्जन्म–

राजाबाट **भत्तभतिकोले श्रेष्ठी पद** पाइसकेपछि **गन्ध श्रेष्ठीको** मित्र बनी जीवनभर सँगै बस्न थाल्यो । आयुपर्यन्त सुख-सुविधामा जीवन बिताउँदै मृत्यु पश्चात ऊ **देवलोकमा** उत्पन्न भयो । देवलोकमा उनले **एक बुद्धान्तरसम्म दिव्य सम्पत्ति** उपभोग गऱ्यो । त्यहाँबाट च्यूत भई **गौतम बुद्धको** समयमा **श्रावस्ती निवासी सारिपुत्र स्थविरको** एक उपासकको घर परिवारमा उनको **प्रतिसन्धि** भयो ।

गर्भधारण गरेको केही समय पछि उनको आमा हुनेको मनमा यस्तो इच्छा उत्पन्न भयो– "सारिपुत्र स्थविर सहित पाँच सय भिक्षुहरूलाई स्वादिष्ठ

Downloaded from http://www.dhamma.digital

ा दान गरुँ। अनि म पनि **काषाय वस्त्रधारण** गरी आसनको एक छेउमा **सुवर्ण पात्रमा** उहाँहरूलाई दान दिएर रहेको भोजन ग्रहण गरुँ।"

परिवारका सदस्यहरूले तिनले भने जस्तै तिनको इच्छा पूर्ण गरी दिए। भएपछि तिनलाई पुत्र-रत्न प्राप्त भयो।

पुत्रको नामकरण गर्ने दिनमा तिनले सारिपुत्र स्थविर समक्ष यसरी ा गरिन्– "भन्ते ! यस बालकलाई **शिक्षापद**को उपदेश दिनु होस्।"

सारिपुत्र स्थविरले सोध्नु भयो– "यसको नाम के हो ?"

तिनले भनिन्– "भन्ते ! मेरो पुत्रले **प्रतिसन्धि** अर्थात् गर्भप्रवेश गरे देखि घरमा कुनै प्रकारको दुःख भएन। यसकारण यसको नाम '**सुखकुमार**' राख्न छु।"

तिनको कुरा सुनी सारिपुत्र भन्तेले बालकलाई '**सुखकुमार**' को नामले धन गर्नु भई शिक्षापदको उपदेश गर्नु भयो। त्यस वेला तिनले 'आफ्नो को जुनसुकै इच्छा पनि पूरा गरी दिनेछु' भनी प्रतिज्ञा गरिन्।

पछि बालकको '**कान छिर्ने**' आदि **कर्म-संस्कार**हरू यस्तै किसिमले ादान गरी उत्सव मनाइन्।

सात वर्षको भएपछि सुखकुमारले आफ्नी आमालाई भन्यो– "आमा ! म त्र भन्ते कहाँ गई **प्रव्रजित** हुन चाहन्छु।"

आमाले भनिन्– "छोरो ! तिम्रो जुन इच्छा छ, त्यो पूर्ण हुनेछ।"

तिनले सारिपुत्र स्थविरलाई निमन्त्रणा गरी यसरी बिन्ति गरिन्– ! मेरो छोरो प्रव्रजित हुन चाहन्छ। यसलाई लिएर साँझमा म विहारमा छु।"

स्थविरलाई यसरी निवेदन गरिसकेपछि तिनले आफ्ना परिवार तथा ाहरू बोलाएर भनिन्– "मेरो छोरोलाई गृहस्थ धर्मको जे-जति कर्म- गर्नु पर्ने हो, त्यो आजै पूर्ण गरौं।"

Downloaded from http://www.dhamma.digital

त्यसपछि छोरोलाई अनेक सज-धजका साथ अलंकृत गरी विशाल ऐश्व प्रदर्शनका साथ विहारमा लगेर सारिपुत्र स्थविरको जिम्मा लगाई दियो ।

सारिपुत्र स्थविरले सात वर्ष मात्रै भएको सुखकुमारलाई सम्झाउँदै भ भयो– "वावु ! **प्रव्रजित** हुनु साह्रै गाह्रो काम हो । तिमी सानै छौं । के ति प्रव्रजित भएर बस्न सक्छौं ?"

सुखकुमारले बिन्ति गर्दै भन्यो– "भन्ते ! तपाईले भन्नु भएको सबै कुरा पालन गर्दछु ।"

वालकको कुरा सुनी स्थविरले उसलाई **केसा, लोमा** आदि कर्मस्थान शब्दद्वारा **प्रव्रजित** गराई दिनु भयो ।

उनको माता-पिता सात दिनसम्म विहारमा नै बसेर भिक्षु संघल अनेक रसयुक्त भोजन दान दिई सकेपछि घर फर्के ।

## सुख श्रामणेरको अर्हत्व प्राप्ति–

**सुख श्रामणेर** प्रव्रजित भएको आठौं दिनमा सारिपुत्र स्थविरले श्रामणेरल चीवर लगाउन दिई हातमा पात्र दिई आफूसँगै भिक्षा चरणको लागि साथै लि जानु भयो । बाटोमा नहर आदि देखेर **पण्डित श्रामणेर**ले जस्तै आफ्नो गुरुल अनेक प्रश्न गर्‍यो । गुरुले पनि शिष्यले सोधेको प्रश्नको जवाफ चित्त बुझ्ने ग दिनु भयो । गुरुको कुरा सुनी श्रामणेरलाई तुरुन्तै ध्यान गर्ने इच्छा जाग्यो । उन आफ्नो पात्र गुरुलाई दिएर यसो भन्यो– "भन्ते ! म विहारमा फर्केर जान्छु । मल रसयुक्त स्वादिष्ठ भोजन ल्याई दिनु होस् ।"

सुख श्रामणेर विहारमा फर्केर आई कोठा भित्र पसी ढोका लगायो । अ आफ्नो शरीरलाई सीधा राखी ध्यानमा बस्यो । उनको ध्यानमा समाहित भई च एकान्त वातावरण बनाई दिन चारै देवताहरूका साथ देवराज इन्द्र स्वयं आई सुर दिई रहनो । यस्तो शान्त वातावरण पाई सुख श्रामणेरको स्मृति युक्त समा

Downloaded from http://www.dhamma.digital

द्वारा **विपश्यना ध्यान**लाई अभिबृद्धि गर्दै क्रमशः **स्रोतापत्ति, सकृदागामी** र ागामी **मार्ग-फल** प्राप्त गर्‍यो ।

यता सारिपुत्र स्थविरले श्रामणेरको लागि 'स्वादिष्ठ भोजन कहाँ पाइन्छ भनी विचार गर्नु भई एक श्रद्धासम्पन्न उपासकको घरमा पुग्नु भयो । ाकले उहाँलाई देख्ने बित्तिकै यसरी बिन्ति गर्‍यो– "भन्ते ! आज तपाई यहाँ ु भई हामी माथि ठूलो **अनुकम्पा** गर्नु भयो ।"

अनि ऊ साह्रै खुशी भई स्थविरको हातबाट पात्र लिई उहाँलाई योग्य ामा बसाली यागु आदि जलपानको व्यवस्था गर्‍यो । भोजनको समय सम्म उहाँको धर्म उपदेश सुनी रह्यो । भोजनको समय भएपछि स्वादिष्ठ ा दान दियो । सारिपुत्र स्थविर श्रामणेरको लागि भोजन लिई जान लाग्दा ाकले विन्ति गर्‍यो– "भन्ते ! यो भोजन तपाईको लागि हो । लिएर जानको अर्को भोजन बाँकी छ ।"

सारिपुत्र स्थविरले त्यो भोजन गर्नु भयो । उपासकले अर्को पात्रमा भोजन दियो । भोजन लिनु भई 'श्रामणेरलाई भोक लागि सक्यो होला' भनी स्थविर ·छिटो विहार तिर लाग्नु भयो ।

त्यस दिन विहान **भगवान बुद्ध गन्धकुटी** बाहिर निस्कनु भई **ध्यान दृष्टि र्शन)** ले हेर्दा सुख श्रामणेरले उपाध्यायलाई पात्र दिई विहारमा गई ध्यान ीन बटै **मार्ग-फल** प्राप्त गरिसकेको कुरो थाहा पाउनु भयो । अहिले सारिपुत्र ोर भोकै छ' भनी छिटो-छिटो विहारतिर आइरहेको छ । यसले गर्दा ारको **अर्हत्व प्राप्ति**मा विघ्न हुने कुरो थाहा पाउनु भई तथागत तुरन्तै त्यहाँ ाई सारिपुत्रको **प्रकोष्ठ द्वार**मा **चंक्रमण** गरिरहनु भयो ।

उता स्थविर भिक्षा लिई आइपुग्नु भयो । तथागतले उहाँलाई 'पण्डित रको कथा' मा जस्तै चार प्रश्नहरू गर्नु भयो । उहाँले उत्तर दिनुन्जेल सुख रले **अरहत्त-मार्ग-फल** प्राप्त गर्नु भयो ।

Downloaded from http://www.dhamma.digital

त्यसपछि तथागतले भन्नु भयो– "सारिपुत्र ! जाऊ, श्रामणेरलाई भोजन गराऊ ।"

श्रामणेरले भोजन गरिसकेपछि सुरक्षामा रहेका देवराज इन्द्र सहित सबै देवगणहरू आ-आफ्ना स्थानमा फर्केर गए ।

त्यस दिन धर्म-सभामा भिक्षुहरू यसै सन्दर्भमा धर्म-चर्चा गर्दै थिए । त्यस वेला तथागत त्यहाँ आइपुग्नु भई तिनीहरूको शङ्का निवारण गर्नु हुँदै भन्नु भयो– "भिक्षुहरू ! पुण्यवानहरूले **श्रमण-धर्म** पूर्ण गर्न लाग्दा कहिले-काहिं यस्तो पनि हुन सक्तछ । जस्तो कि आज **चर्तुमहाराजिक देवताहरू** सहित **शक्र देवराज इन्द्र**ले समेत सुख श्रामणेरको ध्यान पूर्ण नहुञ्जेल सुरक्षा दिइरहे । अरूको के कुरो तथागत स्वयं पनि **द्वार रक्षक** बनी श्रामणेरको साधनामा पूरा सहयोग गर्नु पऱ्यो । आज किसानहरूले नहरबाट खेतमा पानी लगिरहेको देखेर, **बाणकारक**ले आफूलाई चाहिए अनुसार बाण बनाएको देखेर तथा **सिकर्मी**ले काठलाई गोलाकार बनाएको देखी– यी नै **आलम्बन**मा सुख **श्रामणेर**ले आफ्नो चित्तलाई एकाग्र गरी– **विपश्यना ध्यान**द्वारा अरहत्वको स्थिति प्राप्त गर्नमा ऊ सफल भयो ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"उदकं हि नयन्ति नेत्तिका,**
**उसुकारा नमयन्ति तेजनं ।**
**दारुं नमयन्ति तच्छका,**
**अत्तानं दमयन्ति सुब्बता ।।"**

**अर्थ–** कुलो खन्नेहरूले आफूलाई चाहिने ठाउँमा पानी लैजान्छन् । बाण बनाउनेहरूले आफूलाई चाहिए बमोजिम बाण बनाउँछन् । सिकर्मीहरूले आफूलाई चाहिए अनुसार काठलाई गोलाकार गर्दछन् । त्यस्तै भनेको सुन्ने सुवच व्यक्तिहरूले आफूलाई दमन गर्दछन् ।

Downloaded from http://www.dhamma.digital

**भावार्थ–** यस गाथामा **सुब्बता=** भनेको कुरा राम्रोसँग सुन्ने, सुखपूर्वक सजिलै सँग **ओवाद-उपदेश** दिन योग्य, अनुशासन गर्न योग्य व्यक्तिहरू भन्ने अर्थ हो ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरूले **स्रोतापत्ति मार्ग-फल** आदि प्राप्त गरे ।

'सुख श्रामणेरको कथा समाप्त' ।

दण्डवर्गको वर्णन समाप्त ।

Downloaded from http://www.dhamma.digital

# ११. जरावग्गो

## ११.१. विशाखाको सहेलीहरूको कथा

### ११.१. (अन्धकार भएर पनि प्रकाशको खोजी किन गर्दैनौ ?)

११. (१४६) "**को नु हासो किमा'नन्दो – निच्चं पज्जलिते सति,**
**अन्धकारेन ओनद्धा – पदीपं न गवेसथ**" ॥१॥

एक समय **भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा** विहार गरिरहनु भएको थियो। त्यस वेला तथागतले यो गाथा **विशाखा महाउपासिकाको साथीहरूको** कारणमा आज्ञा गर्नु भएको हो।

श्रावस्ती नगरमा रहने पाँच सय कुलपुत्रहरूले 'आ-आफ्ना पत्नीहरू चरित्रवान भई अप्रमादी रहुन्' भन्ने आशयले विशाखा महाउपासिकालाई सुम्पि दिए। ती स्त्रीहरू उद्यानक्रीडामा अथवा भगवान बुद्धको दर्शन गर्न विहारमा जाँदा विशाखा महाउपासिकासँगै जाने गर्थे।

एक समय श्रावस्तीमा **एक सप्ताहसम्म मद्यपानको विशेष उत्सव** भएको थियो। त्यस अवसर पारेर ती स्त्रीहरू आ-आफ्ना पतिहरूलाई मद्यपानको प्रवन्ध मिलाउन आ-आफ्ना घरमा फर्के। त्यस उत्सव पछि ती स्त्रीका पतिहरू आ-आफ्ना काममा फर्केर गए।

अनि ती स्त्रीहरूले आपसमा यसरी सल्लाह गर्न थाले– "हामी यत्तिका दिन घरमा बसेर पनि आ-आफ्ना पतिहरूको डर-भयले गर्दा मद्यपान गर्न पाएनौं। अहिले हामीसँग केही रक्सी बाँकी रहेको छ। अब यसलाई हाम्रा पतिहरूले थाहा नपाउने गरी पिउने उपाय गरौं।"

यसरी काम-कुरो मिलाई सकेपछि तिनीहरू सबै विशाखा महाउपासिका कहाँ गई यसो भने– "आर्या ! हामी सबै एकपल्ट उद्यानक्रीडामा घुम्न जान चाहन्छौं।"

Downloaded from http://www.dhamma.digital

महाउपासिकाको स्वीकृति लिई सकेपछि लुकाई राखेको रक्सी साथमा तिनीहरू सबै उद्यानक्रीडामा गए। त्यहाँ तिनीहरू मद्यपान गरी मस्त भई थाले।

विशाखाले तिनीहरूको त्यस्तो चाल थाहा पाई विचार गरिन्– "यिनीहरूले अनुचित काम गरे छन्। 'श्रमण गौतमको उपासिका भएर पनि महिलाहरूलाई ान कार्य गराई रहेछन्' भनी **तीर्थंकर**हरूले मलाई निन्दा गर्ने छन्।"

यसरी सोचेर विशाखाले ती स्त्रीहरूलाई भनिन्– "साथीहरू! तिमीहरूले ा मद्यपान गरेर साह्रै अनुचित काम गर्‍यौं। यसले गर्दा समाजमा मेरो श फैलिन्छ। तिमीहरूको श्रीमानहरू पनि रिसाउने छन्। अब तिमीहरूले र्ने हो गर।"

यति भनी तिनीहरू सबैलाई आ-आफ्नो घर पठाई दिइन्। तिनीहरू घरमा वेरामी भएको जस्तो स्वाङ्ग पारेर ओछ्यानमा पल्टि रहिन्। तिनीहरूको नहरू घरमा आई तिनीहरूको बानी-व्यहोरा चाल पाई तिनीहरूलाई सम्म पिटे।

त्यस्तै अर्को एक उत्सवको दिनमा ती श्रीमतीहरूले मद्यपान गर्ने विचारले वा कहाँ गई उद्यानमा जान अनुरोध गरे। तिनीहरूले पहिले पनि एक पल्ट वालाई छकाएर सुरापान गरेको कारणले तिनले अनुमति दिइनन्।

ती स्त्रीहरूले अर्को किसिमको सुरापान गर्ने योजना बनाई विशाखा कहाँ गवान बुद्धको दर्शन गराउन अनुरोध गरे। विशाखा खुशी भई तिनीहरू ई विहारमा लिएर गइन्। त्यहाँ पनि ती स्त्रीहरूले विशाखालाई छलेर को एउटा कुनामा गई सुरापान गरिसकेपछि तथागत समक्ष धर्म-श्रवण से।

विशाखा महाउपासिकाले हात जोडेर बिन्ति गरिन्– "भन्ते भगवन्! यिनीहरूलाई धर्म-उपदेश दिनु होस्।"

Downloaded from http://www.dhamma.digital

विशाखाले यसरी निवेदन गर्ने बित्तिकै ती महिलाहरूको शरीर काँम्न थाले। अत्यधिक मात्रामा रक्सी पिएको कारणले तिनीहरूको शरीर भित्र कुनै अदृश्य शक्ति प्रवेश गरेको जस्तो भान भयो। तिनीहरूले आफूले आफूलाई सम्भाल्न नसकी भगवान बुद्धको सम्मुखमा नै नाच्न-गाउँन थाले। कसैले तालि बजाउन लागे। कोही हाँस्न थाले। कोही नाँच्न लागे।

तथागतले त्यस दृश्य देख्नु भई त्यसको वास्तविक कारण पत्ता लगाउनु भयो। त्यसलाई तत्काल निर्मूल पार्न तथागतले आफ्नो **आँखीभौंको रोमराशि** बाट केही विशिष्ट किरण (रश्मी) पठाउनु भयो। ती किरणको प्रभावले ती महिलाहरूको परिषद्मा अन्धकारले व्याप्त भयो। तिनीहरू मरण-भयले थुरुरु काम्न थाले। होश-हवास उड्न थाले। अत्यन्त भयभित भएको कारणले ती महिलाहरूमा रहेको मादक पदार्थ त्यत्तिकै पचेर गयो।

त्यही बेला तथागत धर्मासनबाट अन्तर्धान हुनु भई **सुमेरु पर्वत**मा विराजमान हुनु भयो। त्यहींबाट तथागतले आफ्नो **उर्णालोम** अर्थात् आँखीभौंको बीचको भागबाट अर्को रश्मि छोड्नु भयो। त्यस रश्मिको प्रभावबाट ती महिलाहरूको बीचमा एकै साथ हजार चन्द्रमा उडाए झैं शितल प्रकाश फैलियो।

त्यसपछि तथागतले ती महिलाहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "उपासिकाहरू! तिमीहरूले सुरापान गरी तथागत समक्ष आउनु उचित थिएन। फेरि तिमीहरूले हँसी, ठट्टा गरी अयोग्य काम गऱ्यौ। अब तिमीहरूले **रागादि अग्निको** ज्वालालाई भष्म गर्न उत्साह बढाउनु पर्दछ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई ती महिलाहरूलाई धर्म-देशना गर्नु भयो–

**"को नु हासो किमानन्दो – निच्चं पज्जलिते सति,**
**अन्धकारेन ओनद्धा – पदीपं न गवेसथ॥"**

**अर्थ–** चारैतिर राग, द्वेष, मोह रूपी अग्नि निरन्तर प्रज्वलित भइरहेको

Downloaded from http://www.dhamma.digital

यस्तो अवस्थामा कसरी हाँस्ने, कसरी आनन्द लिने ? अविद्या रूपी अन्धकारले तिर घेरिसकेर पनि तिमीहरूले किन आलोकको खोजी गर्दैनौं ?"

**भावार्थ–** यस गाथामा **आनन्द**को अर्थ हो, सन्तोष हुनु । भन्नुको तात्पर्य हो– यस रको जन्म-परम्परामा राग आदि एघार प्रकारका अग्निले निरन्तर पोलिरहँदा पनि **वं पज्जलिते सति) को नु तुम्हाकं हासो वा तुट्ठि वा** ? तिमीले हाँस्न र सन्तोष लिने कहाँबाट पाउँछौ ? वास्तवमा यसो गर्नु अनुचित र असामयिक पनि हो । आठ प्रकारका ग्रा– अन्धकारबाट आवृत भएका तिमीहरू ती अन्धकारलाई विनाश गर्नको लागि रूपी प्रदीपको किन खोजी नगरेको ?

तथागतको यस धर्म-देशनाको अन्तमा ती पाँच सय महिलाहरू **स्रोतापत्ति -फल**मा प्रतिष्ठित भए ।

त्यस पछि भगवान बुद्ध सुमेरु पर्वतबाट ओर्लनु भई ती महिलाहरूको न बुद्धासनमा विराजमान हुनु भयो ।

यसै सन्दर्भमा विशाखाले तथागतलाई विन्ति गरिन्– "भन्ते, भगवन् ! गाँड-रक्सी भनेको कस्तो पापको चीज रहेछ । यी नै चीजको सेवन गरेको गले यी महिलाहरूले भगवान बुद्ध जस्ताको समक्ष तालि बजाउने, हाँस्ने, ने, नाच्ने आदि यस्तो अनुचित, अयोग्य, अभद्र चरित्र दर्शाए ।"

तथागतले भन्नु भयो– "विशाखा ! जाँड, रक्सी भनेकै पापको वस्तु हो । गे नशाको आदतले गर्दा धेरै मानिसहरूले दुःख-कष्ट भोगेका छन् ।"

विशाखाले फेरि विन्ति गरिन्– "भन्ते, भगवन् ! यो रक्सीको उत्पत्ति ो, कसरी भएको होला ?"

भगवान बुद्धले विशाखाको प्रश्नको उत्तर दिनु हुँदै **'सुरा'** अथवा 'रक्सी' तको विषय **'कुम्भ जातक'** (जा.५१२) प्रकाशमा ल्याउनु भई विस्तृत ा गर्नु भयो ।

'विशाखाको सहेलीहरूको कथा समाप्त' ।

Downloaded from http://www.dhamma.digital

## ११.२. सिरिमाको कथा

### ११.२ (अनित्य शरीरलाई हेर !)

११. (१४७) "**पस्स चित्तकतं बिम्बं – अरुकायं समुट्ठितं**[1] **।**
**आतुरं बहुसङ्कप्पं – यस्स नत्थि धुवं ठिति**" ॥२॥

एक समय **भगवान बुद्ध राजगृह**को **वेणुवनाराम**मा विहार गरिरहनु भ
थियो। त्यस बेला तथागतले यो गाथा **सिरिमा**को कारणमा आज्ञा गर्नु भएको

**सिरिमा राजगृह** नगरकी एक अत्यन्त सुन्दरी **गणिका** थिइन्। उ
**उपासिका**को अनुरोधमा तिनकै घरमा तिनकै श्रीमानसँगै बसेर सिरिमाले
महिना समय बिताएकी थिइन्।

त्यसबेला उत्तरा उपासिकाले भगवान बुद्ध सहित भिक्षु महासंघ
भोजन दान गरिन्। त्यहाँ तथागतको **भुक्तानुमोदन** धर्म उपदेश सुनेर सिरि
**स्रोतापत्ति मार्ग-फल** प्राप्त गरिन्। यहाँ यो प्रसङ्गवश संक्षिप्त वर्ण दिइएको
यसको विस्तृत व्याख्या पछि **क्रोधवर्ग**मा आउनेछ।

स्रोतापन्न भएकी सिरिमाले भोलिपल्ट नै भगवान बुद्ध सहित
महासंघलाई आफ्नो घरमा निमन्त्रणा गरी महादान दिइन्। त्यसपछि प्रत्येक
आठ जना भिक्षुहरूलाई भोजन दान दिने संकल्प गरिन्। दिनहुँ भोजनको त
आठ जना भिक्षुहरू तिनको घरमा जाने गर्थे। सिरिमाले पनि ती भिक्षुहरू
बडो सम्मानपूर्वक आसनमा बसालेर पात्रमा भोजन राखी दिन्थिन् र 'भ
घिउ, राखौं, खीर राखौं' भन्दै पात्र भरी खाद्य पदार्थले भरी दिन्थिन्।
जनालाई दान दिई पठाएको भोजन तीन-चार जनाले खाएर पनि रहने हुन
सिरिमाले यी **पिण्डपात्र** भोजन दानको लागि प्रत्येक दिन **सोह कार्षापण**
गर्ने गर्थिन्।

---

१. समुस्सितं

Downloaded from http://www.dhamma.digital

## ११.२. सिरिमाको कथा (६५)

एक दिन एक जना भिक्षु सिरिमाको घरमा भिक्षा लिई भोजन पश्चात
ाट **तीन योजन** टाढा रहेको एउटा विहारमा गयो। साँझ पख त्यस भिक्षु
वेहारमा बस्ने संघ स्थविरको सेवामा उपस्थित भयो।

त्यस विहारमा बस्ने भिक्षुहरूले त्यस भिक्षुसँग सोधे– "आयुष्मान! आज कहाँ भिक्षा भोजन गरी आउनु भयो?"

त्यस भिक्षुले भन्यो– "आज म, सिरिमा उपासिका कहाँ पात्र भिक्षा लिई
गरी आएँ। तिनले साह्रै राम्रोसँग आदर-सत्कारपूर्वक भोजन दान दिने
। फेरि यति धेरै दान दिन्थिन् कि एक जनालाई दिएको दान तीन-चार
ाई खान पुग्थ्यो। तिनले दान दिने कुरा त एकातिर राखौं। तिनको घरमा
जन भिक्षा लिनु भन्दा तिनलाई देख्ने बित्तिकै त्यत्तिकै पेट भरेर आउँछ।
जस्ती राम्री स्त्री मैले अहिलेसम्म देखेको थिएन भन्दै अनेक प्रकारले
रूपको वर्णन गर्न थाल्यो।"

त्यस भिक्षुले सिरिमाको गुण-वर्णन गरेको कुरा सुनेर त्यहाँ बस्ने एक
ıक्षुलाई तिनलाई नदेखिकन नै तिनी प्रति स्नेह उत्पन्न भयो। तिनलाई
ो इच्छा भयो। 'तिनीकहाँ भोजन भिक्षा लिन के-कस्तो गर्नु पर्दछ' भन्ने
ो बुझिसकेपछि त्यस भिक्षु तुरन्तै आफ्नो पात्र चीवर लिई सिरिमाको घरमा
हारबाट निस्क्यो। भोलिपल्ट विहान सबेरै दानशालामा गई बसिरह्यो।
न त्यहाँ भिक्षा पाउने आठ जना भिक्षुहरू मध्ये एक जना त्यस भिक्षुलाई
ावेश गराईयो।

यता हिजो भिक्षुहरूलाई भोजन दान गर्न सकिने बित्तिकै सिरिमा
ा विरामी भईन्। आफूले लगाई राखेको वस्त्र-आभूषण एकातिर राखेर
छ्यानमा पल्टेकी थिइन्। भोलिपल्ट विहान आफ्नो घरमा भिक्षा लिन
ा भिक्षुहरूलाई तिनी आफै गई आदर सम्मान गर्न सकिनन्। त्यसैले
ासीहरूलाई बोलाएर भनिन्– "बहिनीहरू! जाऊ, आर्यहरूलाई आदर
ासनमा बसाल। रोटी, मिठाईहरू राखी जलपान गराऊ। भोजनको

Downloaded from http://www.dhamma.digital

समय भएपछि पात्र भरी भोजन राखी भिक्षा दान देऊ ।"

मालिकनीले अह्राए अनुसारको काम गरिसकेपछि पात्र भरी-भरी राखेर सिरिमालाई सूचना दिन गईन् । दासीहरूको सहाराले सिरिमा आईन् । थर-थर काँपेको शरीरले भिक्षुहरूलाई सादर वन्दना गरिन् ।

त्यस समय त्यस भिक्षुले सिरिमालाई देखेर यसरी सोच्यो– "यस्त भइरहेको अवस्थामा त यिनी यत्तिकी राम्री रहिछिन् भने स्वस्थ रहँदा, स अलंकारले अलंकृत हुँदा, सबै आभूषणले विभूषित हुँदा यिनी कति राम्री अनि त्यस भिक्षुको करोडौं वर्षको क्लेश एकत्र भई उसको सन्मुख आइपुग त्यहाँ बसी भोजन गर्न असमर्थ भयो । आफ्नो भोजन पात्र लिई विहारमा ग ढकनीले छोपेर एकातिर राख्यो । ऊ चीवर ओछ्याएर पलङ्गमा पल्टयो साथी भिक्षुले उसलाई भोजन गर्न वार-वार अनुरोध गऱ्यो । तैपनि उसले नगरिकन भोकै बसिरह्यो ।

त्यसै दिन साँझमा सिरिमाको देहावसान भयो ।

राजाले भगवान बुद्धलाई यसरी सन्देश पठायो– "भन्ते भगवन् साँझ **जीवक वैद्यको कान्छी बहिनी सिरिमाको** मृत्यु भयो ।"

## कामरागमा डुबेको भिक्षुलाई मार्ग-फल प्राप्त–

यसको प्रत्युत्तरमा भगवान बुद्धले राजालाई यसरी समाचार भयो– "**सिरिमाको** मृतक शरीरलाई अहिले दाह-संस्कार नगराउनु । मृतक शरीरलाई श्मशान भूमिमा लगी कुकुर, काग आदिले छुन नपार प्रवन्ध मिलाउन लगाउनु होला ।"

राजाले त्यस्तै गर्न लगायो । एक दिन, दुइ दिन गर्दै तीन दिन चौथो दिनमा सिरिमाको मृतक शरीर फुलेर आयो । भित्र-भित्रै कुहिएर नव किरा निस्कन थाल्यो । ठाउँ-ठाउँवाट पीप पानी बग्न थाल्यो ।

Downloaded from http://www.dhamma.digital

यसै वेला राजाले नगरमा यसरी झ्याली पिट्न लगायो– "घरमा पाले केटा केटीहरू वाहेक अरू सबै नगरवासीहरू सिरिमाको मृतक शरीर हेर्न मा हाजिर हुनु ।"

त्यस्तै सबै भिक्षुहरू पनि हेर्न पठाउन तथागतलाई अनुरोध गरी पठाइयो ।

भगवान बुद्धले सबै भिक्षुहरूलाई त्यही निर्देशन दिनु भयो । चार दिन ाजन नगरी निराहार बसेको भिक्षु पनि 'सिरिमालाई हेर्न जाने' भन्ने ओछ्यानबाट जुरुक्क उठ्यो । चार दिन देखि भिक्षा पात्रमा रहेको भोजन न्हाइसकेको थियो । त्यसलाई फ्याँकेर पात्र धोई पखालेर झोलामा हाली क्षुहरूसँगै ऊ पनि हिड्यो ।

श्मशान भूमिमा पुगि सकेपछि भगवान बुद्ध भिक्षु संघको साथमा : उभिनु भयो । त्यस्तै भिक्षुणी संघ, राजपरिषद्, उपासक-उपासिकाहरू स लाशको चारैतिर आ-आफ्ना ठाउँमा उभिरहेका थिए ।

भगवान बुद्धले राजासँग प्रश्न गर्नु भयो– "महाराज ! यो यत्तिका ा नजलाइकन सुरक्षित गरी राखेको लाश कसका ?"

राजाले विन्ति गऱ्यो– "भन्ते भगवन् ! यी जीवक वैद्यको **कान्छी बहिनी** को लाश हो ।"

राजाले भगवान बुद्धसँग अनुमति लिई 'एक हजार कार्षापण दिई कसैले को लाश लिन चाहन्छ' भने 'लिन सकिन्छ' भनी त्यहाँ उपस्थित हरूलाई सोध्न लगाइयो । त्यहाँ कसैले 'हुन्छ' अथवा 'हुँदैन' भनी एक ा बोलेन । फेरि त्यसको मूल्य घटाउँदै 'पाँच सय, दुइ सय पचास, दुइ ; सय रूपियाँ, पचास रूपियाँ, पचिस रूपियाँ, दश रूपियाँ, पाँच एक रूपियाँ, पचास पैसा, पच्चिस पैसा गर्दै अन्तमा एक कौडी मात्रै पनि लिएर जान सकिन्छ' भनी घोषणा गर्न लगाइयो । तर कसैले पनि लिएर जान चाहेन ।

Downloaded from http://www.dhamma.digital

राजाले तथागतलाई बिन्ति गर्दै भन्यो– "भन्ते भगवन्! यो लाश सित्तै दिए पनि कसैले लिन चाहेन।"

त्यसपछि भगवान बुद्धले भिक्षुहरूलाई सम्वोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू! तिमीहरूलाई थाहा छ? यस नगरका धेरै जनतालाई सिरिमा अत्यन्त प्रिय स्त्री थिइन्। यसै नगरका यस्ता-यस्ता व्यक्तिहरू थिए जसले सिरिमाको शरीरलाई एक दिनको लागि मात्र प्राप्त गर्न पनि एक हजार कार्षापण दिन पनि सहर्ष स्वीकार गर्थे। आज यसलाई सित्तैमा पाएर पनि लिन तयार भएन।

तथागतले फेरि भन्नु भयो– "भिक्षुहरू! यो शरीर रोगको अधीनमा छ; क्षणिक र नाशवान छ। यस्तो वास्तविकतालाई तिमीहरूले राम्रोसँग जान्ने, बुझ्ने कोशिश गर।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-उपदेश गर्नु भयो–

**"पस्स चित्तकतं बिम्बं – अरुकायं समुस्सितं।**
**आतुरं बहुसङ्कप्पं – यस्स नत्थि धुवं ठिति॥"**

**अर्थ–** यो चित्रकारले चित्रण गरिएको जस्तो यस विचित्र शरीरलाई हेर। यो घाउ, खटिराले संयुक्त छ, रोग व्याधिले व्याप्त छ; तैपनि अनेक प्रकारको संकल्पले भरिएको यो शरीर अस्थाई छ, नाशवान छ।

**भावार्थ–** यस गाथामा '**चित्तकतं** = वस्त्र, गहणा, फूल, पुष्पमाला आदिवाट विचित्र रूपले सिंगारिएका **बिम्बं** = लामो हुनु पर्ने ठाउँमा लामो, स्थान अनुसार अङ्ग-प्रत्यङ्ग मिलाइएको आत्मभाव (शरीर) **अरुकायं** = नवद्वार भएकोले घाउ समानको नौ वटा प्वाल भएको यो शरीर। **समुस्सितं** = तीन सय टुक्रा हड्डि जोडेर वनिएको यो शरीर। **आतुरं** = जहिले पनि **इरियापथ** आदिको आधारमा चल्नु पर्ने भएकोले सँधै रोगी हुने सम्भावना भएको। **बहुसङ्कप्पं** = धेरै जनताहरूले वारम्वार कम्पन ठर्कमान गराई राख्ने।

Downloaded from http://www.dhamma.digital

**नत्थि धुवं ठिति** = जसको ध्रुव अर्थात् स्थिर स्वभाव नभएको, निश्चित रूपमा फुट्ने, -टुक्रा भई जाने, विध्वंस हुने स्वभाव भएको यस शरीरलाई हेर' भन्ने यसको अर्थ

तथागतको यस धर्म-देशनाको अन्तमा **चौरासी हजार** प्राणीहरूलाई **वोध** भएको थियो ।

सिरिमालाई देखेर आसक्त भई निराहार बसेको त्यस भिक्षु पनि **स्रोतापत्ति -फल** प्राप्त गर्नमा सफल भयो ।

'सिरिमाको कथा समाप्त' ।

Downloaded from http://www.dhamma.digital

# ११.३. उत्तरा थेरीको कथा

## ११.३. (शरीर रोगको घर हो)

११. (१४८) "**परिजिण्णमि'दं रूपं – रोगनिड्डं[1] पभङ्गुरं ।**
**भिज्जति पूतिसन्देहो – मरणं'तं हि जीवितं" ॥३॥**

एक समय **भगवान बुद्ध श्रावस्तीको जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा **उत्तरा भिक्षुणी**को कारणमा आज्ञा गर्नु भएको हो ।

त्यस बखत **उत्तरा स्थविर-भिक्षुणीको** आयु एक सय बीस वर्ष भइसकेको थियो । तैपनि तिनी भिक्षा चरणमा जान सक्थिन् । भिक्षा मागेर प्राप्त भएको भोजन गर्थिन् ।

एक दिन तिनी भिक्षाचरण गरी फर्कदै थिइन् । बाटोमा एक जना भिक्षुलाई देखिन् । तिनले त्यस भिक्षुलाई सोधिन्– "भन्ते ! भोजन गर्नु भयो ?"

भिक्षुले जवाफ दियो– "भोजन गरेको छैन ।"

तिनले भिक्षामा प्राप्त भएको भोजन सबै त्यस भिक्षुको पात्रमा खन्याई दिइन् । त्यस दिन तिनी त्यत्तिकै केही नखाइकन बसिन् । भोलीपल्ट पनि त्यसै ठाउँमा त्यस भिक्षुलाई भेटिन् । आफूले प्राप्त गरेको सबै भोजन त्यस भिक्षुको पात्रमा खन्याई दिइन् । त्यो दिन पनि तिनी भोकै बसिन् । तेस्रो दिन पनि त्यस्तै गरिन् । तीन दिनसम्म आहार ग्रहण गर्न नपाएको कारणले तिनी साह्रै कमजोर भइन् ।

चौंथो दिनमा तिनी फेरि भिक्षाको लागि निस्किन् । एक ठाउँमा बाटो साह्रै अप्ठेरो थियो । त्यहीं तिनले भगवान बुद्धलाई देखी आदरपूर्वक अलि पछाडि हट्न खोज्दा आफ्नै चीवरको एक छेउमा कुल्चेर दुर्वलताको कारणले आफ्नो शरीरलाई थाम्न नसकी रन्थनिएर भूईमा लडिन् ।

१. रोगनीक

Downloaded from http://www.dhamma.digital

यो दृश्य देख्नु भई भगवान बुद्ध तिनको नजिक जानु भई तिनलाई
ान गर्नु भई भन्नु भयो– "बहिनी ! तिम्रो शरीर अति जीर्ण भइसकेको छ।
ार अब धेरै समय टिक्दैन। यो छिट्टै विनाश भई जानेछ।"

यसै प्रसङ्गमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु

**"परिजिण्णमि'दं रूपं – रोगनिड्डं पभङ्गुरं।**
**भिज्जति पूतिसन्देहो – मरणं'तं हि जीवितं॥"**

**अर्थ–** यो (रूप) शरीर जीर्ण भएर जाने स्वभावको छ। यो शरीर रोगको
। यो अत्यन्त क्षणिक छ। दुर्गन्धको समूह हो। जति पनि जीवित प्राणीहरू
ती सबै मृत्यु भई अन्त हुने स्वभावका छन्।

**भावार्थ–** यस गाथामा **इदं** = यसको अर्थ बहिनी ! तिम्रो यो शरीर संस्कार **रूप**
एको कारणले **परिजिण्णं** = जरा जीर्ण भइसक्यो, त्यसमा पनि **रोगनिड्डं** = रोग
छिको घर जस्तो सबै रोगको वासस्थान समान हो। जस्तो कि स्याल तरुण भए पनि
याल' भनिन्छ। **गलोचि** लहरालाई 'पूतिलता' भनिन्छ। त्यसरी नै **पभङ्गुरं** = भर्खरै
। वालक राम्रो र उत्तम वर्ण भएको भएतापनि जहिले पनि सिंगान आदि आइरहने
कुहिएर जाने भएकोले, स्थिर नभएको कुहेको वस्तु समान भएकोले, **भिज्जति** =
ार धेरै समय निवत्दै छिट्टै नै छिन्न-भिन्न भएर जानेछ भन्ने अर्थ हो। किनभने
हाम्रो जीवनको अन्त हो। **मरण'न्तं हि जीवितं** = सबै सत्व प्राणीहरूको जीवन
श्चात अन्त हुन्छ।

तथागतको यस धर्म-देशनाको अन्तमा **उत्तरा स्थविर-भिक्षुणी स्रोतापत्ति**
फलमा प्रतिष्ठित भइन्।

त्यहाँ जम्मा भइरहेका धेरै श्रोतागणहरूलाई तथागतको यो धर्म-देशना
सिद्ध भयो।

'उत्तरा थेरीको कथा समाप्त'।

Downloaded from http://www.dhamma.digital

# ११.४. धेरै अधिमानिक भिक्षुहरूको कथा

## ११.४. (राग कहाँबाट उत्पन्न भयो ?)

११. (१४९) "**यानिमानि अपत्थानि - अलाबूनेव सारदे ।**
**कापोतकानि अट्ठीनि - तानि दिस्वान का रति" ॥४॥**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो। त्यस वेला तथागतले यो गाथा **धेरै अभिमानि भिक्षुहरू**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक समय पाँच सय जना भिक्षुहरू भगवान बुद्धसँग **कर्मस्थान भावना** सिकेर जंगलमा गई ध्यान गर्न गए। त्यहाँ तिनीहरूले खूब कोशिश गरी ध्यान लाभ गरे। तर तिनीहरू क्लेशबाट मुक्त हुन सकेनन् ।

तैपनि तिनीहरूले यसरी सोचे- "हामी प्रव्रजित भएको काम सफल भयो। हामीलाई प्राप्त भएको कुरो भगवान बुद्धलाई बिन्ति गर्न जाऔं ।"

यसरी विचार गरी तिनीहरू सबै श्रावस्तीमा फर्केर आई भगवान बुद्धको **गन्धकुटी**को ढोकामा आइपुगे। ठीक त्यसै बेला भगवान बुद्धले आनन्द स्थविरलाई बोलाउनु भई भन्नु भयो- "आनन्द ! यी भिक्षुहरू यहाँ आई तथागतको दर्शन गर्न आउँदैछन् । अहिले यिनीहरू यहाँ आउने कुनै आवश्यकता छैन । वरु यिनीहरूलाई **कच्चा श्मशान**मा पठाई दिनु । त्यहाँबाट फर्किसकेपछि मात्र तथागतको दर्शन गर्न आउनु वेश होला ।"

आनन्द स्थविरले तथागतको यो आदेश तिनीहरूलाई सुनाउनु भयो। ती भिक्षुहरूले 'हामी **कच्चा श्मशान**मा गएर के गर्ने ?' भनी प्रश्न नगरिकन '**दीर्घदर्शी तथागत**ले अवश्य पनि कुनै विशेष कारण देख्नु भएको होला' भन्ठानी तिनीहरू सबै कच्चा श्मशानमा गए ।

Downloaded from http://www.dhamma.digital

कच्चा श्मशान भूमिमा फ्याँकिएका एक दिन भएका, दुइ दिन भएका ऊ देखेर तिनीहरूको मनमा चोट लाग्यो । तर भर्खरै मरेका लाशहरू ल्याइएको दृश्य देखेर तिनीहरूको चित्तमा **राग** उत्पन्न भयो । त्यस तिनीहरूले आफूमा क्लेश बाँकी रहेको कुरा महसूस गरे ।

त्यसै बेला गन्धकुटीबाट भगवान बुद्धले रश्मि फैलाउनु भई ती भिक्षुहरूको उभिएर बोल्नु भए झैं यसरी भन्नु भयो– " भिक्षुहरू ! यी हड्डिका ाई हेरेर राग उत्पन्न गर्नु तिमीहरूको लागि सुहाउने कुरो होइन ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-उपदेश यो–

**"यानिमानि अपत्थानि - अलाबूनेव सारदे ।**
**कापोतकानि अट्ठीनि - तानि दिस्वान का रति ॥"**

**अर्थ–** शरद ऋतुमा फ्याँकी राखेका काम नलाग्ने लौका झैं, त्यस्तै सेतो रंगको ; सेतो हड्डिको समूहलाई हेर्दै तिमीहरूमा यो राग कहाँवाट उत्पन्न भयो ?

**भावार्थ–** भनाईको तात्पर्य हो, शरद ऋतुमा यतार्उति फ्याँकिएका, घाम लागेर ारि सकेका सेतो परेवाको रंग झैं रंग उडिसकेका लौका झैं ती अस्थि-पञ्जरलाई मीहरूमा यो राग कहाँवाट आयो । निश्चय पनि तिमीहरूले यसमा अल्प मात्र ा उत्पन्न गर्नु उचित छैन ।

तथागतको यस धर्म-देशनाको अन्तमा ती पाँच सय भिक्षुहरू जुन ा उभिरहेका थिए, त्यसै स्थितिमा रहेर **विपश्यना ध्यानद्वारा अर्हत्वको** ा पुगे ।

त्यसपछि ती भिक्षुहरूले भगवान बुद्धको प्रशंसा गर्दै आकाश मार्गबाट राममा पुगी तथागतलाई सादर वन्दना गरे ।

'धेरै अधिकमानिक भिक्षुहरूको कथा समाप्त' ।

Downloaded from http://www.dhamma.digital

# ११.५. जनपदकल्याणी रूपनन्दा थेरीको कथा

## ११.५. (शरीर हाडहरूको एक नगर समान हो)

११. (१५०) **"अट्ठीनं नगरं कतं – मंसलोहितलेपनं ।**
**यत्थ जरा च मच्चुच – मानो मक्खो च ओहितो" ॥५॥**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराममा** विहार गरिरहनु भएको थियो। त्यस बेला तथागतले यो गाथा **जनपदकल्याणी रूपनन्दा थेरी**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक दिन जनपदकल्याणी रूपनन्दाको मनमा यस्तो विचार आयो– "मेरो ठूलो दाजु **सिद्धार्थ गौतमले** सम्पूर्ण राज्य सुख सम्पत्ति परित्याग गर्नु भई **बुद्ध** हुनु भयो । आज उहाँ संसारमा सबैभन्दा **श्रेष्ठ** एवम् **अग्रपुरुष** हुनुहुन्छ ।

उहाँको भाइ **नन्दकुमार** र सुपुत्र **राहुलकुमार** पनि **प्रव्रजित** भइसके । मेरी माता **महाप्रजापति गौतमीले** पनि राज्य सुख त्याग गर्नु भई **भिक्षुणी** हुनु भयो । त्यस्तै **राजकुमारी यशोधरा देवी** सहित दरवारमा बस्ने यत्तिका आफन्तहरू **बुद्ध शासनमा प्रव्रजित** भइसके । अब म एक्लै दरवारमा के गरेर बस्ने ? म पनि प्रव्रजित भई जानु पऱ्यो ।"

यसरी सोच्दै एक दिन **रूपनन्दा भिक्षुणीहरू** कहाँ गई प्रव्रजित भइन् । तिनी **साह्रै** राम्री भएकीले प्रव्रजित गर्दा तिनको नाम रूपनन्दा नै राखे । रूपनन्दा प्रव्रजित भएर भिक्षुणी आवासमा बसे पनि **बुद्ध शासन** प्रति तिनको त्यति श्रद्धा थिएन । तिनी ज्यादा आफ्ना नातेदारहरूको माया-मोहमा लागिरहिन् ।

भगवान बुद्धले भने सँधै यस्तै भन्नु हुन्छ– "**रूप अनित्य** हो, **दुःख** हो, यो आफ्नो वशमा नभएको कारणले **अनात्म** हो । त्यस्तै **वेदना, संज्ञा, संस्कार, विज्ञान** सबै **अनित्य** हुन्, **दुःख** हुन्, **अनात्म** हुन् ।"

Downloaded from http://www.dhamma.digital

रूपनन्दा थेरी साह्रै राम्री भएकी कारणले तिनी आफ्नो रूपको ठूलो गर्व । 'भगवान बुद्धले तिनको त्यस्तो दर्शनीय रूपमा दोष देखाउनु होला' भन्ने तिनी कहिल्यै तथागत समक्ष जाँदैन थिइन् ।

तर श्रावस्तीका नगरवासीहरू भने विहान सबेरै दान दिई, **उपोसथ व्रत** गरी, स्वच्छ वस्त्र लगाई हातमा सुगन्धित फूल लिई साँझमा जेतवनाराममा ावण गर्न जाने गर्थे । समय-समयमा भिक्षुणीहरू पनि तथागतको धर्म-सुन्न जान्थे । धर्म-देशना सुनेर फर्कंदा तिनीहरू सबैले तथागतको गुण गर्दै आइरहेका हुन्थे ।

## तको गुण वर्णन—

**चार परिषद्** भएको यस बुद्ध शासनमा भगवान बुद्धको दर्शन पश्चात त हुने थोरै मात्र होला । रूप सौन्दर्यलाई श्रेष्ठ मान्नेहरू तथागतको **बत्तीस ष लक्षण** तथा **अस्सी अनुव्यञ्जन**बाट सुशोभित सुवर्ण वर्ण शरीर देखेर ाभोर हुन्थे ।

**स्वर सौन्दर्य**लाई श्रेष्ठ मान्नेहरू तथागतको अनेक जन्मका विविध ा सुनेर तथा **आठ अङ्ग**ले युक्त धर्म प्रवचन पद्धतिको **घोषणा** सुनेर उहाँ द्धाले नतमस्तक हुन्थे ।

साधारण जीवन चर्यालाई महत्व दिनेहरू तथागतको **चीवर** आदि को साधारणतां देखेर उहाँ प्रति **श्रद्धाचित्त** उत्पन्न गर्थे ।

धार्मिक जीवनलाई महत्व दिनेहरूले 'तथागतको **शील** यस प्रकारका ाधि यस किसिमका छन्, **प्रज्ञा** यस्तो छ' भनी यी गुणाङ्गहरू अरूहरू ष्ठ भएको कारणले तथागत संसारमा सर्वश्रेष्ठ पुद्गल हुनुहुन्छ भनी कारले प्रशंसा गरिरहन्थे ।

Downloaded from http://www.dhamma.digital

## रूपनन्दाको धर्मानुराग–

यस्तै किसिमले अरू भिक्षुणीहरू तथा उपासिकाहरूबाट पनि तथागतको गुण वर्णन गरेको कुरा सुनी रूपनन्दा थेरीले विचार गरिन्– "यत्तिका मानिसहरूले मेरो दाजु भगवान बुद्धको यस्तो विधि प्रशंसा गर्दछन् । मलाई एक पल्ट तथागतको दर्शन गर्ने ठूलो इच्छा छ । तर मलाई मेरो सुन्दर रूपको ठूलो गर्व छ । तथागतले मेरो रूपमा दोष दर्शाउनु भयो भने म के गरुँ ? तर जे होस्, उहाँले नदेख्ने ठाउँमा बसेर भए पनि म एकपल्ट भगवान बुद्धको दर्शन गर्न जान्छु, जान्छु ।"

तिनले यो कुरा अरू भिक्षुणी साथीहरूलाई भनिन् । तिनको कुरा सुनेर तिनीहरूले चिन्तना गरे– "रूपनन्दाले तथागतको दर्शन गर्ने इच्छा गरेको धेरै भइसक्यो । आज तथागतले तिनको कारणमा कस्तो धर्म-देशना गर्ने होला । आजको धर्म-देशना सुन्न हामी सबै जानु पर्छ ।

त्यसपछि तिनीहरू रूपनन्दा थेरीलाई साथमा लिई विहारमा गए । उता भगवान बुद्धले रूपनन्दा थेरी तथागतको दर्शन गर्न विहारमा आइरहेको कुरो थाहा पाउनु भई विचार गर्नु भयो– "रूपनन्दा आफ्नो रूप प्रति साह्रै गर्व गर्दछिन् । काँढा निकाल्नुका लागि काँढा नै चाहिन्छ । यिनको रूपाभिमान तोड्नको लागि तिनी भन्दा राम्री सुन्दरीको रूप देखाउनु अनुकूल हुनेछ ।"

यसरी निश्चय गरिसक्नु भएपछि रूपनन्दा थेरी विहारमा प्रवेश गर्न लाग्दा तथागतले आफ्नो ऋद्धिबलद्वारा सोह्र वर्षकी एउटी अत्यन्त सुन्दरी स्त्रीको निर्माण गर्नु भयो । तिनी रातो वस्त्र लगाएकी, अनेक शृङ्गार तथा आभूषणले सिंगारिएकी थिइन् । भगवान बुद्धको नजिक उभिएर तिनले तथागतलाई पंखाले हम्काइरहेकी थिइन् । यो दृश्य केवल भगवान बुद्ध र रूपनन्दा थेरीले मात्र देख्न सक्थे ।

रूपनन्दा थेरी अरू भिक्षुणीहरूसँगै विहारमा पसिन् । भगवान बुद्धले

Downloaded from http://www.dhamma.digital

गरी तिनीहरूको पछाडि वसी तथागतलाई **पञ्चाङ्ग वन्दना** गरिन्। अनि ा पाइतला देखी शिरसम्म हेर्दै गइन्। तथागतको **विचित्र लक्षण, अनुव्यञ्जन** ाभायुक्त जाज्वयमान सुवर्ण वर्ण शरीर, पूर्ण चन्द्र झैं शोभायुक्त श्रीमुख गर्दै तिनी आश्चर्य चकित भइन्। साथै तथागतलाई पंखा हम्काउँदै गरेकी अत्यन्त सुन्दरी स्त्रीलाई पनि देखिन्। ती स्त्रीको रूपसँग रूपनन्दाले रूप दाँजेर हेर्दा मानो सुवर्णमय राजहंसको अगाडि आफूलाई एउटी ी जस्तै सम्झिन्।

भगवान बुद्धको ऋद्धिद्वारा निर्मित त्यस स्त्री-रूपलाई हेर्दै तिनले यसरी गरिन्– "अहा ! यिनको कपाल कस्तो राम्रो ! निधार कस्तो चितिक्क !" यसरी रूपनन्दा थेरी एक-एक गरी समस्त अङ्गको शोभा वर्णन गर्दै ा रूप-लावण्यमा मुग्ध भई एक टक लगाई हेरिरहिन्।

त्यस बेला भगवान बुद्ध त्यहाँ धर्म-देशना गर्दै हुनुहुन्थ्यो। रूपनन्दा त्यस पमा लीन भएको थाहा पाउनु भई तथागतले ती स्त्री रूपलाई क्रमशः बीस च्चीस वर्ष भएको जस्तो गरी दर्शाउनु भयो।

रूपनन्दाले त्यस स्त्री-रूप हेर्दा-हेर्दै पहिले जस्तो त्यत्ति राम्रो नभएको गरी अलिकति तिनको मनमा विरक्तको भाव जाग्यो।

यस्तै प्रकारले भगवान बुद्धले त्यस स्त्रीको रूप-सौन्दर्य क्रमशः घटाउँदै ई चालिस वर्ष, पचास वर्ष, साठी वर्ष गर्दै अन्तमा साह्रै वृद्धा अवस्थामा नु भयो।

यी सबै दृश्य देखी रूपनन्दाले यसरी विचार गरिन्– "यिनको पहिलेको रूप अब रहेन। अहिले त यिनी जराजीर्ण अवस्थामा पुगी सकिन्। हेर्नै नहुने गरी चाउरी परी सकेकी, दाँत सबै झरी सकेकी, कपाल सेतै ेकी, सीधा उभिन नसकी लट्ठीको भरमा थरथर काँपी रहेकी त्यस स्त्री- देखी तिनी विरक्त भइन्।"

Downloaded from http://www.dhamma.digital

त्यसपछि तथागतले त्यस स्त्री-रूपलाई उठ्नै नसक्ने भई ओछ्यानमा परेको, आफ्नै मलमूत्रमा परी छटपटी रहेको दृश्य दर्शाउनु भयो ।

यस दृश्यले रूपनन्दा अत्यन्त विरक्त भइन् ।

तथागतले फेरि त्यस स्त्री-रूप मृत्यु भएको, लाश फुलेको, नवद्वारबाट रगत, पीप बगिरहेको, कीराहरू निस्किरहेको दृश्य देखाउनु भयो । फेरि गिद्ध, काग आदि पंछिहरू आई लाशलाई चारै तर्फबाट घेरी लुँछाचुडी गर्दै मासु खाइरहेको दृश्य दर्शाउनु भयो ।

अनि रूपनन्दा थेरीले यसरी सोच्न थालिन्– "यस्तो सुन्दरी स्त्री मैले हेर्दा हेर्दै त्यहीं स्थानमा बुढी भईन्, रोगी भईन् अन्तमा मृत्यु भईन् । एक दिन मेरो यो शरीर पनि यस्तै त हुने होला । साँच्चिनै कुनै चीज पनि सँधै नरहने रहेछ ! **अनित्य** छ । **'म' 'मेरो'** भन्ने केही पनि रहेनछ ।"

यसरी सोच्दा सोच्दै तिनलाई यी **तीनै लोक (भव)** आगोले दनदनी बलिरहेको घर जस्तै लाग्यो । आफ्नै गलामा लाश भुण्डयाई राखे झैं लाग्यो । तत् क्षणमा तिनको मन **कर्मस्थान भावना** तिर लाग्यो ।

रूपनन्दा थेरीको चित्त यसरी अनित्य भाव तिर झुकेको देख्नु भई तथागतले तिनको चित्त अनुरूपको तिनलाई उपकार हुने यी दुइ गाथा प्रकाशमा ल्याउनु भयो—

**"आतुरं असुचिं पूतिं – पस्स नन्दे समुस्सयं ।**
**उग्घरन्तं पग्घरन्तं – बालानं अभिपत्थितं ।"**

**अर्थ–** हे नन्दा ! तिमीले रोगग्रस्त, अपवित्र एवं दुर्गन्धयुक्त यस शरीरलाई राम्रोसँग हेर । यसमा ठाउँ-ठाउँबाट फोहर मैला बगिरहेको छ । यसलाई केवल मूर्खहरूले मात्र मन पराउँछन् तथा प्रशंसा गर्छन् ।

Downloaded from http://www.dhamma.digital

**"यथा इदं तथा एतं – यथा एतं तथा इदं ।**
**धातुतो सुञ्ञतापस्स – मा लोकं पुनरागमि ।**
**भवे छन्दं विराजेत्वा – उपसन्तो चरिस्सती"ति ॥**

**अर्थ–** जस्तो यो शरीर हो, त्यस्तै त्यस स्त्री-रूपको शरीर हो । यी
न्जलाई तिमीले **शून्यता**को दृष्टिले राम्रोसँग हेर्न सकेको खण्डमा तिमी फेरि
ोकमा जन्म लिनु पर्ने छैन । त्यस कारण तिमीले यस **भव-राग** रूपी
त्तलाई त्याग्न सकेमा सम्पूर्ण क्लेशलाई शान्त पारी अर्थात् **निर्वाण** प्राप्त
स संसारमा विचरण गर्न सक्नेछौं ।

भगवान बुद्धले रूपनन्दा थेरीको कारणमा यी दुइ गाथा विशेष रूपमा
गर्नु भएपछि तथागतको धर्म-देशना अनुसार तिनले **विपश्यना ध्यान**द्वारा
ान प्राप्त गरी तिनी **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भईन् ।

त्यसपछि तथागतले तिनलाई **स्रोतापत्ति मार्ग-फल** भन्दा माथिको **तीन**
**फल** प्राप्त गराउनको लागि **शून्यता कर्मस्थान भावना**को विषयमा धर्म-
गर्नु हुँदै भन्नु भयो– "हे नन्दा ! यस शरीरमा कुनै सार वस्तु छैन । यो
तीन सय टुक्रा हाडको समूहबाट बनेको एक प्रकारको '**अस्थि-नगर**'
हो ।"

यसै सन्दर्भमा भगवान बुद्धले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-
ा गर्नु भयो–

**"अट्ठीनं नगरं कतं,**
**मंसलोहितलेपनं ।**
**यत्थ जरा च मच्चु च,**
**मानो मक्खो च ओहितो ॥"**

**अर्थ–** यो हड्डिको एक नगर बनाई त्यसमा मासु र रगतको लेप

Downloaded from http://www.dhamma.digital

लगाइएको छ। त्यस भित्र वृद्धत्व, मृत्यु, अभिमान, छल-कपट आदि लुकिएका छन्।

**भावार्थ–** यस गाथाको भावार्थ हो– जसरी अन्न, सागपात आदि बोट-बिरूवाको रक्षा गर्नको लागि जमिनमा लट्ठी गाडिन्छ। फेरि त्यस्तै गरी जसरी नगरमा डोरी (वल्ली) ले बाँधेर माटोले लिपेर घरको निर्माण गर्दछ, त्यसरी नै यो शरीर भित्र तीन सय टुक्रा हाडहरूको समूह एकत्र पारी स्नायुले बाँधेर त्यस माथि मासु र रगतले लिपेर त्यसलाई छालाले ढाकेर जीर्णतासम्म पुऱ्याउने **जरा** मरणसम्म पुऱ्याउने **मृत्यु**, आफ्नो तथाकथित वृद्धि सम्झिने अभिमानको विनाश सम्म पुऱ्याउने **मात्सर्य** (मच्छरिय) को रक्षार्थ आश्रयभूत यस नगर (शरीर) बनाइएको हो। अर्थात् भनाईको तात्पर्य यो हो कि यस शरीरबाट केवल शारीरिक तथा मानसिक कष्ट मात्र पाइने हुन्छ, यसमा ग्रहण गर्ने चीज अरू केही छैन।

तथागतको यस धर्म-देशनाको अन्तमा रूपनन्दा थेरीले क्रमैसँग **सकृदागामी, अनागामी** र अरहत् **मार्ग-फल** प्राप्त गर्नमा सफल भइन्।

तथागतको यस धर्म-देशनाबाट अरू धेरै जन-समूहलाई ठूलो लाभ भयो।

'जनपदकल्याणी रूपनन्दा थेरीको कथा समाप्त'।

Downloaded from http://www.dhamma.digital

# ११.६. मल्लिकादेवीको कथा

## ११.६. (सन्तहरूको धर्म पुरानो हुँदैन)

११. (१५१) **"जीरन्ति वे राजरथा सुचिता,**
**अथो सरीरम्पि जरं उपेति ।**
**सतञ्च धम्मो न जरं उपेति,**
**सन्तो हवे सब्भि पवेदयन्ति" ॥६॥**

एक समय **भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा** विहार गरिरहनु भएको त्यस बेला तथागतले यो गाथा **मल्लिकादेवीको** कारणमा आज्ञा गर्नु भएको

एक दिन **महारानी मल्लिकादेवी** राजदरवारको स्नानगृहमा हात-मुख की थिइन् । त्यसपछि तिनी झुकेर खुट्टा धुन लागिन् । तिनीसँगै तिनले खेकी एउटा शिकारी कुकुर पनि भित्र पसेको थियो । त्यस कुकुरले कादेवी त्यसरी झुकेको देखेर तिनको कम्मरमा चढी मैथुन क्रिया गर्न । मल्लिकादेवीले पनि त्यसको सुखस्पर्श अनुभव गरिरहिन् । यो दृश्य राजाले ब्राट देखेछ ।

नुहाई-धुवाई गरिसकेपछि रानी महलमा आउँदा राजाले तिनलाई गालि ग़ो भन्यो– "यहाँ अगाडि न आऊ, चण्डालनी ! किन तैंले त्यस्तो कुकर्म ?"

रानीले भनिन्– "महाराज ! मैले के गरेको छु र ?"

"तैलें स्नानगृहमा कुकुरसँग मैथुन कर्म गरिस् ।"

"महाराज ! मैले त्यस्तो गरेको थिइन् ।"

राजाले भन्यो– अरे दुष्ट ! मैले आफ्नै आँखाले देखेको । तेरो कुरामा म विश्वास गरुँ । जा ! तँ मेरो अगाडि न बस ।"

Downloaded from http://www.dhamma.digital

रानीले भनिन्– "महाराज ! त्यस स्नानगृहमा पस्नेलाई यस झ्यालबाट हेर्दा यस्तै प्रकारका दुइ प्राणी देखिने हुन्छ। यदि मेरो कुरामा विश्वास नभए महाराज स्वयं त्यस स्नानगृहमा प्रवेश गर्नुहोस्। म त्यस झ्यालबाट हेर्नेछु।"

राजा अलि मन्दबुद्धिको थियो। रानीको कुरामा विश्वास गरी स्नानगृहमा पस्यो। रानीले त्यसै झ्यालबाट हेरी यसरी चिच्याउन थालिन्– "महाराज ! तपाई कामान्ध भई यस्तो के कर्म गर्नु भएको ? तपाईले बाखीसँग मैथुन कर्म गर्दै हुनुहुन्छ ?"

राजाले भन्यो– "होइन, महारानी ! मैले यस्तो कर्म गरेको छैन।"

रानीले भनिन्– "मैरै आँखाले देखेको। म तपाईको कुरामा कसरी विश्वास गरुँ।"

रानीको कुरा सुनेर राजाले विचार गऱ्यो– "अवश्य पनि यो स्नानगृहकै दोष हुनु पर्छ। त्यस भित्र पस्ने प्राणी अन्यथा देखिने हुन्छ होला।"

रानीले विचार गरिन्– "राजा मुर्ख भएर मेरो कुरामा विश्वास गऱ्यो। मैले पाप कर्म गरेको पक्कै हो। आफू बच्नको लागि मैले राजासँग झुठ बोलें। मेरो यस कुकृत्य कुनै बेला भगवान बुद्धले पनि थाहा पाउनु हुनेछ। दुवै **अग्रश्रावक** तथा **अस्सी महाश्रावक**हरूले पनि थाहा पाउनु हुनेछन्।"

यसै कुरामा तिनले ठूलो पश्चाताप गरिन्। हुनत मल्लिका महारानीले राजाले **असदृश** दानमा ठूलो मद्दत गरेकी थिईन्। त्यस असदृश दानमा राजाले एक दिनमा **चौध करोड** खर्च गरेको थियो। त्यस बेला तथागतको लागि बनाइएको श्वेत छत्र, आसन, अडेस लाउने साधन र पाउ राख्ने पिड्का– यो चार धेरै मूल्य पर्ने वस्तु थिए।

यसरी सँधै दान कार्यमा लागिरहने मल्लिका महारानी मृत्यु हुने समय नजिक आउँदा तिनले पहिले महान परित्याग गरिराखेका कुरा केही पनि सम्भिन

Downloaded from http://www.dhamma.digital

न् । केवल त्यही पाप कर्म मात्रै सम्भिदै गरेको कारणले मृत्यु पश्चात अवीचि) नरकमा पतन भइन् ।

मल्लिकादेवी राजाको अत्यन्त प्रिय रानी थिइन् । तिनको निधनमा राजाले ोक गऱ्यो । तिनको दाह संस्कार गराइसकेपछि 'मल्लिकादेवीको जन्म यो होला' भन्ने कुरा सोध्न राजा भगवान बुद्ध कहाँ गयो । तथागतले ाई धर्मानुकूल उपदेश दिनु भयो । राजा बाटोमा फर्कदै गर्दा 'आफूले भन्ने प्रश्न सोध्न बिर्सेको कुरो सम्भी, भोलि अवश्य सोध्नेछु' भनी मा फर्क्यो ।

भोलिपल्ट पनि राजा त्यही कुरा सोध्न भगवान बुद्ध समक्ष पुग्यो । तर न पनि त्यो कुरा सोध्न भुलेछ । 'मल्लिकादेवीको जन्म कहाँ भयो होला' ुरा सोध्न राजा सात दिनसम्म लगातार भगवान बुद्ध कहाँ पुग्यो । तर ले राजालाई त्यही कुरा सोध्न बिर्सने गरी आफ्नो **ऋद्धिबल** प्रयोग गर्नु थियो ।

मल्लिका महारानी सातदिन सम्म नरक भोग गरी त्यहाँबाट च्यूत भई नमा **तुषित देवलोक**मा उत्पन्न भईन् ।

तथागतले त्यस्तो ऋद्धिबल प्रयोग गर्नु भएको कारण के भने एकातिर देवी राजाको अति प्रिय रानी थिइन् । 'तिनी नरकमा पतन भईन्' भन्ने र राजालाई असह्य वेदना हुनेछ । अर्कोतिर राजाले यसरी पनि सोच्नेछ ो विधि श्रद्धा भएकी धर्मात्मा रानी त **नरकगामी** हुन सक्छ भने यी पुण्यकर्म गरेको के काम लाग्यो । यस्तो **मिथ्याधारणा**ले गर्दा प्रतिदिन रमा पाँच सय भिक्षुहरूलाई भोजन दान दिइरहेको कार्य पनि रोकिने छ, राजा पनि **नरकगामी** हुनेछ ।

आठौं दिनमा भगवान बुद्ध स्वयं राजदरवारमा भिक्षा जानु भयो । तथागत रणमा आउनु भएको कुरा थाहा पाई दरवारबाट बाहिर निस्केर राजा

Downloaded from http://www.dhamma.digital

आफैले भिक्षापात्र लिई दरवार माथि जान लाग्यो। तर तथागतले **रथशाल** बस्ने इच्छा गर्नु भएकोले तुरन्तै आसनको व्यवस्था मिलाउन लगाइयो।

भगवान बुद्ध आसनमा बसिसक्नु भएपछि राजाले यागु, रोटी जलपानको खाद्य वस्तु अर्पण गर्दै तथागतलाई सादर वन्दना गरी यसरी गऱ्यो– "भन्ते भगवन्! 'मल्लिकादेवीको जन्म कहाँ भयो होला' भन्ने प्रश्न म तथागत कहाँ धेरै पल्ट आएँ। तर त्यही कुरा सोध्न बिर्सिन्थ्यो।"

भगवन्! दया गरी आज्ञा गर्नु होस्– 'अहिले तिनी कहाँ कुन लं उत्पन्न भइन्?'

तथागतले भन्नु भयो– "महाराज! अहिले तिनी **तुषित लोक**मा उ भएकी छिन्।"

भगवान बुद्धको यस्तो कुरा सुनेर राजा अत्यन्त खुशी भई यसरी गऱ्यो– "भन्ते! मल्लिकादेवी **तुषित लोक**मा उत्पन्न नभए अरू को उ होला! भन्ते भगवन्! तिनी जस्ती शील सदाचार सम्पन्न नारी रत्न अ सक्तैन होला। रात-दिन तिनी जहाँ बसे पनि 'भोलि तथागतलाई यो दान ि त्यो दान दिनेछु। यस्तो व्यवस्था गर्नु पऱ्यो, त्यस्तो व्यवस्था गर्नु पऱ्यो' कुरा बाहेक तिनको मनमा केही आउँदैन्थ्यो। भन्ते भगवन्! तिनी प भए देखिन् मेरो मन अस्थिर भइरहेछ।"

भगवान बुद्धले राजालाई आश्वासन दिनु हुँदै भन्नु भयो– "महा यसरी चिन्ता नगर्नु होस्। मृत्यु हुनु प्राणी मात्रको स्वभाव धर्म हो।"

तथागतले राजाको मनस्थितिलाई सम्झेर यसरी प्रश्न गर्नु : "महाराज! यो रथ कसको हो?"

राजाले बिन्ति गर्दै भन्यो– "भगवन! यो मेरो हजुर बुबाको रथ

तथागतले अर्को रथलाई देखाउँदै प्रश्न गर्नु भयो– "त्यो चाहिं व रथ नि?"

Downloaded from http://www.dhamma.digital

राजाले बिन्ति गऱ्यो– “भन्ते ! त्यो मेरो बुबाज्यूको रथ हो ।”

तथागतले अर्को नयाँ रथलाई संकेत गर्नु हुँदै सोध्नु भयो– “महाराज ! यो रथ कसको ?”

राजाले फेरि बिन्ति गर्दै भन्यो– “भन्ते भगवन् ! यो रथ मेरो हो ।”

भगवान बुद्धले राजालाई रथको उदाहरण दर्शाउनु हुँदै यसरी सम्झाउनु भयो– “महाराज ! तपाईको हजुरबुबाको रथ तपाईको बुबाज्यूको रथ भन्दा पुरानो भएकोले राम्रो देखिंदैन । त्यस्तै तपाईको रथ भन्दा तपाईको बुबाज्यूको रथ पुरानो देखिन्छ ।”

यसरी काठको टुक्रा मिलाएर बनाइएको रथहरू त पुरानो हुँदै थोत्रो भएर जान्छन् भने हाम्रो यो शरीर वृद्ध हुँदै जानुमा के आश्चर्य मान्नु ? सम्पूर्ण प्राणी वृद्ध-वृद्धा भएर जाने स्वभावका हुन् । महाराज ! केवल **सत्पुरुष-धर्म** मात्र कहिल्यै जीर्ण हुँदैन ।”

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो—

**“जीरन्ति वे राजरथा सुचिता,**
**अथो सरीरम्पि जरं उपेति ।**
**सतञ्च धम्मो न जरं उपेति,**
**सन्तो हवे सब्भि पवेदयन्ति ॥”**

**अर्थ–** राजाको सुसज्जित रथ जीर्ण भएर गए झैं यो शरीर पनि जीर्ण भएर जान्छ । तर साधुसन्तको धर्म जीर्ण भएर जाँदैन । सन्तहरू सन्त कै अगाडि यही कुरा भन्ने गर्दछन् ।

**भावार्थ–** यस गाथामा सात प्रकारका रत्नहरू तथा विविध प्रकारका रथालङ्कारले राम्रोसँग सजिएका राजाका रथहरू पनि समय भएपछि पुरानो भएर जान्छन् । रथ मात्रै

Downloaded from http://www.dhamma.digital

होइन, यस्तो विधि आरक्षा-सुरक्षा र सेवा-सुश्रुषा गरी राखेको यो शरीर पनि एक दिन खण्डित भई जीर्ण भएर जान्छ। तर भगवान बुद्ध आदि सन्तहरूद्वारा उपदिष्ट नव लोकुत्तर धर्मलाई कहिल्यै कुनै नोक्सान गर्न सक्तैन अर्थात् जीर्ण हुँदैन। यी कुरा बुद्धादि सन्तहरूले सबै पण्डितहरूको अगाडि भन्ने गर्दछन्।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** आदि प्राप्त गर्नमा सफल भए।

'मल्लिकादेवीको कथा समाप्त'।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

## ११.७. लालुदायी स्थविरको कथा

### ११.७. (अज्ञानीको मासु बढ्छ, प्रज्ञा बढ्दैन)

११. (१५२) **"अप्पस्सुता'यं पुरिसो,**
**बलिबद्दोव जीरति ।**
**मंसानि तस्स वड्ढन्ति,**
**पञ्ञा तस्स न वड्ढति"** ।।७।।

एक समय **भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा** विहार गरिरहनु भएको त्यस बेला तथागतले यो गाथा **लालुदायी स्थविरको** कारणमा आज्ञा गर्नु हो ।

बुद्धकालीन समयमा **श्रावस्तीमा लालुदायी** भन्ने एक जना भिक्षु ो । उसले **मंगल कार्य** भइरहेको गृहस्थहरूको घरमा गई **'तिरोकुट्टेसु** ' आदि **अमंगलका** कुराहरू उपदेश दिने गर्थ्यो । फेरि अमंगल भइरहेको गई अमंगल कै कुरा गर्नु पर्ने ठाउँमा **'दानं च धम्म चरिया च'** आदि ा कुराहरू गर्ने, अथवा **"यं किञ्चि वित्तं इध वा हुरं वा"** आदि **रत्न सूत्रको** ा दिने गर्थ्यो ।

यस प्रकार त्यस भिक्षुलाई 'कहाँ कस्तो उपदेश दिनु पर्दछ' भन्ने कुराको ेन । त्यति मात्रै होइन, ठाउँ अनुसार अनुकूल नभएका कुराहरू गरेर विषयमा त्यस भिक्षुले महसूस गर्न सकेन ।

त्यसकारण अरू भिक्षुहरू भगवान बुद्ध कहाँ गई त्यस भिक्षुको विषयमा बिन्ति गरे– "भन्ते भगवन् ! लालुदायी स्थविरले गृहस्थहरूको घरमा गई कार्य भइरहेको बेला अमंगलको उपदेश दिने, अमंगल कार्य भइरहेको घरमा गलको उपदेश दिने गर्दछ ।"

ती भिक्षुहरूको कुरा सुन्नु भई भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू !

Downloaded from http://www.dhamma.digital

'त्यस लालुदायी स्थविर अहिले मात्रै त्यस्तो कुरा गरेर हिड्ने होइन, पहिले पहिलेको जन्ममा त्यसले त्यस्तै काम गरेर हिड्थ्यो' भन्नु हुँदै उसको अतीतको कुरा यसरी वर्णन गर्नु भयो–

## लालुदायीको अतीत कथा–

अतीत समयमा **वाराणसी नगरमा अग्निदत्त** नामक एक जना **ब्राह्मण** बस्दथ्यो । उसको छोरोको नाम **सोमदत्त** थियो । सोमदत्त राजा कहाँ नोकरी गर्दथ्यो । उनी राजाको प्रियपात्र थियो ।

सोमदत्तको पिता अग्निदत्त आफ्नै घरमा बसी खेती गरी जीवन बिताइरहेको थियो। ऊसँग दुइ वटा मात्रै गोरुहरू थिए। ती दुइ मध्ये एउटा गोरु मऱ्यो ।

एक दिन अग्निदत्तले आफ्नो छोरोलाई भन्यो– "प्रिय पुत्र ! तिमीले राजासँग एउटा गोरु मागेर ल्याई देऊ ।"

सोमदत्तले विचार गऱ्यो– "मैले राजासँग गोरु माग्दा मेरो हीन भावना प्रकट हुन्छ। मैले माग्नु भन्दा पिताजीलाई नै माग्न लगाउनु ठीक होला। तर मेरो पिताजी साह्रै मन्द बुद्धिको छ। राजदरवारमा गई एउटा भन्नु पर्ने ठाउँमा अर्कै भन्ने सम्भावना छ। त्यसैले सवै कुरा राम्रो सिकाएर मात्रै राजा कहाँ लैजानु पर्ला ।"

सोमदत्त ब्राह्मण कुमारले आफ्नो पिताजीलाई **वीरणत्थम्भक** भन्ने श्मशानमा लिएर गयो। त्यहाँ उनले घाँस मुठा-मुठा पारी ठहऱ्याएर 'यो राजा हो, यो राजकुमार हो, यो सेनापति हो' भनी बावु चाहिंलाई दर्शाउँदै यसो भन्यो– "हेर्नुस्, राजकुलमा जाँदा यसरी जानु पर्दछ, यसरी फर्कनु पर्दछ। राजासँग यसरी बोल्नु पर्दछ, युवराजसँग यसरी बोल्नु पर्दछ" भनी सवै कुरा सिकाई सकेपछि गोरु माग्न उसलाई यो एउटा गाथा कण्ठ गर्न लगायो ।

Downloaded from http://www.dhamma.digital

**"द्वे मे गोणा महाराज, येहि खेत्तं कसामसे ।**
**तेसु एको मतो देवो, दुतियं देहि खत्तिया"ति ॥**

**अर्थ–** महाराज ! मसँग दुइवटा गोरु थिए जसको सहायताबाट मैले खेती वन यापन गरिरहेको थिएँ । ती दुइ मध्ये एक गोरु मऱ्यो, त्यसकारण हे श्रेष्ठ ! मलाई अर्को एउटा गोरु दिई बक्सियोस् ।

यो एउटा गाथा कण्ठ गर्नलाई उसलाई एक वर्ष जति लाग्यो ।

सोमदत्तले आफ्नो बाबुलाई केही कोशेली लिएर राजाकहाँ आउन सल्लाह फू पहिल्यै गएर त्यहाँ बसिरह्यो ।

अग्निदत्त ब्राह्मण राजाको समक्ष पुग्यो । त्यहाँ आफ्नो छोरोलाई देखेर ऊ साह्रै त भयो । राजा खुशी भई ऊसँग कुशल वार्ता गरिसकेपछि राजदरवारमा ो कारण सोध्यो ।

अग्निदत्तले गाथाद्वारा यसो भन्यो–

Dhamma.Digital

**"द्वे मे गोणा महाराज, येहि खेत्तं कसामसे ।**
**तेसु एको मतो देवो, दुतियं गण्ह खत्तिया"ति ॥**

**अर्थ–** महाराज ! मसँग दुइवटा गोरु थिए जसको सहायताबाट मैले खेती वन यापन गरिरहेको थिएँ । ती दुइ मध्ये एक गोरु मऱ्यो, त्यसकारण हे श्रेष्ठ ! तपाईंले अर्को एउटा गोरु लिई बक्सियोस् ।

उसको कुरा सुनेर राजा छक्क पर्दै भन्यो– "हे ब्राह्मण ! तिमीले यो के ? फेरि एक चोटी भन त ।"

अग्निदत्तले त्यही गाथा दोहऱ्याएर भन्यो । राजाले उसले भूल गरेको कर सोमदत्ततिर फर्केर भन्यो– "तिमीहरूको घरमा धेरै गोरुहरू छन् कि "

Downloaded from http://www.dhamma.digital

सोमदत्तले विन्ति गऱ्यो– "महाराजले बक्सिएको भए होला।"

राजा सोमदत्त देखि साह्रै खुशी भई त्यस अग्निदत्त ब्राह्मणलाई सोह्र वटा गोरु र अलंकार गर्ने सामान सहित ब्राह्मण बसेको गाउँ एउटा पनि बक्स दिएर पठायो।

भगवान बुद्धले लालुदायी भिक्षुको अतीत कथा यसरी अन्त गर्नु हुँदै भन्नु भयो– "भिक्षुहरू ! त्यस समयमा राजा हुने अहिलेको आनन्द स्थविर हो, लालुदायी स्थविर हुने अग्निदत्त ब्राह्मण हो, **सोमदत्त कुमार** हुने **सर्वज्ञ बुद्ध** हो। "भिक्षुहरू ! यो लालुदायी भिक्षु पहिले पनि त्यस्तै थियो, अहिले पनि एउटा भन्नु पर्ने ठाउँमा अर्कै भनेर हिड्छ। अल्पश्रुत अर्थात् जान्ने सुन्ने नभएको मानिसहरू गोरु समान हुन्छ भन्नु हुँदै यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"अप्पस्सुता'यं पुरिसो,**
**बलिबद्दो'व जीरति।**
**मंसानि तस्स वड्ढन्ति,**
**पञ्ञा तस्स न वड्ढति॥"**

**अर्थ–** अल्पश्रुत अर्थात् अज्ञानी मानिस साँढे झैं बढ्छ। उसको मासु मात्रै बढ्छ, प्रज्ञा-ज्ञान बढ्दैन।

**भावार्थ–** यस गाथामा **अप्पसुतायं** = जसले ग्रन्थको एक वा दुइ सूत्र (**पण्णासक**) कठस्थ नगर्नेलाई **अल्पश्रुत** भनिन्छ। तथागत आदिवाट कर्मस्थान ग्रहण गरी ध्यान गर्नेहरूलाई **बहुश्रुत** भनिन्छ। **बलिबद्दोव जीरति** = जसरी साँढेको शरीर मात्रै बढ्छ, तर उसको शरीर बढे पनि उसको आमा-बाबु, आफन्तको लागि निरर्थक हुन्छ। त्यस्तै-त्यस्तै यस्तो अल्पश्रुतले न आफ्नो उपाध्यायलाई, न आचार्यलाई, न आगन्तुकहरूलाई सेवा सत्कार गर्दछ, न त ध्यान-भावना गर्नमा लाग्दछ। उसको शरीर त्यत्तिकै निरर्थक भई जीर्ण भई जान्छ। **मंसानि तस्स वड्ढन्ति** = साँढेहरू कुनै कृषि कार्यमा उपयोग नहुने हुनाले

Downloaded from http://www.dhamma.digital

जङ्गलमा छोडिदिन्छ। तिनीहरू त्यहाँ खाई-पिई, विचरण गरी उसको मासु मात्रै वृद्धि हुन्छ, तर अरू जनताको लागि **केही काम** आउँदैन । त्यसरी नै उपाध्याय आदिबाट **छोडिएको** यो भिक्षु संघमा बसी **चार प्रत्यय** प्राप्त गरी अनेक क्रियाद्वारा शरीर मोटाउने काम गर्दछ, मोटाएर विचरण गर्दछ तर समाजको लागि उसले कुनै उपयोगी हुने काम गर्दैन ।

**पञ्ञा तस्स न वड्ढति** = उसको लौकिक र लोकुत्तर प्रज्ञा एक अंगुल पनि **बढ्दैन** । जङ्गलमा उम्रने व्यर्थका रूख-लहरा बढे झैं उसको छ-द्वारको कारणबाट तृष्णा र **नौ प्रकारका अभिमान** मात्र बढ्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** आदि प्राप्त गर्नमा सफल भए ।

Dhamma.Digital

'लालुदायी स्थविरको कथा समाप्त' ।

Downloaded from http://www.dhamma.digital

# ११.८. उदान कथा

## ११.८. (अरहत्व प्राप्त भइसक्यो)

११. (१५३) "**अनेकजाति संसारं – सन्धाविस्सं अनिब्बिसं ।**
**गहकारकं गवेसन्तो – दुक्खा जाति पुनप्पुनं" ॥८॥**

११. (१५४) "**गहकारक दिट्ठोसि – पुन गेहं न काहसि ।**
**सब्बा ते फासुका भग्गा – गहकूटं विसङ्खतं ।**
**विसङ्खारगतं चित्तं – तण्हानं खय'मज्झगा" ॥९॥**

**भगवान बुद्धले बोधिवृक्ष मुनि** बस्नु भई **बुद्धत्व** प्राप्त गरिसक्नु भए व्यक्त गर्नु भएका यी **उदान गाथा** हुन् ।

पछि **आनन्द स्थविरले** यस उदान गाथाको विषयमा प्रश्न गर्नु तथागतले यसरी ब्याख्या गर्नु भयो—

**तथागत बुद्धगयाको बोधिवृक्ष** मुनि बस्नु भई सूर्यास्त हुनु भन्दा पि सम्पूर्ण **मार-सेनालाई** जितेर **रातको प्रथम याममा** (प्रहरमा) उहाँले **पुब्बेनिवासा ञाण** साक्षात्कार गर्नु भई अन्धकारलाई नाश गर्नु भयो । दोस्रो याममा **दिब्ब ञाण** (दिव्यदृष्टि) प्राप्त गर्नु भई परिशुद्ध हुनु भयो । रातको अन्तिम या प्राणीहरू प्रति करुणाभाव राख्नु भई **पटिच्चसम्मुपाद** (प्रतित्यसमुत्पाद) **अनुलोम-प्रतिलोम** क्रमानुसार विचार गर्नु भई सूर्योदय हुनु भन्दा पहिल्यै **आसव ञाण** (आस्रवक्षय ज्ञान) लाई साक्षात्कार गर्नु भई **सम्यकसंबोधित्व** प्राप्त भयो । त्यस पछि तथागतले अनेक **सतसहस्स** (लाखौं) **बुद्धहरूद्वारा** अपरित (नछोडिएका) **उदान गाथा** यसरी व्यक्त गर्नु भयो–

"**अनेकजाति संसारं – सन्धाविस्सं अनिब्बिसं ।**
**गहकारकं गवेसन्तो – दुक्खा जाति पुनप्पुनं ॥"**

Downloaded from http://www.dhamma.digital

**अर्थ–** अनेक जन्महरूसम्म रोक्दै नरोकिकन यस संसार चक्रमा दगुर्दै रहें। काया रूपी घर बनाउने (तृष्णा) लाई खोज्दै बार-बार दुःखमय जन्ममा परिरहें।

**"गहकारक दिट्ठोसि – पुन गेहं न काहसि।**
**सब्बा ते फासुका भग्गा – गहकूटं विसङ्खतं।**
**विसङ्खारगतं चित्तं – तण्हानं खय'मज्झगा॥"**

**अर्थ–** हे गृहकारक ! (हे तृष्णा !) अब मैले तिमीलाई देखी सकें। अब ले फेरि (मेरो) घर बनाउन सक्तैनौं। तिम्रो घर बनाउने सबै साधन भग्न क्यो। घरको शिखर पनि सबै विशृंखलित भइसकेको छ। चित्त संस्कार रहित क्यो। तृष्णाक्षय (अर्हत्व प्राप्त) भइसक्यो।

**भावार्थ–** **'गहकारकं गवेसन्तो= म यस'गहं' = अथवा 'अत्तभाव'** (आत्मभाव) रूपी बनाउने गृहकारक तृष्णा वृद्धि गरिरहनेलाई खोजी गर्दै रहें। जसले त्यसलाई देख्न हों, त्यस **बोधिज्ञान** प्राप्त गर्नको लागि **दीपंकर तथागत**को **श्रीपादमा प्रतिज्ञा** गरी **जाति संसार** = अनगिन्ति जन्म लिदैं यस संसारमा घुमिरहें। **सन्धाविस्सं अनिब्बिसं** = बोधिज्ञानलाई पाउन नसकेको हुनाले सन्धावन गर्दै रहें, रोक्दै नरोकिकन वेगन्ने दगुर्दै ति भट्की रहें। **दुक्खा जाति पुनप्पुनं** = यस शरीर रूपी घर बनाउनेको खोजी गर्दै ार-बार जन्म भयो जसमा **जरा, व्याधि, मरण** निहित भएको कारणले दुःखदायी छ।

**'गहकारक दिट्ठोसि'** = हे गृहकारक ! मैले तिमीलाई सर्वज्ञ ज्ञानद्वारा देखिसकें। **' न काहसि** = अब देखी तिमीले मेरो लागि यस संसार चक्रमा घुम्नु पर्ने **अत्तभाव** = ार बनाउन सक्तैनौ। **सब्बा ते फासुका भग्गा** = तिम्रो बाँकी रहेको सम्पूर्ण **क्लेशला** ष्ट गरिसके। **गहकुटं विसङ्खतं** = तिमीले बनाएको **आत्मभाव** रूपी घरको **अविद्या**, तृष्णाको शिखरलाई विध्वंस पारी सके। **विसङ्खारगतं चित्तं** = अब मेरो चित्त रहित भइसक्यो। निर्वाणको आलम्बन गरी साक्षात्कार गरी सकें। **तण्हान** **ज्झगा** = तृष्णालाई क्षय गरी अर्हत्वको अवस्था प्राप्त गरी सकें।

उदान कथा समाप्त।

Downloaded from http://www.dhamma.digital

# ११.९. महाधन श्रेष्ठी पुत्रको कथा

## ११.९. (धूर्त संगतको परिणाम ?)

**११. (१५५) "अचरित्वा ब्रह्मचरियं - अलद्धा योब्बने धनं।**
**जिण्णकोञ्चा'व झायन्ति - खीणमच्छे'व पल्लले" ॥१०॥**

**११. (१५६) "अचरित्वा ब्रह्मचरियं - अलद्धा योब्बने धनं।**
**सेन्ति चापा'तिखीणाव - पुराणानि अनुत्थुनं" ॥११॥**

एक समय **भगवान बुद्ध वाराणसी**को **ऋषिपतन मृगदावन**मा विहार गरिरहनु भएको थियो। त्यस बेला यी दुइ गाथा **महाधनी श्रेष्ठी पुत्र**को कारणमा आज्ञा गर्नु भएको हो।

त्यस बेला **वाराणसी नगर**मा एक जना महाधनी सेठ बस्दथ्यो। उसको **अस्सी करोड** धन सम्पत्ति थियो। उसको एउटै मात्र छोरो थियो। धेरै धन-सम्पत्ति भएको कारणले आफ्नो एक्लो छोरोलाई सुख-सुविधामा हुर्काउने, बढाउने विचारले गीत गाउने, बाजा बजाउने, रसरङ्गमा भुलाउने काममा मात्रै लगाई राखे।

**वाराणसी नगर**मा अर्को एक जना महाजन थियो। ऊसँग पनि **अस्सी करोड** धन-सम्पत्ति थियो। उसको एउटी मात्र छोरी थिइन्। तिनलाई पनि सुखपूर्वक हुर्काइ, बढाई नाच्ने, गाउने, रसरङ्गमा भुलाउने काम मात्रै सिकाई राखेको थियो।

दुवै यौवन अवस्थामा पुगिसकेपछि ती महाजनहरूले ती दुबैलाई विवाह गरी दिए। केही समय बितेपछि ती दुबैको माता-पिता परलोक भए। दुबै तिरको अस्सी-अस्सी करोड धन सम्पत्ति एकै घरमा राखियो।

महाजन पुत्र दिनको तीन पल्ट राजाको सेवामा जाने गर्थ्यो। त्यस नगरमा रहने रक्सीवाज बदमासहरूले विचार गरे– "यस महाजन पुत्र एक

Downloaded from http://www.dhamma.digital

ाई रक्सी खाने बानी बसाउन सके हामीलाई निकै फाइदा हुनेछ। जसरी नि उसलाई हाम्रो समूह भित्र ल्याउनु पऱ्यो।"

यसरी तिनीहरूले आपसमा सल्लाह गरिसकेपछि रक्सीको बोटल, तारेको : अन्य नमकिन खाद्य-पदार्थ लिई महाजन पुत्र दरवारबाट फर्किने बाटोमा ः। उनी त्यस बाटोबाट आएको देख्ने बित्तिकै रक्सी पिएर ती खाद्य चीज यसो भन्यो– "मालिक ! तपाई सय वर्ष बाँचोस् ! तपाईको मद्दतबाट । पनि खान पिउन पाओस्।"

तिनीहरूको कुरा सुनेर उनको पछि-पछि आइरहेको सेवकसँग सोध्यो– हरूले के पिई रहेको ?"

सेवकले भन्यो– "मालिक ! त्यो एक प्रकारको पेय पदार्थ हो। यो मा त्यो जस्तो मिठो पिउने रस अरू छैन।"

सेवकको कुरा सुनी महाजन पुत्रले अलि-अलि गर्दै रक्सी पिउन थाल्यो। रक्सी पिएको थाहा पाई रक्सीवाज बदमासहरू एक-एक गर्दै उनको घरमा थाल्यो। उनको पिउने मात्रा बढ्दै गयो। बदमासहरूले उनलाई कहिले खेलमा लगाए, कहिले नाचगानमा भुलाए। 'यसलाई एक हजार देऊ, ई दुइ हजार देऊ' भन्दै उनको धन बेहाल गरी खर्च गर्न लगाए। यसरी त्यस न पुत्रको अस्सी करोड धन समाप्त भयो।

कोषाध्यक्षले भन्यो– "मालिक ! तपाईको सम्पूर्ण धन सकिसक्यो।"

महाजन पुत्रले भन्यो– "त्यसो भए मेरो पत्नीको धन खर्च गर।"

पत्नीको धन पनि यस्तै प्रकारले बेपर्वाहसँग खर्च गरी समाप्त पाऱ्यो। ग अब नगद धन कत्ति पनि रहेन। त्यस पछि उनले घर, खेत, वगैंचा, बेच्न थाल्यो। ती वस्तुहरूको पैसा पनि सकिए पछि गलैचा, दरी, कम्बल, वर्तन, शल आदि आफूसँग भएको सम्पूर्ण चीज बेचेर खाई-पिई सिध्यायो। क्रमशः बृद्ध हुँदै गयो। उनको घर किन्ने साहुले ती दुबै पति-पत्नीलाई

Downloaded from http://www.dhamma.digital

घरबाट निकाल्यो। ती दुबै जना विवश भई अर्काको घर पछाडिको भित्ता मुनि आश्रय लिई बस्न थाले। माटोका भाडामा अर्काको जुठो मागेर खान बाध्य भए।

एक दिन ती दुइ पति-पत्नी आसन-शालाको (द्वारमा) ढोकामा उभिएर श्रामणेरहरूसँग जुठो भोजन मागिरहेको देख्नु भई भगवान बुद्ध मुसुक हाँस्नु भयो।

आनन्द स्थविरले भगवान बुद्ध मुस्कुराउनु भएको कारण बिन्ति गरेपछि तथागतले भन्नु भयो– "आनन्द ! यस महाधन श्रेष्ठी पुत्रलाई हेर। यो व्यक्ति केही वर्ष पहिले यस नगरमा **अस्सी करोड** धन-सम्पत्तिको मालिक थियो। उसले मूर्ख बदमासहरूको संगत गरी मद्यपान गरी जुवा खेलेर सम्पूर्ण सम्पत्ति समाप्त गरी आज आफ्नी पत्नीका साथ जुठो मागेर खाई जीवनयापन गरिरहेछ। यदि उसले आफ्नो जीवनको **प्रथम वैस**मा त्यो धनको उचित उपयोग गरी व्यापारमा लगाएको भए ऊ यस नगरको **अग्र महाजन** हुने थियो; प्रव्रजित भएको भए ऊ **अरहन्त** हुने थियो; उनकी पत्नीले **अनागामी मार्ग-फल** प्राप्त गर्ने थिईन्। यदि उसको जीवनको **मध्यम वैस**मा ती धन व्यापारमा लगाएको भए ऊ यस नगरको **दुतीय महाजन** बन्ने थियो। घरवार छोडी प्रव्रजित भएको भए उसले **अनागामी मार्ग-फल** प्राप्त गर्न सक्ने थियो; उनकी पत्नी **सकृदागामी मार्ग-फलमा** प्रतिष्ठित हुने थिईन्। यदि उनको जीवनको **अन्तिम वैसमा** त्यस धनको उचित उपयोग गरेको भए ऊ यस नगरको **तृतीय महाजन** बन्ने थियो। घर त्यागेर प्रव्रजित भएको भए उनले **सकृदागामी मार्ग-फल** प्राप्त गर्ने थियो; उनकी पत्नीले **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्ने थिईन्।

अहिले यो **महाधनी श्रेष्ठी** पुत्रले न गृहस्थ धर्मको उचित उपयोग गर्न सक्यो; न यसले **श्रामण्य-फल** नै पाउन सक्यो। सुक्खा जलाशयमा बसिरहने निर्बल वृद्ध सारस झैं आज यो यस्तो दीन-हीन अवस्थामा पुगिरहेछ।"

यसै सन्दर्भमा तथागतले यी गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

Downloaded from http://www.dhamma.digital

**"अचरित्वा ब्रह्मचरियं – अलद्धा योब्बने धनं।**
**जिण्णकोञ्चा'व झायन्ति – खीणमच्छे'व पल्लले ॥"**

**अर्थ–** जसले ब्रह्मचर्य पालन गर्दैन; जसले यौबन अवस्थामा धन कमाउदैन. व्यक्ति माछा नभएको जलाशयमा वृद्ध सारस (हाँस) झुकेर बसे झैं बस्नु छ।

**"अचरित्वा ब्रह्मचरियं – अलद्धा योब्बने धनं।**
**सेन्ति चापा'तिखीणा'व – पुराणानि अनुत्थुनं ॥"**

**अर्थ–** जसले ब्रह्मचर्य पालन गर्दैन; जसले यौबन अवस्थामा धन कमाउदैन, व्यक्तिले फ्याँकी राखेको पुरानो वाण झैं बितेका कुराहरू सम्झेर ाप गरिरहनु पर्ने हुन्छ।

**भावार्थ–** यी दुइ गाथामा– **अचरित्वा ब्रह्मचरियं** = ब्रह्मचर्य (ध्यान, साधना) पूर्ण ा, **अलद्धा योब्बने धनं** = उत्पन्न नभएको भोग-सम्पत्ति उत्पन्न गर्ने, उत्पन्न ो भोग-सम्पत्तिलाई आरक्षा गर्ने समर्थ भएको वेलामा धन प्राप्त नगर्ने, **खीणमच्छे** ा मूर्खहरू त्यसरी नै चिन्तित रहन्छन् जसरी माछा नभएको जलाशयमा **ञ्चा'व झायन्ति** = जीर्ण भइसकेको वृद्ध कौञ्च पंछि चिन्तित रहन्छ।

यस भनाईको तात्पर्य हो– **पल्लल** = जलाशय (पोखरी) मा पानी नभए झैं सँग बस्ने ठाउँ नभएको, पोखरीमा माछा नभए झैं तिनीहरूसँग धन-धान्य, पत्ति सिद्धिएको, पखेता भाँचिसकेको कारणले कौञ्च पंछि एक जलाशयबाट ाशयमा जान नसके झैं वृद्धावस्थाको कारणले तिनीहरू त्यही झुलेर वस्नु ा।

**चापांतिखीणा'व** = जसरी धनुषबाट छोडेको वाण वेग अनुसार केही टाढा गएर त्यसलाई कसैले त्यहाँबाट निकालेन भने त्यहीं धुलो-मैलोले छोप्दछ, त्यस्तै ो आयु पनि तीनै वैस पार भइसकेपछि त्यस खाडलबाट (अवस्थाबाट) उम्कन ात्तिकै मृत्युको प्राप्त गर्दछ। **पुराणानि अनुत्थनं** = हामीले पहिले खायौं, पियौं, ायौं, भनी वारम्वार चिन्ता गरेर समय बिताउँछन्।

Downloaded from http://www.dhamma.digital

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरूले **स्रोतापत्ति मार्ग-फल** आदि प्राप्त गर्नमा सफल भए।

'महाधन श्रेष्ठी पुत्रको कथा समाप्त'।

**जरावर्गको वर्णन समाप्त।**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# १२. अत्तवग्गो

## १२.१. बोधिराजकुमारको कथा

### १२.१. (आफ्नो सुरक्षा आफै गर)

**१२. (१५७) "अत्तानं चे पियं जञ्ञा – रक्खेय्य नं[1] सुरक्खितं ।**
**तिण्णं 'अञ्ञतरं यामं – पटिजग्गेय पण्डितो" ॥१॥**

एक समय **भगवान बुद्ध भेसकलावन (सुंसुमारगिरि)** मा विहार गरिरहनु थियो। त्यस बेला तथागतले यो गाथा **बोधिराजकुमार**को कारणमा आज्ञा एको हो ।

**बोधिराजकुमार**ले यस्तो एउटा दरवार बनाउन लगायो कि त्यो जस्तो यस पृथ्वीमा अन्त कतै बनेको थिएन । त्यस दरवारको नाम **काकनुद** राखियो ।

त्यसपछि बोधिराजकुमारले त्यस प्रकारको अद्वितीय दरवार बनाउने नाइकेलाई बोलाएर यसरी प्रश्न गऱ्यो– "हे सिकर्मी नाइके ! तिमीले यस गे प्रासाद पहिले कतै बनाएका थियौ ?"

नाइकेले बिन्ति गर्दै भन्यो– "राजकुमार ! यही मेरो पहिलो प्रासाद को शिल्पकला हो ।"

उसको जवाफ सुनिसकेपछि राजकुमारले मन-मनै सोच्यो– "यस नाइकेले गरको आश्चर्यजनक दरवार अरूलाई पनि बनाई दियो भने मेरो दरवारको घट्ने छ। यसकारण कि यसलाई मार्न लगाउनु पऱ्यो, कि यसको हात-ट्न लगाउनु पऱ्यो कि यसको दुइ वटै आँखा फोर्न लगाउनु पऱ्यो। अनि सले अरूलाई यस्तो आश्चर्यजनक दरवार बनाई दिन सक्तैन ।"

Downloaded from http://www.dhamma.digital

राजकुमारले आफ्नो यो मनको कुरो आफूलाई साह्रै मन पर्ने **संजीवक-पुत्र** भन्ने एक जना साथीलाई सुतुक्क भन्यो ।

संजीवक पुत्रले विचार गऱ्यो– "राजकुमारले यस्तो विधि सिपालु सिकर्मी नाइकेलाई विनाश गर्न लाग्यो । मैले जसरी भए पनि यसलाई बचाउने उपाय गर्नु पर्छ ।"

त्यसपछि संजीवक-पुत्र शिल्पकार कहाँ गई यसो भन्यो- "हे शिल्पकार ! राजकुमारले तिमीलाई 'प्रासादको काम सकियो कि' भनी सोध्यो भने 'काम गर्ने बाँकी छ' भनी जवाफ दिनु । राजकुमारले तिम्रो अङ्ग-भङ्ग गर्ने अथवा तिमीलाई मार्ने विचार गरेको छ । तिमी आफू सुरक्षित हुने उपाय वेलैमा सोच्नु राम्रो हुनेछ ।"

संजीवक-पुत्रको यस्तो सूचना पाई शिल्पकारले आभार व्यक्त गर्दै भन्यो– "महाशय ! मेरो जीवन सुरक्षाको लागि यो सूचना दिनु भएकोमा तपाईलाई धेरै धन्यवाद छ । अब म आफ्नो सुरक्षाको उपाय गर्दछु ।"

एक दिन बोधिराजकुमारले सिकर्मी नाइकेसँग सोध्यो– "शिल्पकार ! हाम्रो प्रासादको काम सकियो ?"

सिकर्मी नाइकेले भन्यो - "राजकुमार ! अहिलेलाई बाहिरबाट देखिने काम सकियो भन्नु पऱ्यो । तर भित्रको मसिनो कामहरू गर्न धेरै बाँकी छ ।"

राजकुमारले भन्यो- "यस प्रासादमा अरू के काम बाँकी छ त ? अव तिमीलाई के-के चीज चाहिन्छ ?"

सिकर्मी नाइकेले भन्यो– "अहिलेलाई भित्रको मसिनो काम गर्नलाई सुकेको वलियो हल्लङ्गो काठ चाहिएको छ । त्यो काम खूब होसियारपूर्वक गर्नु परेकोले खाना ल्याउन मेरी पत्नी एक जना वाहेक अरू कोही पनि मलाई भेट्न नआओस् ।"

Downloaded from http://www.dhamma.digital

राजकुमारले उसले भनेको जस्तो सामान पुऱ्याउन लगायो। शिल्पकार
ा नआउने एउटा गुप्त कोठामा बसी आफ्नो परिवार अटाउने गरुड पंछिको
ार भएको एउटा यान तयार गऱ्यो । अनि खाना लिएर आउँदा आफ्नी
लाई भन्यो– "भद्रे ! तिमीले घरमा भएका सबै सरसामान बेचेर त्यसको
े हिरा, मोटी, सुन-चाँदी किनेर तयार गरी राख्नु ।"

सिकर्मी नाइके धेरै दिनसम्म कोठाबाट बाहिर निस्केको नदेखे पछि
ुमारलाई शंका लाग्यो। उनले दरबारको चारैतिर सिपाहिहरूले घेर्न लगायो।
र्मी नाइकेले गरुड-पंछि भित्र आफ्नो सपरिवार राखेर आकाश-मार्गबाट
र लैजान सक्ने कलपूर्जा तयार गऱ्यो।

उसले खाना ल्याएको आफ्नी पत्नीलाई भन्यो– "भोलि राजकुमारले
ा गरी तिमीहरू सबै परिवार यहाँ आउनु ।"

भोलिपल्ट सिकर्मी नाइके आफ्नो परिवार सहित गरुड-पंछिमा बसी यन्त्र
र झ्यालबाट बाहिर निस्की आकाश मार्गबाट उडेर गयो । त्यहाँ पालो
का सिपाहिहरूले यो दृश्य देखी राजकुमारलाई यो सन्देश पुऱ्याउन गए ।
ी नाइके **हिमालय** पर्वततिर गई एउटा रमणीय ठाउँमा ओर्ल्यो । त्यहाँ
नगर बसाली **कट्ठवाहन** भन्ने **राजाको** नामले प्रसिद्ध भयो ।

एक दिन **बोधिराजकुमारले काकनुद प्रासादको** गृह-मंगल कार्य गर्ने
े **भगवान बुद्धलाई** निमन्त्रणा गऱ्यो। दरबारमा चार प्रकारका सुगन्धयुक्त
सजाउन लगायो। दरबारको ढोकादेखि सिंहासनसम्म रातो कपडा बिछ्याउन
। राजकुमारको सन्तान थिएन। 'बिछ्याइएको रातो कपडामा तथागतको
रेमा पुत्र वा पुत्री लाभ हुनेछ' भन्ने उनको धारणा थियो ।

भगवान बुद्ध ढोका निर आइपुग्ने वित्तिकै बोधिराजकुमारले तथागतलाई
वन्दना गरी तथागतको पात्र आफ्नो हातमा लिई दरबार भित्र पस्न प्रार्थना
दुतीयबार, तृतीयबार प्रार्थना गर्दा पनि तथागत भित्र पस्नु नभई आनन्द
ाई हेर्नु भयो ।

Downloaded from http://www.dhamma.digital

आनन्द स्थविरले तथागतको आसय बुझेर राजकुमारलाई भन्यो– "बोधिराजकुमार ! भुइमा विछ्याइएको यो कपडा हटाऊ । तथागत यसमा कुल्चेर भित्र जान चाहनु हुन्न । तथागतले भविष्यका जनताहरूको हित हुने कुरामा विचार गर्नु हुन्छ ।"

राजकुमारले बिछ्याइएको कपडा हटाई दिएपछि भगवान बुद्ध **काकनुद प्रासादमा** जानु भयो । तथागतलाई भोजन आदि खाद्य पदार्थ दान गरी सकेपछि एक छेउमा बसी राजकुमारले दुबै हात जोडी तथागतलाई यसरी बिन्ति गऱ्यो– "भन्ते भगवन् ! म तथागतको उपकारक हुँ । **म तीन पटक बुद्धको** शरणमा गई सकेको छु । म पहिलो पटक **आमाको गर्भमा** छँदा शरणमा आएँ । दोस्रो पटक **बालक अवस्थामा** शरणमा आएँ । तेस्रो पटक **वयस्क भई** समझदार भइसकेपछि शरणमा आइरहेको छु । यस्तो शरणागत उपासकले ओछ्याई दिएको कपडामा तथागतले किन पाउ राख्नु नभएको ?"

उनको कुरा सुनेर भगवान बुद्धले यसरी प्रश्न गर्नु भयो– "कुमार ! तिमीले के मनमा राखेर त्यो कपडा ओछ्याएको थियो ?"

राजकुमारले बिन्ति गऱ्यो– "भन्ते, भगवन् ! 'मलाई एउटा छोरो वा छोरी लाभ हुने भएमा तथागतले यसमा पाइला टेकी आउनु हुनेछ' भन्ने मनमा राखी त्यस कपडा ओछ्याएको थिएँ ।"

भगवान बुद्धले भन्नु भयो– "कुमार ! त्यही कारणले मैले त्यसमा पाउ नराखेको हुँ । किनभने यस जन्ममा तिमीले सन्तान पाउने सम्भावना छैन ।"

राजकुमारले आफूलाई सन्तान नहुने कारण आज्ञा गर्नु हुन बिन्ति गरे पछि तथागतले उसको अतीत समयको सन्दर्भ ल्याउनु भई यसरी वर्णन गर्नुभयो–

## बोधिराजकुमारको अतीत कथा–

"अतीत समयमा सैकडौं मानिसहरू एउटा ठूलो पानी जहाजमा वसी

Downloaded from http://www.dhamma.digital

मा यात्रा गरिरहेका थिए। समुद्रको बीचमा पुग्दा जहाज बिग्रो र जहाज
मा डुब्यो। तिमीहरू दुइ जना पति-पत्नी एउटा फल्याकको भर लिई पौडी
एउटा सानो द्वीपमा पुगे। जहाजमा बस्ने अरू सबै मानिसहरू पानीमा
मरे। त्यस द्वीपमा थुप्रै पंछिहरू बास बस्ने गरेका थिए। ती दुइ पति-
लाई साह्रै भोक लाग्यो। तिनीहरूले त्यहाँ केही खानेकुरा देखेन। अनि ती
रूको अण्डा (फूल) ल्याउँदै आगोमा पोलेर खाँदै दिन बिताउन थाले। अण्डा
पछि ती पंछिहरूका बच्चाहरू मारेर खान थाले। यसरी दुबै जना प्रथम
र अवसान– तीनै वैसमा प्रमादी भई पर प्राणी हिंसा गरी खाने काममा
रहे। दुइ मध्ये एक जनाले मात्रै भए पनि कुनै एक वैशमा अप्रमादी अर्थात्
ग्याएर प्राणी हिंसाबाट मुक्त हुन सकेको भए एउटा सन्तान अवश्य हुने
।"

तथागतले फेरि उसलाई सम्बोधन गर्नु भई भन्नु भयो– "कुमार !
लाई प्रिय हुन चाहने व्यक्तिले तीन वटै वैशमा अप्रमादी भई आफूलाई
ट रक्षा गरी राख्न सक्नु पर्दछ। यदि तीन वटै वैशमा रक्षा गर्न नसके कम
म एउटा वैशमा भए पनि पापबाट बच्न सक्नु पर्दछ। यसै सन्दर्भमा
तले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो—

**"अत्तानं चे पियं जञ्ञा – रक्खेय्य नं[1] सुरक्खितं।**
**तिण्णं अञ्ञतरं यामं – पटिजग्गेय पण्डितो॥"**

**अर्थ–** तिम्रो आफू प्रति प्रेम छ भने आफूलाई सुरक्षित गर। पण्डितजन
हर (अवस्था) मध्ये कुनै एक प्रहरमा अप्रमादी भई बस्नु पर्दछ।

**भावार्थ–** यस गाथामा **याम** = भगवान बुद्धले तथागतको धर्म स्वामित्व तथा
कुशलता दर्शाउनको लागि आयुलाई तीन भागमा विभाजित गरिएको छ। **अत्तानं पियं
रक्खेय्य नं सुरक्खितं** = यदि कोही व्यक्ति आफूलाई प्रिय मान्दछ भने आफ्नो

Downloaded from http://www.dhamma.digital

आरक्षाको लागि ध्यान दिनु पर्दछ। जुन विधिवाट ऊ सुरक्षित रहन्छ त्यही विधि उसले अपनाउनु पर्दछ।

गृहस्थले आफूलाई सुरक्षा गर्न ऊ महलको सात तल्ला माथि बस्दैमा उसले आफू सुरक्षित भएको सम्भनु हुँदैन। अथवा कोही प्रव्रजित भए राम्रोसँग भ्याल-ढोका लगाइएको साधना स्थलमा बस्दैमा ऊ सुरक्षित भएको सम्भनु हुँदैन। वरु गृहस्थले दान-शील आदि पुण्यकर्मको आचरण गरी आफूलाई सुरक्षित गर्नु पर्दछ। त्यस्तै प्रव्रजितले शीलादि व्रत पालन गरी **परियत्ति ज्ञान** आर्जन गरी मनलाई ढृढ संकल्पी वनाई राख्नमा उत्सुक हुनु पर्दछ। यसैलाई **'आत्मरक्षा'** भनिन्छ।

यदि उसले कुनै कारणवश आयुको तीनै भागमा उक्त **आत्मरक्षा विधि** सम्पन्न गर्न नसकेमा उसको आयुको कुनै एक भागमा भए पनि यस आत्मरक्षा विधिलाई सम्पन्न गर्नु पर्दछ।

यदि कोही गृहस्थ आफ्नो आयुको प्रथम प्रहर (भाग) मा खेलकूदमा व्यस्त रहेको कारणले कुशल-कर्म गर्न नसके आयुको मध्यम भागमा पुगेपछि कुशल-कर्म गर्नमा अप्रमादी भई ध्यान दिनु पर्दछ। यदि आयुको मध्यम भागमा आफ्ना पत्नी, छोरा-छोरी पालन गर्नु परेको कारणले कुशल-कर्म गर्न नसकेमा आयुको अन्तिम याममा त उसले अवश्य कुशल-कर्म गर्नमा ध्यान दिनु पर्दछ। यति मात्र गर्न सके पनि ऊ **'आत्मरक्षा'** गर्नमा सफल भएको मान्नु पर्दछ। यति पनि गर्न नसकेको खण्डमा ऊ **अपायगति** तिर धकेलिदैं जानेछ।

यस्तै प्रकारले प्रव्रजितको आयुको प्रथम भागमा उसले शीलादि व्रत पालन गर्नमा, धारण गर्नमा, कण्ठस्थ गर्नमा प्रमादी भएमा आयुको मध्यम भागमा उसले गम्भीरतापूर्वक **श्रमण-धर्म** पालन गर्नु पर्दछ।

कहिलेकाहीं यस्तो पनि हुन सक्तछ कि कुनै वुद्धिमान प्रव्रजित आफ्नो आयुको प्रथम भागमा गुरुवाट श्रद्धापूर्वक धर्म-श्रवण गर्दछ, अट्ठकथा आदि परियत्ति धर्मको अध्ययन गर्दछ; तर मध्यम भागमा आएर उसले प्रव्रजितले गर्नु पर्ने कर्तव्यलाई भुल्दछ भने यस्तो प्रव्रजितले आयुको अन्तिम भागमा **श्रमण-धर्म** पालन गर्नमा निकै होशियारी हुनु पर्दछ। यति मात्र गर्न सकेपनि उसको **आत्मरक्षा** हुन सक्तछ। यदि उसले यति पनि गर्न नसकेमा केवल पश्चाताप मात्रै गरिरहनु पर्ने हुन्छ।

Downloaded from http://www.dhamma.digital

तथागतको यस धर्म-देशनाको अन्तमा **बोधिराजकुमार स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भयो ।

त्यहाँ जम्मा भइरहेका जनताहरूलाई यो धर्म-देशना सार्थक सिद्ध भयो ।

'बोधिराजकुमारको कथा समाप्त' ।

Downloaded from http://www.dhamma.digital

## १२.२. उपनन्द शाक्यपुत्र स्थविरको कथा

### १२.२. (पहिले आफूलाई सम्हाल)

१२. (१५८) "**अत्तान'मेव पठमं – पतिरूपे निवेसये।**
**अथञ्ञम'नुसासेय्य – न किलिस्सेय्य पण्डितो**" ॥२॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो। त्यस बेला तथागतले यो गाथा **उपनन्द शाक्यपुत्र स्थविर**को कारणमा आज्ञा गर्नु भएको हो।

उपनन्द शाक्यपुत्र स्थविर धर्म उपदेश दिनमा साह्रै निपुण थियो। **अल्पेक्षता** अर्थात् धेरै इच्छा नगर्ने, सन्तोष हुनु पर्ने आदि उनको धर्म उपदेश सुनेर धेरै भिक्षुहरू निकै प्रभावित भई आ-आफ्ना चीवर-वस्त्र उनलाई दान दिई आफूहरू **धुतङ्ग शील धारण** गरी बसे।

त्यस उपनन्द स्थविर भिक्षु **वर्षावास** नजिक आएपछि नजिकैको एक **जनपद**को विहारमा गयो। त्यहाँ बस्ने श्रामणेरहरूले उनलाई **धर्म-कथिक** भनी थाहा पाई त्यहीं वर्षावास बस्न निवेदन गरे।

उनले श्रामणेरहरूसँग सोध्यो– "यस विहारमा वर्षावास बस्ने भिक्षुहरूलाई वर्षावास पछि के के दान प्राप्त हुन्छ ?"

श्रामणेरहरूले भने– "एक-एक वटा साटक (ओड्ने) प्राप्त हुन्छ।"

त्यहाँ एक जोर जुत्ता छोडेर ऊ अर्को विहारमा गयो। त्यहाँ पनि उनले 'वर्षावासको अन्तमा भिक्षुलाई के-के दान प्राप्त हुन्छ' भनी सोध्यो। 'दुइवटा साटक प्राप्त हुन्छन्' भन्ने कुरा सुनेर त्यहाँ उनले आफ्नो टेक्ने लट्ठी छोडेर गयो। तेस्रो विहारमा गई उसले 'यहाँ के प्राप्त हुन्छ' भनी सोध्यो। 'तीन वटा साटक दान दिइन्छ' भन्ने कुरा सुनी त्यहाँ उसले आफ्नो **उदकतुम्बं** अर्थात् पानी खाने भाडा राखेर गयो। चौथो विहारमा गई उसले वर्षावासको अन्तमा यहाँ 'के-के

Downloaded from http://www.dhamma.digital

न्छ' भनी सोध्यो। 'चार वटा साटक प्राप्त हुन्छन्' भन्ने कुरा सुनेर 'यहीं ाक होला' भनी विचार गरी वर्षावासको **अधिष्ठान** गऱ्यो। वर्षावास भरी ाक्षुले गृहस्थ र अरू भिक्षुहरूलाई धर्म उपदेश दिई रह्यो।

वर्षावासको अन्तमा त्यहाँ त्यस भिक्षुलाई धेरै चीवर-वस्त्रहरू दानमा यो। त्यसपछि उसले पहिलेका अरू तीन विहारमा यस्तो सूचना पठायो– ो-फलानो विहारमा मैले यस्तो-यस्तो चीज छोडेर आएको छु; त्यहाँ दिइने मेरो पनि भाग हुनु पर्छ।"

ती विहारहरूबाट प्राप्त भएको सबै दान जम्मा गरी गाडामा राखेर ऊ ठाउँमा गयो।

एउटा विहारको दुइ जना भिक्षुहरू दुइ वटा साटक र एउटा कम्बल भाग ा नसकी बाटोको छेउमा बसी आपसमा कचकच गरिरहेका थिए। त्यही ापनन्द शाक्य-पुत्र स्थविर आइरहेको देखेर ती दुबै भिक्षुहरूले भने– ! हामीले यी सामान आपसमा भाग लगाउन सकेनौं। तपाईले वरावर ग लगाई दिनुस न।"

त्यस भिक्षुले भन्यो– "मैले भने जस्तै तिमीहरू मान्ने हो भने म भाग दिन्छु। होइन भने तिमीहरू आफै भाग लगाऊ। म सक्दिन।"

त्यस भिक्षुले भने जस्तै ती दुबै मान्न तयार भए पछि दुइ वटा साटक ा भिक्षुहरूलाई भाग लगाई दिई 'यो कम्बल मलाई मात्र सुहाउँछ' भनी लिएर गयो।

यस घटनाबाट ती दुइ भिक्षु साह्रै दुःखी भई पश्चाताप गर्दै भगवान बुद्ध ए। तथागतलाई सादर वन्दना गरी उपनन्द शाक्य-पुत्र स्थविरले ती ठगेको घटना बिन्ति गरे।

भगवान बुद्धले ती दुबै भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– रू! त्यस भिक्षुले तिमीहरूलाई अहिले मात्रै ठगेको होइन; पहिले-पहिलेको

Downloaded from http://www.dhamma.digital

जन्ममा पनि यस्तै ठग्ने काम गरेको थियो भन्नु हुँदै उसको अतीत यसरी आज्ञा गर्नु भयो–

## उपनन्द शाक्य-पुत्रको अतीत कथा–

"अतीत समयमा **अनुतीरचारी** र **गम्भीरचारी** भन्ने दुइ ज बिरालाहरू थिए। एक दिन ती दुवैले एउटा ठूलो माछा भेट्टाए। टाउकोतिर कसले लिने, पुच्छरतिर कसले लिने भन्ने कुरामा ती दुइक पर्‍यो। धेरै बेरसम्म विवाद सुल्झिएन। त्यसै वेला एउटा स्याल त्यहाँ आ स्याललाई देखेर ती दुवैले भन्यो– "मामा ! तपाईले यो माछा हामी दुइला गरी बाँडी दिनुस्।"

स्यालले भन्यो– "मलाई राजाले न्यायाधिश बनाएर राखेको छ छिन घुम्न निस्केको छु। मलाई अहिले फुर्सद छैन।"

बिरालाहरूले आग्रह गरेपछि स्यालले भन्यो– "मैले भनेको कु दुवैले मान्ने हो भने मात्रै यो काम गरिदिन्छु, नत्र गर्दिन।"

स्यालको कुरामा ती दुवै सहमत भए। स्यालले माछाको टाउको काटेर दुइ तिर राख्यो, माछाको बीचको भाग एकातिर राखेर भन्यो– तीरै-तीरमा घुम्ने **अनुतीरचारी**लाई यो पुच्छर लिनु। नदीको गम्भीर जल गई माछा समातेर ल्याउने **गम्भीरचारी**लाई टाउकोको भाग लिनु। म न्यायाधिशले पारिश्रमिकको रूपमा 'यो बीचको भाग पाउनेछ' भन्दै म लिएर ऊ सरासर गयो। ती दुबै बिरालाहरूले पश्चाताप गर्दै स्याललाई

भगवान बुद्धले यसरी अतीत घटनाको कुरो वर्णन गर्नु हुँदै भिक्षुहरूलाई आश्वासन दिनु भयो। **उपनन्द भिक्षु**लाई निन्दा गर्नु भ भयो– "भिक्षुहरू ! अरूलाई उपदेश दिने व्यक्ति पहिले आफू ठीक ठा पर्दछ।"

Downloaded from http://www.dhamma.digital

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-उपदेश यो–

**"अत्तान'मेव पठमं – पतिरूपे निवेसये।**
**अथञ्ञम'नुसासेय्य – न किलिस्सेय्य पण्डितो ॥"**

**अर्थ–** सर्वप्रथम आफूलाई उचित मार्गमा लगाउनु। अनि पछि मात्रै ई उपदेश दिनु। यसो गर्ने पण्डितको चित्तमा क्लेश उत्पन्न हुँदैन।

**भावार्थ–** यस गाथामा **पतिरूपे निवेसये** = पहिले आफूले आफूलाई अनुकूल प्रतिष्ठित गर्नु। यस कथन अनुसार **अल्पेच्छेता** वा **आर्यवंश ज्ञान** आदिको विषयमा ई उपदेश दिनु भन्दा पहिले **अत्तान'मेव पठमं** ऊ स्वयं आफू ती गुणहरूमा प्रतिष्ठित छ। यसरी आफू प्रतिष्ठित भई सकेपछि **अथञ्ञं** = ती गुणहरूबाट अरूलाई **य्य** = अनुशासन गर्नु उचित हुनेछ।

आफूमा ती गुण नभइकन अरूलाई उपदेश दिंदा ऊ समाजमा निन्दाको पात्र नेछ। त्यसको फलस्वरूप ऊ स्वयं दुःखी हुनु पर्नेछ। (यसको विपरित) ती बाट आफू सम्पन्न भई अरूलाई उपदेश दिने व्यक्ति समाजमा प्रशंसाको पात्र जसबाट ऊ सुखी बन्दछ। यसरी काम गर्ने **पण्डितो न किलिस्संय्याति** = बुद्धिमान हिल्यै दुःखी हुँदैन।

तथागतको यस धर्म-देशनाको अन्तमा ती दुवै भिक्षुहरू **स्रोतापत्ति मार्ग–** प्रतिष्ठित भए।

त्यहाँ उपस्थित भएका धेरै मानिसहरूलाई यस धर्म-देशना सार्थक सिद्ध

'उपनन्द शाक्य-पुत्र स्थविरको कथा समाप्त'।

Downloaded from http://www.dhamma.digital

## १२.३. पधानिकतिस्स स्थविरको कथा

### १२.३. (आफूले आफूलाई दमन गर्नु कठिन छ)

१२. (१५९) "अत्तानञ्चे तथा कयिरा – यथाञ्ञमनुस्सासति[1],
सुदन्तो वत दमेथ – अत्ता हि किर दुद्दमो" ॥३॥

एक समय **भगवान बुद्ध श्रावस्तीको** जेतवनारामम्मा विहार गरिरहनु भएको थियो। त्यस बेला तथागतले यो गाथा **पधानिकतिस्स स्थविरको** कारणमा आज्ञा गर्नु भएको हो।

एक दिन **पधानिकतिस्स स्थविर** भगवान बुद्धसंग **कर्मस्थान ध्यान** सिकेर **पाँच सय** भिक्षुहरू साथमा लिई जङ्गलमा **वर्षावास** बस्नको लागि गयो।

जङ्गलमा पुगेपछि आफ्नो साथमा लिएर गएका भिक्षुहरूलाई उसले यसो भन्यो– "**आयुष्मानहरू**! हामीले भगवान बुद्धसंग कर्मस्थान भावना सिकेर आयौं; त्यसकारण अप्रमादी भई हामीले **श्रमण-धर्म** पालन गर्नु पर्दछ।"

त्यस भिक्षुले अरू भिक्षुहरूलाई यस्तो उपदेश दिई आफू सुत्न जान्थ्यो। अरू भिक्षुहरू **प्रथम प्रहरमा चंक्रमण** गरी **मध्यम प्रहरमा** कुटी भित्र पस्थे। त्यतिञ्जेल ऊ एक निन्द्रा सुतेर उठी तिनीहरूलाई यसो भन्यो– "आयुष्मानहरू! तिमीहरूलाई कति सुत्नु परेको? के तिमीहरू यहाँ सुत्नलाई आएका हौं? छिटो उठेर बाहिर गई श्रमण-धर्म पालन गर।"

ऊ फेरि आफ्नो ठाउँमा गएर सुत्न गयो।

अरू भिक्षुहरू बाहिर गई चंक्रमण गरी मध्यम याम बिताई आ-आफ्नो निवास भित्र पसे। तिस्स भिक्षु निन्द्रावाट ब्युँझी तिनीहरू बसेको ठाउँमा गई तिनीहरूलाई बाहिर पठाई ऊ फेरि सुत्न गयो।

---

१. यथञ्ञमनुस्सासति

Downloaded from http://www.dhamma.digital

त्यस पधानिकतिस्स भिक्षुले दिनहुँ यस्तै व्यवहार गर्न थालेपछि ती हरूले राम्रोसंग कुनै काम गर्न सकेनन्। ध्यान भावनामा पनि खास प्रगति सकी तिनीहरूको चित्त अन्त-अन्तै भाग्न थाले। तिनीहरूले विचार गरे– । आचार्य हामीलाई भने यस्तो विधि ध्यान गराउनमा उत्साहित गर्दछ; तर स्वयं के गर्दो रहेछ, एकचोटी चेवा लिनु पर्‍यो।"

आचार्यका क्रियाकलाप सबै थाहा पाए पछि तिनीहरू साह्रै दिक्क भए। नपाएकोले तिनीहरू क्लान्त देखिन्थे। साधनामा कुनै विशेष सफलता प्राप्त नसकेकोले वर्षावास पछि तिनीहरू सबै भगवान बुद्ध कहाँ फर्केर गए। तलाइ सादर वन्दना गरी सबै एक छेउमा बसे।

भगवान बुद्धले तिनीहरूसँग प्रश्न गर्नु भयो– "भिक्षुहरू ! अप्रमादी बनी हरूले श्रमण-धर्म राम्रोसंग पालन गरेर आयौ ?"

ती भिक्षुहरूले त्यहाँ भएका कुरा यथार्थ बिन्ति गरे।

तथागतले भन्नु भयो– "भिक्षुहरू ! अहिले मात्र त्यस भिक्षुले तिमीहरूलाई गरेको होइन, पहिले पनि यस्तै अनर्थ गरेको थियो।"

ती भिक्षुहरूको अनुरोधमा पधानिकतिस्स स्थविरको पूर्व जन्मको कुरो तले गाथाद्वारा यसरी प्रकाशमा ल्याउनु भयो–

**"अमातापितरसंवड्ढो, अनाचेरकुले वसं।**
**नायं कालं अकालंवा, अभिजानाति कुक्कुटो"ति ॥**

– (जा. १.१.११९)

**अर्थ–** बाबु-आमा नभएको ठाउँमा हुर्केको, बढेको, आचार्य नभएको मा बास गरेर आएको भालेलाई 'कुन बेला बास्ने (कराउने) कुन बेला ने' भन्ने कुरा थाहा हुँदैन।

Downloaded from http://www.dhamma.digital

यसरी '**अकालराविकुक्कुट जातक**' अर्थात् बेला न कुबेला बास्ने भालेको जातक कथा विस्तारपूर्वक सुनाउनु भई भन्नु भयो– "त्यस बेला बेला न कुबेला बास्ने भाले हुने अहिलेको यही **पधानिकतिस्स स्थविर** हो। तिमीहरू सबै त्यस बेलाका मानवकहरू हुन्।" **दिसापामोक्ष आचार्य** म स्वयं हुँ।

भगवान बुद्धले फेरि ती भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! अरूहरूलाई उपदेश दिनेले पहिले आफूलाई नै दमन गर्न सक्नु पर्दछ। यसो गर्न सकेमा मात्र उपदेश दिएको सार्थक हुन्छ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"अत्तानञ्चे तथा कयिरा – यथाञ्ञमनुस्सासति,**
**सुदन्तो वत दमेथ – अत्ता हि किर दुद्दमो ॥"**

**अर्थ–** अरूलाई अनुशासन गर्नुछ भने पहिले आफू अनुशासित हुनु पर्दछ, आफूलाई दमन गर्नु पर्दछ। आत्म दमन गर्नु ज्यादै गाह्रो कुरा हो।

**भावार्थ–** कोही भिक्षु अरूलाई उपदेश दिन्छ कि 'रातको प्रथम याममा **चंक्रमण** गरी ध्यान गर्नु पर्दछ' भन्नेले पहिले आफूले **चंक्रमण**को काम गर्नु पर्दछ। **अत्तानञ्चे तथा कयिरा, यथाञ्ञमनुस्सासति** = यसो गर्न सकेमा उसले आफ्नो इन्द्रियलाई दमन गर्न सक्ने हुन्छ र अरूलाई पनि सफलतापूर्वक अनुशासन गर्न सकिन्छ। जसले जुन गुणले अरू युक्त भएको देख्न चाहन्छ उसले पहिले आफू स्वयं त्यस गुणले युक्त हुनु पर्दछ। **अत्ता हि किर दुद्दमो** = किन भने आफूलाई दमन गर्नु साह्रै कठिन छ। त्यसकारण जुन उपायबाट आफूलाई दमन गर्न सकिन्छ, त्यस उपायमा ध्यान दिनु पर्दछ।

तथागतको यस धर्म-देशनाको अन्तमा ती पाँच सय भिक्षुहरू **अरहत्त अवस्था** प्राप्त गर्नमा सफल भए।

'पधानिकतिस्स स्थविरको कथा समाप्त'।

Downloaded from http://www.dhamma.digital

## १२.४. कुमारकाश्यप-माता थेरीको कथा

### १२.४. (आफ्नो मालिक आफै)

१२. (१६०) "अत्ता हि अत्तनो नायो – को हि नाथो परो सिया।
अत्तना हि सुदन्तेन – नाथं लभति दुल्लभं" ॥४॥

एक समय **भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा** विहार गरिरहनु थियो। त्यस बेला तथागतले यो गाथा **कुमार काश्यप माताको** कारणमा ार्नु भएको हो।

**कुमार काश्यपको** आमा हुने **राजगृह नगरको** एक महाजन कुलमा ा थिईन्। बाल्यकाल देखी तिनलाई **प्रव्रजित** हुने इच्छा थियो। तर तिनले पेताबाट अनुमति पाउन सकिनन्। तरुणी भएपछि तिनलाई विवाह गरी पठाई दियो।

तिनले आफ्नो पतिलाई देवता समान मानेर सेवा टहल गर्न थालिन्। मय पछि तिनी गर्भवती भईन्। तर तिनलाई आफू गर्भवती भएको कुरो थएन। तिनले पतिलाई साह्रै खुशी पारी प्रव्रजित हुने अनुमति मागिन्। पतिले तिनलाई ठूलो सत्कारपूर्वक भिक्षुणीहरूको आवासमा लगी प्रव्रजित दयो। तर ती भिक्षुणीहरू **देवदत्तको** पक्षको भनेर ती दुबैलाई थाहा थिएन।

समय बित्दै गएपछि तिनी गर्भवती भएको कुरो अरू भिक्षुणीहरूलाई ायो। तिनीहरूले तिनलाई प्रश्न गरे– "तिमी कसरी गर्भवती भयौं ?"

तिनले भनिन्– "यो कुरो मलाई पनि थाहा भएन। तर म प्रव्रजित भए मेरो शील परिशुद्ध छ।"

तिनको कुरा सुनेर ती भिक्षुणीहरूले तिनलाई देवदत्त कहाँ लगे। ने आफ्नो पक्षलाई लोकनिन्दाबाट बचाउन तिनलाई संघबाट निष्कासन ामति दियो।

Downloaded from http://www.dhamma.digital

देवदत्तको यस्तो निर्णय सुनेर तिनले यसरी विनम्र अनुरोध "आयाहरू ! मलाई संघबाट निष्कासित नगर्नु होस् । म निष्कलक मलाइ निकाल्ने नै हो भने म **देवदत्तको सासनमा प्रव्रजित** भएको होइन । **बुद्धको सासनमा प्रव्रजित** भएको हुँ । मलाई **जेतवनाराममा** तथागत कह दिनु होस् जहां गइ मैले आफ्नो निष्कलकतालाइ सिद्ध गर्न सकुँ ।"

ती भिक्षुणीहरूले तिनलाई तथागत समक्ष पुऱ्याई सबै विवरण बि

भगवान बुद्धले त्यस भिक्षुणीको गर्भाधारण गृहस्थ अवस्थामा यो थाहा पाउनु भएपनि पर निन्दाबाट बच्नको लागि **कोशल राजा प्र** **अनाथपिण्डिक महाजन**, **विशाखा महाउपासिका** र अरू धेरै गा व्यक्तिहरूलाई बोलाउन लगाउनु भयो । त्यस पछि **उपालि स्थविरलाई** गर्नु भइ **"चार परिषदको** बीचमा यस भिक्षुणीको **कर्म-शुद्धि** (परिक्षा) भनी अह्राउनुभयो ।

उपालि स्थविरले राजा प्रसेनजितको समक्ष विशाखा महाउपा बोलाउनु भइ 'यस गर्भिनी भिक्षुणीको गम्भीरसंग परीक्षा गर्नु' भनी भन

विशाखा महाउपासिकाले त्यहीं चारै तिर पर्दा लगाउन दिई तीं भिक्षुणीको हात-खुट्टा, नाभि र पेटको सबत्र भागमा गम्भीरसँग परीक्षा गरि भिक्षुणी भएको दिन, महिना जोडेर हेर्दा तिनले गृहस्थ अवस्थामा नै ग गरेको कुरा उपालि स्थविरलाई बिन्ति गरिन् । उपालि स्थविरले चार बीचमा ती भिक्षुणी परिशुद्ध भएको कुरा घोषणा गर्नु भयो ।

यस घटनाक्रमको केही समय पछि ती भिक्षुणीले **पदुमुत्तर** चरण कमलमा पारमिता पूर्ण गरेर आएको महान आनुभाव सम्पन्न एक जन्माइन् ।

एक दिन कोशल राजा प्रसेनजित भिक्षुणी निवासको नजिकको आइरहँदा एउटा बालक रोएको आवाज सुनियो । त्यहाँ मानिसहरू

Downloaded from http://www.dhamma.digital

ले बच्चा पाएको कुरो राजालाई बिन्ति गरे ।

राजाले त्यस नवजात शिशुलाई दरबारमा धाईहरूको हातमा सुम्पि नामाकरण गर्ने दिनमा त्यस बालकको नाम **काश्यप** राखियो। दरबारमा जकुमारलाई झैं पालन-पोषण गरेको कारणले पछि त्यस बालकको नाम **काश्यप** रहन गयो ।

कुमार काश्यप अरू बालकहरूसँग खेल्दै हुर्कदैं गयो। एक दिन खेल्दा- उसले अरू साना बालकहरूलाई पिट्यो । तिनीहरू रुँदै 'त्यस आमा ा कुमार काश्यपले हामीलाई पिट्यो' भनी आ-आफ्नो घरमा भन्न गए ।

तिनीहरूको कुरा सुनी कुमार काश्यप राजा कहाँ गई यसो भन्यो– ज ! मेरो साथीहरूले मलाई आमा नभएको भने। मलाई मेरो आमा देखाइ स् ।"

राजाले धाईहरूलाई देखाउँदै भन्यो– "कुमार ! तिम्रो आमाहरू यिनीहरू "

कुमार काश्यपले रूँदै भन्यो– "अहँ, मेरो यत्तिका आमाहरू हुनै [ । आमा भनेको एउटा मात्रै हुन्छ। मलाई मेरो आमा चाहियो ।"

राजाले मनमनै विचार गऱ्यो 'यो बालकलाई फकाएर फकाउन सकिन्दैन। ा कुरो के हो भनी दिनु नै वेश होला' ।

राजाले भन्यो– "कुमार काश्यप ! तिम्रो आमा एउटी भिक्षुणी हुनु हुन्छ। ुणी निवासबाट तिमीलाई यहाँ ल्याएर पालि राखेको छु ।"

राजाको यस्तो वचन सुन्ने बित्तिकै कुमार काश्यपलाई **धर्म-संवेग** उत्पन्न ुरन्तै उसले राजासँग प्रव्रजित हुने अनुमति माग्यो । राजाले ठूलो सम्मानका साथ भगवान बुद्धकहाँ पुऱ्याई प्रव्रजित गराई दियो। उनी २० ए पछि उसलाई **उपसम्पदा** गरियो अर्थात् पूर्ण भिक्षुत्व लाभ गरी उनी

Downloaded from http://www.dhamma.digital

**कुमार काश्यप** नामले प्रख्यात भयो ।

एक दिन **कुमार काश्यप भिक्षु** भगवान बुद्ध कहाँ गई **कर्मस्थान ध्यान** सिकेर जङ्गलमा ध्यान गर्न गयो । उसले त्यहाँ अनेक प्रकारले कोशिश गरी ध्यान गऱ्यो । तर विशेष रूपमा ध्यान प्राप्त गर्न सकेन् । फेरि एक चोटी तथागत कहाँ कर्मस्थान भावना राम्रोसँग सिकेर आउनु पऱ्यो भनी जङ्गलबाट फर्केर आई **अन्धवन**मा बसिरहेको थियो ।

त्यसबेला उसको एउटा पुरानो साथी जो **काश्यप तथागत**को समयमा सँगै भिक्षु भई **श्रमण-धर्म** पालन गर्दै **अनागामि मार्ग-फल** प्राप्त गरी **ब्रह्मलोक**मा उत्पन्न भएको थियो, त्यस भिक्षु उसको समक्ष आई यसो भन्यो– "साथी ! म तिमीलाई पन्ध्र वटा प्रश्न दिन्छु । यी प्रश्नको उत्तर भगवान बुद्ध बाहेक अरू कसैले दिन सक्तैन । तिमी तथागत कहाँ गएर यी प्रश्नको उत्तर सिक्न जाऊ ।"

त्यस भिक्षुको सल्लाह अनुसार कुमार काश्यप भिक्षु भगवान बुद्ध कहाँ गई, सादर वन्दना गरी तथागत समक्ष ती प्रश्नहरू राख्यो । तथागतले दिनु भएको उत्तर एक चित्त गरी सुनी रहँदा-रहँदै कुमार काश्यप भिक्षु **अरहत्व**को स्थितिमा पुग्न सफल भयो ।

कुमार काश्यप प्रव्रजित भए देखिन् उनको आमा भिक्षुणी साह्रै दुःखी भईन् । बाह्र वर्ष देखि छोराको वियोगले विह्वल भई तिनी रोइ रहन्थिन् । भिक्षा जाँदा पनि तिनको आँखा आँसुले रसाएको हुन्थ्यो ।

एक दिन तिनी आँसु झार्दै भिक्षाको लागि बाटोमा गइरहेकी थिईन् । बीच बाटोमा तिनले आफ्नो छोरो कुमार काश्यप भिक्षुलाई देखिन् । देख्ने बित्तिकै मेरो छोरो ! मेरो छोरो ! भन्दै दगुरेर गई छोरोलाई समाउन खोज्दा आफ्नै वस्त्रमा लतपटिएर भुईंमा पछारिन पुगिन् । तिनको स्तनबाट दूधको धारा बगेर तिनको वस्त्र निथ्रुक भिज्यो । तैपनि तिनी जुरुक्क उठेर छोरोलाई समातिन् । 'नरम बचनले यिनीसँग व्यवहार गरेमा यिनको हानी हुनेछ, यिनीसँग कठोरता कै

Downloaded from http://www.dhamma.digital

ार गर्नु पर्ला' भनी विचार गरी कुमार काश्यप भिक्षुले यसो भन्यो– जत भई सकेर पनि के गरेर हिडेकी ? अहिलेसम्म तिमीले पुत्र-स्नेह त्याग सकेको छैन ?"

छोराको त्यस्तो कठोर वचन सुनी कुमार काश्यप-माता भिक्षुणीले ? गरिन्– "अहो ! म पुत्र-स्नेहको कारणले बाह्र वर्षसम्म रोएर हिँडे । मेरो त यस्तो कडा मिजासको रहेछ । अब मलाई यस्तो छोरोको आवश्यकता "

यसरी तिनले पुत्र-स्नेहको बन्धनलाई चुँडालेर **विपश्यना ध्यान**मा लागी दिनमा **अरहन्त भाव**मा पुग्न सफल भईन् ।

एक दिन भिक्षुहरूको धर्म सभामा यस्तो चर्चा भइरह्यो– " **देवदत्त**को ाले **कुमार काश्यप-माता** भिक्षुणीलाई उसको संघबाट निकाली दिएतापनि न बुद्धको दया, करुणाले तिनलाई यस **बुद्ध सासन**मा स्थान दिइयो नत्र अरहन्त क्ने **पारमी** भएकी त्यस्ता पुण्यवानहरूको विनाश हुने थियो । **धन्य रहेछ** ! न बुद्धको लोकजन प्रतिको **अनुकम्पा** ! "

यसै बेला भगवान बुद्ध भिक्षुहरूको सभामा आइपुग्नु भई प्रश्न गर्नु · "भिक्षुहरू ! अहिले के कुरा चलिरहेको थियो ?"

ती भिक्षुहरूले कुमार काश्यप-माताको विषयमा चर्चा भइरहेको कुरो बिन्ति गरे ।

तथागतले भन्नु भयो– "भिक्षुहरू ! 'यिनीहरूलाई अहिले मात्रै उपकार होइन, पहिलेको जन्ममा पनि यस्तै उपकार गरेको थिएँ' भन्नु हुँदै यो प्रकाशमा ल्याउनु भयो–

Downloaded from http://www.dhamma.digital

**"निग्रोधमेव सेवेय्य, न साखमुपसंवसे ।**
**निग्रोधस्मिं मतं सेय्य, यञ्चे साखस्मिंजीवित"न्ति ॥**

— (जा.१.१.१२; १.१०.८१)

**अर्थ–** **निग्रोध** मृगहरूसँग बस्नु ठीछ, **शाखा** मृगहरूसँग बस्नु ठीक छैन । शाखा मृगहरूसँग बसेर बाँचिरहनु भन्दा निग्रोध मृगहरूसँग बसेर मर्नु नै श्रेष्ठ हुन्छ ।

यसरी तथागतले **निग्रोध जातक** विस्तारपूर्वक व्याख्या गर्नु भइसकेपछि भन्नु भयो– "त्यस बेलाको **शाखा मृग** (बाँदर) हुने अहिलेको **देवदत्त** हो; उसको परिषद अहिलेको **देवदत्तको परिषद** हो । मर्ने पालो पर्ने मृगिनी अहिलेको **कुमार काश्यप-माता** भिक्षुणी हो । मृगिनीको बच्चा अहिलेको **कुमार काश्यप** हो । गर्भिनी मृगिनीको लागि आफ्नो जीवन परित्याग गर्ने **निग्रोध मृगराज** म स्वयं हुँ ।"

यसरी तथागतले **निग्रोध जातकसँग** वर्तमान घटनालाई तुलना गर्नु भइ कुमार काश्यप-माता भिक्षुणीको प्रशंसा गर्नु हुँदै भन्नु भयो– "कुमार काश्यप माताले पुत्र-स्नेहको बन्धनलाई चुँडालेर कठोर परिश्रम गरी **अरहन्त भावमा** पुग्न सक्नु साह्रै सह्रानीय कुरा हो । त्यसैले अरूले गरेको पुण्य कर्मले आफू स्वर्ग जान अथवा मोक्ष पाउनु भन्नु असंभवको कुरा हो । त्यसकारण आफ्नो मालिक आफै हो, अरू हुन सक्तैन ।

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"अत्ता हि अत्तनो नायो – को हि नाथो परो सिया ।**
**अत्तना हि सुदन्तेन – नाथं लभति दुल्लभं ॥"**

**अर्थ–** आफू नै आफ्नो मालिक हो । आफ्नो मालिक अरू को हुन सक्ला आफूलाई राम्रोसँग दमन गर्न सक्यो भने दुर्लभ नाथ (निर्वाण) प्राप्त हुन्छ ।

Downloaded from http://www.dhamma.digital

**भावार्थ–** यस गाथामा **नाथो** = प्रतिष्ठा-आधारलाई भनिएको हो। आफूले गरेको -कर्मबाट स्वर्गको सुख प्राप्त गर्न सकिन्छ अथवा मार्ग भावना लाभ गर्न सकिन्छ मार्ग-फल साक्षात्कार गर्न सकिन्छ। **अत्तनो** = आफूले आफैलाई प्रतिष्ठा-आधार न सकिन्छ, **परो को सिया** = अरू कसले प्रतिष्ठा आधार बनाई दिन सक्छ ?

**अत्तना एव हि सुदन्तेन** = आफूले आफैलाई राम्रोसँग दमन गर्न सकेमा निश्चित अरहन्त फल नामक दुर्लभ नाथ प्राप्त हुन्छ। अरहन्त हुन सक्ने कारणले नै यहाँ नभति दुल्लभं भनिएको हो।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरूले **स्रोतापत्ति फल** प्राप्त गर्नमा सफल भए।

'कुमार काश्यप-माता थेरीको कथा समाप्त'।

Downloaded from http://www.dhamma.digital

# १२.५. महाकाल उपासकको कथा

## १२.५. (आफ्नो पापले आफैलाई कष्ट दिन्छ)

१२. (१६१) **"अत्तना हि कतं पापं – अत्तजं अत्तसम्भवं।**
**अभिमत्थति दुम्मेधं – वजिरंव'स्ममयं मणि" ॥५॥**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो। त्यस बेला तथागतले यो गाथा **महाकाल उपासक**को कारणमा आज्ञा गर्नु भएको हो।

**श्रावस्ती नगरमा महाकाल** नामक एक उपासक बस्दथ्यो। उनी प्रत्येक महिनाको **अष्टमी**को दिनमा विहारमा गई उपोसथ ब्रत पालन गरी भगवान बुद्धको धर्म उपदेश सुनेर रात त्यहीं बिताउँथ्यो।

एक रात नगरमा चोरहरू पसेर कुनै गृहस्थको घरबाट सामान चोरेर ओसार्दै गर्दा फलामको पात्रमा ठोकेर आवाज निस्क्यो। त्यस आवाजले गर्दा घरको मालिक निन्द्राबाट ब्युउँझेर ती चोरहरूलाई लखेट्न गयो। चोरहरू बेगले भाग्दा एक जना चोर विहारमा जाने बाटोतिर लाग्यो र विहार नजिकको पोखरीमा उसले चोरेर ल्याएको सामान छोडेर त्यो चोर त्यहाँबाट सुँइकुच्चा ठोक्यो।

त्यही बेला महाकाल उपासक बिहान सबेरै उठेर गई पोखरीमा मुख धोइरहेको थियो। चोरलाई लखेटेर आउने मानिसले महाकाल उपासकको नजिक आफ्नो सामान देखेर 'चोर त्यही हो' भनी ठानेर त्यसलाई पिट्नसम्म पिटेर माऱ्यो।

त्यो घटना घटेको एक छिनपछि विहारमा बस्ने **श्रामणेर**हरू पोखरीमा पानी लिन आउँदा त्यहाँ महाकाल उपासकको मृतक शरीर देखेर अपशोच गरी यसो भने– "तथागतको धर्म-उपदेश सुनी रातभरी विहारमा बसेको यस उपासकलाई यसरी पिटेर कसले मारेको होला ?"

Downloaded from http://www.dhamma.digital

ती श्रामणेरहरूले 'महाकाल उपासकलाई अन्याय गरी मारेको कुरा' न बुद्ध कहाँ गई बिन्ति गर्न गए।

तथागतले भन्नु भयो– "भिक्षुहरू ! हो, अहिलेको हिसावले हेर्ने हो भने उपासकलाई यसरी मारेको अयोग्य जस्तो लागे पनि उसको पहिले-को जन्ममा गरेको कर्मलाई विचार गरेर हेर्दा त्यसको मृत्यु अयोग्य, अन्याय लाग्दैन।"

अनि ती श्रामणेरहरूले महाकाल उपासकको पूर्वजन्मको कुरा सुन्नको तथागतसँग सादर प्रार्थना गरे।

तथागतले उनको पूर्वजन्मको कहानी यसरी वर्णन गर्नु भयो—

## ाल उपासकको अतीत कथा—

"अतीत समयमा **वाराणसी** र ाको राज्यमा सीमावर्ती गाउँमा जाने को बाटोमा त्यहाँको जनताहरूलाई डाँकाहरूले लुट्ने काम गरी साह्रै दुःख का थिए। राजाले त्यहाँ एकजना राजपुरुषलाई पालो बस्न लगाई दियो। यात्रीहरूसँग पारिश्रमिक (ज्याला) लिई तिनीहरूलाई जङ्गलको वारीबाट ुर्‍याई दिने गर्थ्यो र पारी बसेकाहरूलाई वारी ल्याई दिने गर्थ्यो।

एक दिन एक जना यात्री आफ्नी पत्नीसँग एउटा सानो गाडामा बसी आइपुग्यो। यात्रीको पत्नी साह्रै राम्री थिई। यात्रीले राजपुरुषलाई जङ्गल पार दिन अनुरोध गर्‍यो। राजपुरुष ती स्त्रीलाई देख्ने बित्तिकै मोहित भई रूलाई जङ्गलबाट पार तारी दिन आलटाल गर्दै यसो भन्यो– "भाइ ! आज नइसक्यो, भोलि विहान लगी दिउँला। आज एक रात यही बस्नु होस्। यहाँ घर सम्झनुस्। यहाँ तपाईहरूलाई खाने, पिउने र बस्नलाई केही असुविधा

यात्रीलाई त्यहाँ रात काट्न, बास बस्न मन लागेको थिएन। तर बाध्य

Downloaded from http://www.dhamma.digital

भएर ऊ त्यहाँ बस्नु पर्‍यो । राजपुरुषले आफ्नो मानिसहरूलाई इशारा गाडाको डोरीहरू फुकाउन लगायो । ती दुबै पति-पत्नीलाई खान र ब व्यवस्था मिलाउन लगायो ।

त्यस राजपुरुषको घरमा एउटा **मणिरत्न** थियो । त्यो मणिरत्न या गाडामा लुकाउन लगाई 'राती चोर आयो, चोर आयो' भनी हल्ला मच लगायो' ।

उसको नोकरहरूले उसकहाँ आई भन्यो– "मालिक ! तपाईको म चोरहरूले चोरेर लगिसके ।"

राजपुरुषले प्रवेशद्वारमा सुरक्षाकर्मीहरू खटाएर आउने-जाने यात्रीह सामान जाँच्न लगायो । ती दुइ पति-पत्नी पनि बिहान सबेरै आफ्नो ग बसी जान लागे । त्यही बेला ती सुरक्षाकर्मीहरूले त्यस गाडामा पनि थाले । तिनीहरू आफैले लुकाएर राखेको मणिरत्न निकालेर लोग्ने चा देखाउँदै 'तिमीले यो मणिरत्न चोरेर भाग्न लागेका हो ?' भन्दै तर्साएर उ समातेर पिट्दै लगेर राजपुरुष (ग्रामरक्षाधिकारी) समक्ष लगी यसो "मालिक ! तपाईको मणिरत्न चोरेर भाग्न लागेको चोरलाई पक्रेर ल्याय

राजपुरुषले भन्यो– "अरे ! यो मानिस सज्जन भनी ठानेर मैले घरमा यसलाई बाँस-गाँस दिएँ । यो त चोर पो रहेछ ! यसलाई छोड्नु हुँदै पिट्न लगाई मार्‍यो ।"

यही उसको पूर्व-जन्मको कर्म थियो । त्यहाँबाट च्यूत भई ऊ **नरकमा** उत्पन्न भयो । त्यहाँ दीर्घकालसम्म उसले पापको फल भोगे **विपाक** बाँकी रहेकोले अर्को सय जन्मसम्म पनि उसलाई यसरी नै मारिदै थियो ।"

यसरी भगवान बुद्धले महाकाल उपासकको पूर्व-जन्मको क भइसकेपछि तथागतले भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भि

Downloaded from http://www.dhamma.digital

हरूको आ-आफ्नो दुष्कर्मको कारणले गर्दा नै **चार अपाय दुर्गतिमा** जाने
्।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना भयो–

**"अत्तना हि कतं पापं – अत्तजं अत्तसम्भवं।**
**अभिमत्थति दुम्मेधं – वजिरंव'स्ममयं मणि॥"**

**अर्थ–** आफूले गरेको पाप आफैले भोग गर्नु पर्दछ। मूर्खजनलाई आफूले ो पापले **पाषाणमय वज्र**पाणिले सिसा (ऐना)लाई काटे झैं काट्छ।

**भावार्थ–** यस गाथामा **वजिरंव'स्ममयं मणि** = पत्थरवाट निस्केको हिराले ऐना लाई काटेर टुक्रा-टुक्रा गरी बेकामको वनाई दिए झैं **अत्तनाकतं** = आफैले गरेको, ले वनाएको, आफैले उत्पन्न गरेको दु्मेधं = [illegible] [illegible]गाट प्रज्ञाहीन भएका ‌नहरूलाई चार प्रकारका अपाय दुर्गतिमा पतन गराई [illegible]नाश गर्दछ।

Dhamma.Digital

तथागतको यस धर्म-देशनाको अन्तमा त्यहाँ उपदेश सुन्न आएका **धेरै** हरू **स्रोतापत्ति मार्ग-फल** आदिमा प्रतिष्ठित भए।

'महाकाल उपासकको कथा समाप्त'।

Downloaded from http://www.dhamma.digital

# १२.६. देवदत्तको कथा

## १२.६. (दुराचारी शत्रुको अनुरूप बन्दछ)

१२. (१६२) **"यस्स अच्चन्तदुस्सील्यं – मालुवा सालमिवो'त्थतं ।**
**करोति सो तथ'त्तानं – यथा नं इच्छती दिसो" ॥६॥**

एक समय **भगवान बुद्ध राजगृह नगर**को **वेलुवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा देवदत्तको कारणमा आज्ञा गर्नु भएको हो ।

एक दिन राजगृह नगरमा भिक्षुहरूको बीचमा यसरी कुराकानी भइरहेको थियो– "आयुष्मानहरू ! देवदत्त दुश्शील व्यक्ति हो, पाप विचार भएको व्यक्ति हो । दुराचारको कारणले उसमा **तृष्णा** वृद्धि भई **अजातशत्रु**लाई आफ्नो अधीनमा लियो । अजातशत्रुबाट उसले निकै लाभ-सत्कार प्राप्त गऱ्यो । देवदत्त कै कुरा सुनेर अजातशत्रुले आफ्नो पिता **राजा बिम्बिसार**लाई हत्या गर्न लगायो । अजातशत्रुको सहायता लिई देवदत्तले तथागतलाई हत्या गर्न अनेक प्रकारले प्रयास गऱ्यो ।"

त्यही बेला भगवान बुद्ध भिक्षुहरूको त्यस सभामा आइपुग्नु भयो र त्यहाँ देवदत्तको विषयमा भइरहेको कुराको जानकारी लिनु भयो । त्यस पछि तथागतले भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! देवदत्त अहिले मात्रै दुराचारी र पापधर्मी भएको होइन, पहिले-पहिलेको जन्ममा मलाई हत्या गर्न अनेक प्रकारले प्रयास गरेको थियो ।"

यसै सिलसिलामा तथागतले **कुरुङ्गमिगजातक** (जातक- १.२, १११-२) को कथा सुनाउनु भई भन्नु भयो– "भिक्षुहरू ! अत्यधिक दुराचार सम्पन्न पुद्‌गलको दुराचारबाट उत्पन्न तृष्णाले जसरी मालुवा नामक लहरा (लता) ले शालवृक्षलाई यसरी बेर्दछ कि आखिर वृक्ष नै नाश भएर जान्छ, त्यस्तै उसलाई नष्ट गर्दै नरक आदि हीन गतिमा पतन गराई दिन्छ ।"

Downloaded from http://www.dhamma.digital

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना
भयो–

**"यस्स अच्चन्तदुस्सील्यं – मालुवा सालमिवो'त्थतं ।**
**करोति सो तथ'त्तानं – यथा नं इच्छती दिसो ॥"**

**अर्थ–** मालुवा भन्ने लहराले बेरिएको शाल वृक्ष झैं जसको दुराचारले
लाई छोपेर राख्दछ, त्यस दुर्बुद्धि मानिसले आफूलाई त्यस्तै गर्दछ, जस्तो
ो शत्रुले गर्न चाहेको हो ।

भावार्थ– यस गाथामा **अच्चन्तदुस्सील्यं** = एकान्तत दुराचारी हुनु । जो गृहस्थ
न्मै देखि **दश अकुशल कर्मपथमा** संलग्न हुन्छ, तथा जो **प्रव्रजित** भई उपसम्पदा
समय देखि गरु आपत्ति (गम्भीर, आपत्ति) ले घेरिएको हुन्छ– यी दुबै अवस्थालाई
। **दुःशील** भनिन्छ ।

यहाँ देवदत्त दुइ, तीन जन्म देखि निरन्तर दुराचार– सम्पन्न भई आइरहेको
। यी दुबै (गृहस्थ एवं प्रव्रजित) को आचरणवाट प्राप्त दुराचरणलाई लिएर यसो
को हो ।

**दुस्सीलभावो** = यहाँ दुःशील– व्यक्तिको छ द्वारवाट उत्पन्न हुने तृष्णालाई
को हो । **मालुवा सालमिवो'त्थतं** = जसरी **मालुवा नामक लहराले** शालवृक्षलाई बेर्दै
; र वर्षामा परेको पानी यसको पातमा परी त्यसबाट टप-टप टप्किएको पानीले
क्षको सम्पूर्ण हाँगा-विङ्गालाई नष्ट गर्दै अन्तमा मूल वृक्षलाई नै ढलाई दिने हो,
ा नै दुःशीलले त्यस पुद्गललाई छोपेर राख्दै **अपाय** दुर्गतिमा पुऱ्याई दिन्छ अर्थात्
स्वः अहितकामी व्यक्तिलाई उसको शत्रुले उसलाई अनर्थ गर्न जहाँ लैजान मन
त्यहाँ लैजान्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-**
प्राप्त गर्नमा सफल भए ।

'देवदत्तको कथा समाप्त' ।

Downloaded from http://www.dhamma.digital

# १२.७. संघ भेद गर्न प्रयास गर्नेको कथा

## १२.७. (हित हुने काम गर्नु कठिन हुन्छ)

१२. (१६३) "सुकरानी असाधूनि - अत्तनो अहितानि च।
यं वे हितञ्च साधुञ्च - तं वे परमदुक्करं" ॥७॥

एक समय **भगवान बुद्ध राजगृह नगरको वेलुवनाराममा** विहार गरिरहनु भएको थियो। त्यस बेला तथागतले यो गाथा **संघभेद** गर्न प्रयास गर्नेको कारणमा आज्ञा गर्नु भएको हो।

एक दिन **आयुष्मान आनन्द राजगृह नगरमा** भिक्षा चरण गर्न जानु भएको थियो। त्यो दिन **देवदत्तले** उहाँलाई **संघभेद** गर्न लागेको कुरा सुनाउनु भयो।

उसको कुरा सुन्ने बित्तिकै आनन्द स्थविर तुरन्तै भगवान बुद्ध कहाँ जानु भई यसरी बिन्ति गर्नु भयो– "भन्ते भगवन्! आज बिहान म **चीवर-वस्त्र धारण** गरी **भिक्षा-पात्र** लिई राजगृह नगरमा भिक्षा-चरणमा गइरहेको थिएँ। त्यस बेला देवदत्तले मलाई देख्यो। ऊ म कहाँ आयो र मलाई यसो भन्यो– 'आयुष्मान आनन्द! आजदेखि म भगवान बुद्धसँग अलग्ग हुन्छु, **उपोसथ कर्म** पनि अलग्गै गर्छु, अरू **संघ-कर्म** पनि अलग गर्छु।' त्यसकारण देवदत्तले आज संघभेद गर्नेछ, उपोसथ-कर्म र अरू संघ-कर्म पनि अलग्गै गर्नेछ।"

आयुष्मान आनन्दको यो कुरा सुन्नु भई तथागतको श्रीमुखबाट उदान स्वरूप यो गाथा उच्चारण गर्नु भयो—

**"सुकरं साधुना साधु, साधु पापेन दुक्करं।**
**पापं पापेन सुकरं, पापमरियेहि दुक्करं"न्ति ॥**

— (उदान-४८)

Downloaded from http://www.dhamma.digital

**अर्थ–** आफूलाई अहित हुने काम गर्नु सजिलो छ, हित हुने काम गर्नु छ। पापीलाई पाप गर्न सजिलो हुन्छ, पाप रहित काम गर्न गाह्रो हुन्छ।

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना भयो–

**"सुकरानी असाधूनि – अत्तनो अहितानि च।**
**यं वे हितञ्च साधुञ्च – तं वे परमदुक्करं॥"**

**अर्थ–** आफूलाई अहित हुने खराब काम गर्नु सजिलो हुन्छ। तर आफूलाई हुने राम्रो काम गर्नु साह्रै गाह्रो हुन्छ।

भावार्थ– **असाधूनि** = जुन दोषयुक्त कर्म हो, निन्दनीय कर्म हो, अपाय दुर्गतिमा हुने कर्म हो, **अत्तनो अहितानि च** = तथा जुन कर्म गर्नाले आफूलाई अहित सिद्ध – **तानि सुकरानी** = ती कर्महरू गर्न सजिलो हुन्छ। **यं वे हितञ्च साधुञ्च** = जुन प्रशंसनीय एवं राम्रो हुन्छ तथा सुगति स्वर्गलोक र निर्वाणतिर लैजाने हुन्छ, त्यस्तो गर्न त्यति कै गाह्रो हुन्छ जति तल बगिरहेको पानी (गंगानदी) लाई माथि फर्काएर उन गाह्रो हुने हो।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै श्रोतावर्गहरू **स्रोतापत्ति मार्ग-** आदिमा प्रतिष्ठित भए।

'संघभेद गर्न प्रयास गर्नेको कथा समाप्त'।

Downloaded from http://www.dhamma.digital

# १२.८. काल स्थविरको कथा

## १२.८. (शासनको निन्दा गर्नु घातक हुन्छ)

१२. (१६४) "**यो सासनं अरहतं – अरियानं धम्मजीविनं ।**
**पटिक्कोसति दुम्मेधो – दिट्ठिं निस्साय पापिकं**
**फलानि कट्ठकस्सेव – अत्तघाताय फल्लती**" ॥८॥

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा **काल स्थविर**को कारणमा आज्ञा गर्नु भएको हो ।

**श्रावस्ती नगर**मा एक जना स्त्री थिई । तिनले आमा जस्तै भई काल स्थविरको सेवा-सत्कार गर्दथी । तिनकी छिमेकीहरू सँधै झैं **जेतवनाराम**मा गई तथागतको धर्म-उपदेश सुनेर फर्केर आउँदा तिनीहरू साह्रै प्रभावित भई 'अहो ! भगवान बुद्धको गुण अत्यन्त आश्चर्यजनक छ । तथागतको धर्म-देशना साह्रै राम्रो छ,' भनी प्रशंसा गर्थे ।

तिनीहरूको कुरा सुनी ती स्त्रीले काल स्थविरलाई भनिन्– "भन्ते ! म पनि भगवान बुद्ध कहाँ गई धर्म-देशना सुन्न जान्छु ।"

स्थविरले अनुमति दिएन । तिनले भोलिपल्ट र पर्सिपल्ट पनि अनुमति मागिन् । तर स्थविरले अनुमति दिएन । तिनी भगवान बुद्ध कहाँ गई धर्म-श्रवण गर्न गईन् भने त्यस भिक्षुलाई पहिले जस्तो सेवा-सत्कार नगर्ला भनेर त्यस भिक्षुले अनुमति नदिएको रहेछ ।

एक दिन तिनी बिहान सबेरै जलपान गरी **उपोसथ शील** लिई आफ्नी छोरीलाई यसो भनिन्– "छोरी ! स्थविर घरमा आयो भने राम्रोसँग भोजन गराएर पठाउनु ।"

Downloaded from http://www.dhamma.digital

छोरीलाई यसरी काम अह्राएर तिनी भगवान बुद्ध कहाँ धर्म-देशना सुन्न गईन्।

छोरीले स्थविर घरमा आउने बित्तिकै सादर गौरवपूर्वक भोजन गराईन्।

स्थविरले सोध्यो– "उपासिका कहाँ गईन्?"

छोरीले भनिन्– "भन्ते! मेरी आमा धर्म-देशना सुन्न जेतवनाराममा जानु भयो।"

यो कुरा सुन्ने बित्तिकै स्थविरलाई दाह भएर आयो र मनमनै विचार गर्‍यो 'अब यो दायिका मसँग अलग्ग हुने भयो'।

त्यो स्थविर तुरुन्तै भगवान बुद्ध कहाँ गई त्यहाँ धर्म-देशना सुनिरहेकी उपासिकालाई देखी तथागतसँग यसरी बिन्ति गर्‍यो– "भगवन्! यो उपासिका साह्रै मन्द बुद्धि भएकी हुनाले **स्कन्ध** आदिले संयुक्त भएको सुक्ष्म कुरा बुझ्न सक्तैन। यिनले केवल **दान-कथा, शील-कथा** मात्रै बुझ्न सक्छिन्।" यिनलाई यही विषयमा मात्रै धर्म-देशना गर्नु भए राम्रो होला।

भगवान बुद्धले त्यस भिक्षुको चित्त अकुशल चेतनाले भरिएको चाल पाउनु भई भन्नु भयो– "मुर्ख भिक्षु! तिमी दुष्ट चित्त भएका रहेछौ। तिमीले तथागतको धर्मलाई दोषारोपण गरी आफ्नो स्वार्थ सिद्ध गर्ने तिर लाग्दैछौ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"यो सासनं अरहतं – अरियानं धम्मजीविनं।**
**पटिक्कोसति दुम्मेधो – दिट्ठिं निस्साय पापिकं**
**फलानि कट्ठकस्सेव – अत्तघाताय फल्लती॥"**

**अर्थ–** धर्मात्मा आर्य अरहन्तहरूको शासनलाई जसले आफ्नो मिथ्यादृष्टिको कारणबाट निन्दा गर्दछ, उसले आफैलाई नाश गर्दछ। जसरी बाँसमा फूल फल्नाले बाँसलाई नै नष्ट गर्दछ।

Downloaded from http://www.dhamma.digital

**भावार्थ–** दुर्बुद्धि पापी व्यक्तिले आफ्नो लाभ-सम्मानमा वाधा पर्ला भन्ने मनसायले 'धर्म उपदेश सुन्न जान्छु, दान दिन जान्छु' भन्ने व्यक्तिलाई रोक्दछ वा गालि गर्दछ र **अरहन्त, आर्य, धर्मजीवि बुद्धको शासन**लाई निन्दा-उपहास गर्दछ भने बाँसमा फल फल्दा जस्तो गति हुन्छ; त्यस्तै गति त्यस दुर्बुद्धि पापीको हुन्छ । **अत्तघाताय फल्लति** = जस्तो बाँसमा फल फल्यो भने त्यतिकै बाँस सुकेर जान्छ । त्यस्तै दुर्बुद्धिको विचार पनि आफ्नो विनाश गर्नको लागि हुन्छ । (चु.व. २.५ ना.)

भनिएको पनि छ–

**"फलं वे कदलिं हन्ति, फलं वेलुं फलं नलं ।**
**सक्कारो कापुरिसंहन्ति, गब्भो अस्सतरिं यथा"ति ॥**

**अर्थ–** केराको बोटमा फल लाग्यो भने त्यो बोट मर्छ । त्यस्तै बाँस र बेतमा फल फल्यो भने ती बाँस, वेतका बोटहरू नाश भएर जान्छन् । जसरी गर्भिनी घोडी (पोथी घोडा) बच्चा पाउने बित्तिकै मर्दछ त्यस्तै दुष्ट व्यक्तिको सत्कार-सम्मान नै उसको विनाशको मूल कारण हुन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा ती उपासिका **स्रोतापत्ति मार्ग-फलमा** प्रतिष्ठित भइन् ।

त्यहाँ जम्मा भएका थुप्रै मानिसहरूले तथागतको यस धर्म-देशनाबाट धेरै लाभ प्राप्त गरे ।

'काल स्थविरको कथा समाप्त' ।

Downloaded from http://www.dhamma.digital

# १२.९. चूलकाल उपासकको कथा

## १२.९. (शुद्धि-अशुद्धि आफैबाट हुने हो)

१२. (१६५) "अत्तना हि कतं पापं – अत्तना संकिलिस्सति ।
अत्तना अकतं पापं – अत्तना'व विसुज्झति ।
सुद्धी असुद्धि पच्चतं – नाञ्ञो अञ्ञं विसोधये" ॥९॥

एक समय **भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा** विहार गरिरहनु भएको थियो। त्यस बेला तथागतले यो गाथा **चूलकाल उपासक**को कारणमा आज्ञा गर्नु भएको हो ।

(यो कथा महाकाल उपासकको कथा जस्तै छ)

एक रात **श्रावस्ती नगरमा** चोरहरूले सामान चोरेर लगिरहेको थियो । त्यसै बेला घरका मालिकहरू ब्युउँझेर चोरहरूलाई लखेट्न गए ।

त्यस रात **चूलकाल उपासक** रातभरी धर्म-उपदेश सुनेर विहान सवेरै आफ्नो घरमा गइरहेको थियो । लखेटिएका चोरहरूले चोरेर ल्याएका सामान त्यस उपासकको नजिक राखेर भागे । लखेट्दै आएका मानिसहरूले उसको नजिक सामान देखेर 'त्यही चोर होला' भनी ठानेर उसलाई कुटपिट गर्न थाले ।

त्यस बेला पानी लिन आएकी दासीले देखेर भनिन्– "अरे ! यसलाई पिट । यो चोर होइन । यसले यस्तो चोर्ने काम गर्दैन ।"

भाग्यले चूलकाल उपासकको प्राण बच्यो । ऊ फेरि विहारमा फर्केर गई भिक्षुहरूलाई त्यहाँ घटेको घटना सुनाएर यसो भन्यो– "भन्ते ! आज मेरो प्राण जानै लागेको थियो । एउटी पानी लिन आएकी दासीले गर्दा मेरो प्राण बचाई दियो ।

भिक्षुहरूले यो कुरो भगवान बुद्ध कहाँ गई विन्ति गरे । भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू ! पानी लिन आउने दासीले गर्दा चूलकाल उपासकको

Downloaded from http://www.dhamma.digital

प्राण बच्यो। यी प्राणीहरू आ-आफूले गरेको पाप कर्मले गर्दा **नरक** आदि **अपाय दुर्गतिमा** परी दुःख भोग गर्दछन्। कुशल कर्म गर्नेहरू सुगति स्वर्ग-लोक तथा निर्वाणसम्म पनि पुग्दछन्।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"अत्तना हि कतं पापं – अत्तना संकिलिस्सति।**
**अत्तना अकतं पापं – अत्तना'व विसुज्झति।**
**सुद्धी असुद्धि पच्चतं – नाञ्ञो अञ्ञं विसोधये॥"**

**अर्थ–** आफूले गरेको पापले आफैलाई मलिन पार्दछ। आफूले नगरेको पापले आफूलाई शुद्ध पार्दछ। सुद्धि र असुद्धि आफैवाट हुने हो। कसैले कसैलाई शुद्ध र अशुद्ध गर्न सकिंदैन।

**भावार्थ–** जसले अकुशल कर्म गर्दछ, उसले चार अपाय दुर्गतिमा परी दुःख भोग गरी **अत्तना'व संकिलिस्सति** = स्वयं आफैलाई कष्ट दिन्छ। त्यस्तै **अत्तना अकतं पापं** = जसले पाप कर्म गर्दैन ऊ क्रमशः सुगति तथा निर्वाणतिर बढ्दै गई अन्तमा **अत्तना'व विसुज्झति** = आफैलाई विशुद्ध-स्वच्छ पार्दछ। **सुद्धि** = को अर्थ कुशल कर्म र **असुद्धि** = को अर्थ अकुशल कर्म हो। यी दुवै प्रत्येक कर्तासँग सम्बद्ध रहन्छ। **नाञ्ञो अञ्ञं विसोधये** = एक व्यक्तिले अर्को व्यक्तिलाई विशुद्ध पार्न सकिंदैन, न क्लेशबाट नै मुक्त गर्न सक्तछ।

तथागतको यस धर्म-देशनाको अन्तमा चूलकाल उपासक **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भयो।

त्यहाँ उपस्थित भएका परिषदले तथागतको यो धर्म-देशना सुनेर धेरै लाभ प्राप्त गरे।

'चूलकाल उपासकको कथा समाप्त'।

Downloaded from http://www.dhamma.digital

# १२.१०. अत्तदत्थ स्थविरको कथा

## १२.१०. (अर्काको लागि आफ्नो हानी नगर्नु)

**१२. (१६६) "अत्तदत्थं परत्थेन – बहुना'पि न हापये ।**
**अत्तदत्थमभिञ्ञाय – सदत्थपसुतो सिया"॥१० ॥**

एक समय **भगवान बुद्ध श्रावस्तीको जेतवनाराम**मा विहार गरिरहनु भएको । त्यस बेला तथागतले यो गाथा **अत्तदत्थ स्थविर**को कारणमा भन्नु भएको

भगवान बुद्धले भिक्षुहरूलाई सम्बोधन गर्नु भई यसरी **भविष्यवाणी** गर्नु - "भिक्षुहरू ! आजले चार महिनापछि **तथागतको महापरिनिर्वाण** हुनेछ ।"

भगवान बुद्धको यस्तो भविष्यवाणी सुनेर सात सय जना पृथग्जन हरूमा **धर्मसंवेग** उत्पन्न भई तथागतको पछि-पछि लाग्न थाले र तिनीहरूको ना यसरी कुराकानी पनि हुन थाल्यो– "आयुष्मानहरू ! अब हामीले के गर्ने ? गर्ने होला ?"

ती सात सय भिक्षुहरू मध्ये **अत्तदत्थ** भन्ने एक जना भिक्षुले विचार गर्न गो– "भगवान बुद्ध चार महिना पछि महापरिनिर्वाण हुने भयो । म अहिले **क्लेशबाट मुक्त** हुन सकेको छैन । तथागत जीवित हुनु भएको बेलामा नै न मुक्त हुने **अरहन्त मार्ग-फल** प्राप्त गर्ने प्रयास गर्नु पर्‍यो ।"

त्यसकारण अत्तदत्थ भिक्षु एक जना ती भिक्षुहरूको समूहमा कुरा गर्न नथ्यो । एकान्त ध्यानमा लागिरहन्थ्यो ।

अत्तदत्थ भिक्षु ती भिक्षुहरूको समूहमा आई सर-सल्लाह गर्न नआएकोले लाई अनेक प्रश्न गरी भगवान बुद्ध समक्ष लगी तिनीहरूले सबै कुरा बिन्ति ।

Downloaded from http://www.dhamma.digital

तथागतले त्यस भिक्षुसँग प्रश्न गर्नु भयो– "अत्तदत्थ ! किन तिमीले यसो गरेको ?"

त्यस भिक्षुले सादर विन्ति गर्दै भन्यो– "भगवन् ! तथागतले चार महिना पछि **महापरिनिर्वाण** हुने घोषणा गर्नु भयो। त्यस बेला मलाई यस्तो **धर्म- संवेग** उत्पन्न भयो कि तथागतको जीवमानकालमा नै मैले **अरहन्त मार्ग-फल** प्राप्त गर्न प्रयास गर्नेछु। त्यसैले म आयुष्मानहरूको सर-सल्लाह गर्ने कार्यमा जान नसकेको हो।"

भगवान बुद्धले अत्तदत्थ भिक्षुको कुरालाई **'साधुकार'** दिनु भई अरू भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! तथागतलाई सुगन्ध युक्त पुष्प-धुपले पूजा गर्दैमा साँचिकै पूजा गरेको हुँदैन। जसले धर्मानुसार आचरण गर्दछ, ध्यान-भावनामा लाग्दछ, त्यही नै तथागतको सही अर्थमा पूजा गरेको हुन्छ। यदि तथागतलाई कसैले स्नेह तथा आदर सत्कार गर्दछ भने अत्तदत्थ भिक्षुले गरे जस्तै आदर सत्कार गर्न सक्नु पर्दछ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"अत्तदत्थं परत्थेन – बहुना'पि न हापये।**
**अत्तदत्थमभिञ्ञाय – सदत्थपसुतो सिया"**

**अर्थ–** अर्काको ठूलो हित हुने भएता पनि आफ्नो लाभलाई हानी गर्नु हुँदैन। आफूलाई लाभ हुने थाहा पाई जहिले पनि सदर्थ (आफूलाई हुने काम) मा लाग्नु पर्दछ।

**भावार्थ–** यस गाथामा कोही गृहस्थले आफ्नो एक कौडी धन अरूको हजारौं धन भन्दा कम मूल्यांकन नगरुन्। भनाईको तात्पर्य हो– भिक्षुहरूद्वारा संघको लागि गरिने चैत्य मरमत कार्य अथवा उपाध्याय आदि प्रति गरिने सेवा भावमा कुनै कमी आउन दिनु हुँदैन। सदाचार सम्बन्धी काम-कर्तव्य गर्नेले पनि आर्य **मार्ग-फल** प्राप्त गर्न सक्तछ।

Downloaded from http://www.dhamma.digital

ारण यो पनि **अत्तदत्थ** = ाफ्नो हित हुने कार्य हुन आउँछ । तर पनि साधक वा कम समयमा विपश्यना ध्यानद्वारा आर्य मार्ग-फल प्राप्त गर्न सक्दछ भने आचार्य-ायहरूलाई सेवा-सत्कार गर्ने कायमा हानी भए पनि यसलाई बढी महत्व दिनु । अर्थात् **अत्तदत्थमभिञ्ञाय** = आफ्नो हित हुने कार्यमा **सदत्थपसुतो सिया** = ीील भई पूर्ण रूपले लाग्नु पर्दछ ।

तथागतको यस धर्म-देशनाको अन्तमा **अत्तदत्थ स्थविर अरहन्त मार्ग-**प्राप्त गर्नमा सफल भयो ।

अरू धेरै भिक्षुहरूले यो धर्म-देशनाबाट लाभ प्राप्त गरे ।

'अत्तदत्थ स्थविरको कथा समाप्त' ।

**आत्म वर्गको वर्णन समाप्त ।**

Downloaded from http://www.dhamma.digital

# शब्दार्थ

| | | |
|---|---|---|
| १. **अनुकम्पा** | – | दया, करुणा। |
| २. **आपत्ति देसना** | – | भिक्षुहरूको विनय उल्लंघन गरेको दोषमा अथवा धार्मिक अपराध गरेकोमा दण्ड सम्बन्धी उपदेश। |
| ३. **आसवक्खय** | – | आस्रव चार छन्– १) कामासव, २) भवासव, ३) दिट्ठासवो र ४) अविज्जासवको क्षय, क्लेश नास। |
| ४. **उपोसथ-कर्म** | – | भिक्षुहरूको १५ दिनमा गरिने उपोसथ कर्म |
| ५. **उसभ जमिन** | – | बुद्धकालीन समयमा जमिन नाप्ने साधन विशेष। |
| ६. **ऋद्धिबल** | – | ऋद्धि शक्ति। |
| ७. **कर्म संस्कार** | – | चेतसिक संरचना, कर्म बन्ने कारण, कर्म वीज, संस्कारवाट नै भविष्यको कर्म वन्दछ। |
| ८. **कल्प** | – | लामो समयावधि। |
| ९. **गणिका** | – | वेश्यावृत्ति गरी जीवन यापन गर्ने। |
| १०. **चार परिषद** | – | भिक्षु, भिक्षुणी, उपासक र उपासिका। |
| ११. **जीवितिन्द्रियं** | – | जीवित इन्द्रियलाई जीवित रूप भनिन्छ। |
| १२. **तीर्थङ्कर** | – | सन्यासी, नांगा, साधु। |
| १३. **तेजोधातु समाधि** | – | अग्निधातुको आलम्वनमा ध्यानको एकाग्रता। |
| १४. **दिब्बचक्खु** | – | दिव्य चक्षु, देवताहरूले जस्तै दखिने चक्षु। |
| १५. **देवदण्ड** | – | देवताहरूले जस्तै दिइने दण्ड। |
| १६. **धातु पुञ्ज** | – | भगवान बुद्धको शारीरिक धातु, हड्डिको थुप्रो। |
| १७. **नवलोकुत्तर धर्म** | – | चार मार्ग-चार फल र निर्वाण। |
| १८. **नियतो** | – | चार मार्ग-फल निश्चित रूपले लाभ गर्ने। |
| १९. **पटिच्चसमुपाद** | – | **प्रतीत्यसमुत्पाद**–कार्य-कारणको सिद्धान्त, हेतुवाट उत्पत्ति हुने नियम। अविद्याबाट आरम्भ हुने यस प्रक्रियावाट व्यक्तिले आफ्नो लागि एक पछि अर्को दुःखमय जीवनको सृजना गर्दै जान्छ। |

Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| **माथ** | – | यथार्थ, साँचिकै भएको धर्म । **पथवी, आपो, तेजो र वायु**– यी चतुर्महाभूत यथार्थमा भएको, फेरि त्यसको स्वभाव परिवर्तन नहुने । परमार्थ धर्म चार प्रकारका छन् – १) चित्त, २) चेतासिक, ३) रूप र ४) निब्बान । |
| **रिनिर्वाण** | – | अरहन्त, क्षीणास्रवीको मृत्यु । |
| **ाषाणमय बज्रपाणी** | – | हिरा । |
| **ब्वेनिवासानुसतिज्ञाण** | – | पूर्व जन्मको ज्ञान । |
| **ाकोष्ठ द्वार** | – | भित्र जाने ढोका । |
| **त्यय** | – | कारण । |
| **त्तीस महापुरुष लक्षण**[1] | – | १. "भगवान् बुद्धको पाद सुप्रतिष्ठित छन्, यो पनि महापुरुष भगवान गौतम बुद्धको महापुरुष लक्षण हो।"<br>२. "पैतलामा सहस्र तेर्सो चिन्ह, भित्री, वाहिरी घेरा चिन्ह र नाभि सहित सर्व प्रकारले परिपूर्ण चक्र चिन्ह छ ।"<br>३. "उहाँ भगवान्को कुर्कुच्चा लामा छन् ।"<br>४. "··· औंलाहरू लामा छन् ।"<br>५. "··· मृदु तरुण- हस्तपाद छन् ।"<br>६. "··· जाल हस्त-पाद छन् (झ्यालको दण्डी झैं वराबर भएका औंलाहरू छन् ।"<br>७. "··· गोली गाँठा माथि छन् ।"<br>८. "··· एणिजङ्घ छ (एणी भन्ने मृगको जस्तो कम्मर छ ।)"<br>९. "न निहुरिकन उभिएर नै भगवान् गौतम बुद्धले दुवै घुँडा हातले छुन सक्नु हुन्छ ।" |

[1] वुद्धकालीन व्राह्मणवाट उद्धृत गरिएको ।

Downloaded from http://www.dhamma.digital

**बत्तीस महापुरुष लक्षण** – १०. "··· प्रतिच्छन्न भएको पुरुषेन्द्रिय छ"

११. "··· सुवर्ण वर्ण समान कञ्चन त्वचा

१२. "उहाँ भगवान्को छवि (छालाको माथिल्ल सूक्ष्म (चिल्लो) छ। त्यसैले उहाँको शरीरम बस्दैन, मयल पर्दैन।"

१३. "··· एउटा रोम कूपमा एउटा एउटा मात्र

१४. "भगवान्को रोम उर्ध्वाग्र छ। ती र अञ्जनी समान नीला छन्। दाहिनेतिर घ टुप्पा माथितिर फर्केका छन्।"

१५. "··· **ब्रह्म-ऋजु** अर्थात् शरीर बिल्कुल सीधा

१६. "**सप्तस्थान** (दुइ हात, दुइ खुट्टा, दुइ आँगसहित गर्धन) पुष्ट छन्।"

१७. "··· **सिंह-पूर्वार्ध-काय** अर्थात् सिंहको पूर्वार्ध काय चौडा छ।"

१८. "··· **चितरस** अर्थात् दुबै काँध परिपुष्ट

१९. "··· **न्यग्रोध** (वरको रुख) परिमण्डल भैं आँङ उचाइ छ, त्यति नै चौडाइ छ; जति चौडाइ छ, त्यति नै उचाइ छ।"

२०. "··· समवर्तित स्कन्ध अर्थात् राम्ररी गोल गर्धन छ।"

२१. "··· **रसग्गसग्गि** अर्थात् तुरुन्तै **स्वाद** हरा सक्ने जिब्रो छ।"

२२. "··· सिंहको जस्तो हनु (वंगारा) छ।"

२३. "··· चालिस वटा दाँतहरू छन्।"

२४. "··· **सम** (बराबर मिलेका) दन्त छन्।"

२५. "··· दाँतहरू छिद्र नपरेका टम्म मिलेका

Downloaded from http://www.dhamma.digital

**महापुरुष लक्षण** – २६. "··· सेता दाँत छन् ।"
२७. "··· जिभ्रो लामो छ ।"
२८. "··· **ब्रह्मस्वर** (कोइलीको जस्तो स्वर) छ ।"
२९. "··· **अभिनील** (आलसको फूलको रंग जस्तो) नेत्र छन् ।"
३०. "··· वाछाको जस्तो परेला छन् ।"
३१. "··· **भमुकन्तर**मा (न्हातिकामा) मसीनो, कपास जस्तो सेतो, नरम रोमराजी छ ।"
३२. "उहाँ भगवान्को उष्णीष शीर्ष अर्थात् मुकुट जस्तो शीर छ ।"
"उक्त वत्तीस महापुरुष लक्षणहरूले भगवान् गौतम बुद्ध सुसम्पन्न हुनुहुन्छ ।"

**भिक्खु** – भिक्षु, क्लेश भग्न भइसकेको ।

**मिथ्या दृष्टि** – सम्यक् दृष्टिको उल्टो, गलत धारणा ।

**ब्याम प्रभा** – भगवान बुद्धको शरीरवाट निस्कने प्रभा, तेज ।

**ब्रह्मचारी** – श्रेष्ठ आचरण भएको ।

**समापत्ति** – कुनै एक ध्यानको एकाग्रता, ध्यानको उच्च अवस्था ।

**सिंह पञ्जर** – सिंहको आकार आउने गरी वनाइएको झ्याल ।

**संङ्खारूपेक्खा** – संस्कारहरू प्रति उपेक्षाभाव, **विपस्सना ध्यान**को अभ्यासमा '**भङ्गञाण**' को अवस्था अनुभव गरी सकेपछि त्यस अवस्था विशेषमा जसमा अन्तर्मनको गहिराइमा दबिएर रहेका सुपुप्त चित्त-मल चित्तको माथिल्लो सतहमा आई शारीरिक संवेदनाको रूपमा प्रकट हुन्छन् । यी संवेदना प्रति **उपेक्षा** (समता) भाव राख्न सकेमा नयाँ संस्कार वन्दैन र पुरानो संस्कार निर्जरा हुँदै जान्छ । यही प्रक्रियाद्वारा विस्तार-विस्तारै सवै संस्कारहरूका उन्मूलन हुन्छन् ।

Downloaded from http://www.dhamma.digital

# सहायक ग्रन्थहरू


१) धम्मपदट्ठकथा – भाग-५ (नेपाल भाषा) -- अनुवादक तथा प्रकाशक – भिक्षु अनिरुद्ध महास्थविर, आनन्दकुटी विहार, स्वयम्भू, काठमाडौं, २०४५

२) धम्मपद-अट्ठकथा – विपश्यना विशोधन विन्यास, धम्मगिरि, इगतपुरी (नासिक), महाराष्ट्र, भारत, १९९५

३) धम्मपदट्ठकथा – भाग-३ – अनुवादक – स्वामी द्वारिकादास शास्त्री । प्रकाशक – डा. परमानन्द सिंह, वाराणसी-१०, सन् २००० ।

४) धम्मपद – अनुवादक एवं सम्पादक – डा. त्रिपिटकाचार्य भिक्षु धर्मरक्षित एम. ए. डी. लिट ।
प्रकाशक – मास्टर खेलाडीलाल संकटा प्रसाद, संस्कृत पुस्तकालय, वाराणसी, सन् १९७७ ।

५) धम्मपद – नेपाली अनुवाद (छैठौं संस्करण) – भिक्षु अमृतानन्द - २०५३ ।

६) पालि-हिन्दी कोश – डा. भदन्त आनंद कौसल्यायन, दीक्षा भूमि, नागपुर-१०, सन् १९७४ ।

७) बुद्धकालीन ग्रन्थहरू – लेखक – भिक्षु अमृतानन्द महास्थविर, प्रकाशक – आनन्दकुटी विद्यापीठ, स्वयम्भू, २०२८ ।

८) पालि शब्द संग्रह – धम्मगिरी, इगतपुरी ।


Downloaded from http://www.dhamma.digital

# लेखिकाको परिचय

सुश्री नानीमैयाँ मानन्धरज्यू वर्तमानकी एक ख्याती प्राप्त बौद्ध महिला हुनुहुन्छ। उहाँ गृहस्थ भएर को जस्तो जीवन व्यतीत गर्नु हुन्छ। सन् १९४६, डिसेम्बर (वि. सं. २००२) मा पिता श्री पञ्चनारायण माता श्रीमती कृष्णमाया मानन्धरको कोखबाट काठमाडौंमा जन्मनु भएकी उहाँ माता पिताको जेष्ठ हुन्छ।

सानो उमेरदेखि नै बुद्ध धर्म प्रति अटल श्रद्धा राख्नु भई बुद्ध धर्मको विभिन्न विषयमा उहाँले र्नु भयो। **नेपाल बौद्ध परियत्ति शिक्षा**मा बि. सं. २०२३ सालमा **'परियत्ति सद्धम्म पालक'** उपाधि हासिल उहाँले वि. सं. २०२७ सालमा **'परियत्ति सद्धम्म कोविद'** को अन्तिम वर्षसम्म अध्ययन पूरा गर्नु भएको **नालन्दा महाविहार**बाट शैक्षिक वर्ष १९७७-१९७९ को अवधिमा **M.A.** पालि कोर्सको अध्ययन पूरा गर्नु द्ध शिक्षाको अलावा त्रिभूवन विश्वविद्यालयबाट शैक्षिक वर्ष सन् १९७० (वि. सं. २०२६) मा **B.A.** को ाल गर्नु भईसकेपछि ई. सं. १९७१ मा उहाँले त्रिभूवन विश्व विद्यालय कीर्तिपुरमा **M.A.** अध्ययन ।

उहाँ एक सफल लेखिका हुनुहुन्छ। हालसम्म उहाँको मौलिक लेखन र अनुवाद गरी जम्मा २४ वटा प्रकाशित भईसकेको छ। यस्तै गरी अरु ६ वटा पुस्तकहरू प्रकाशन प्रतीक्षामा छन्। **'धर्मचक्र पत्रिका'** भूतपूर्व प्रधान सम्पादिक हुनुहुन्छ। बि. सं. २०२१ देखि विभिन्न पत्र-पत्रिकाहरूमा विविध विषयमा ख रचनाहरू नियमितरूपमा प्रकाशित हुँदै आईरहेका छन्।

**'बौद्ध परियत्ति शिक्षा'** को क्षेत्रमा उहाँको उल्लेखनीय योगदान छ। बि.सं. २०२७ साल देखि वर्तमान र स्वयं सेविका शिक्षिकाको रूपमा अध्यापन गराउँदै आउनु भएकी उहाँले सात वर्षसम्म केन्द्राध्यक्षको रोपकार केन्द्र सम्हाल्दै आउनु भएको थियो। उहाँले विभिन्न बौद्ध संस्थामा काम गरेर बुद्ध धर्मको महत्वपूर्ण योगदान दिँदै आउनु भएको छ। बि.सं. २०३८ सालमा स्थापित **'नेपाल महिला बौद्ध** उहाँ **संस्थापक उपाध्यक्ष** हुनुहुन्थ्यो। बि.सं. २०५२ सालमा स्थापित **'बौद्ध महिला संघ, नेपाल'** को उहाँ अध्यक्ष हुनुहुन्छ। उहाँ **'धर्मोदय सभा'** को उपाध्यक्ष तथा **'लुम्बिनी धर्मोदय समिति'** को कार्यकारिणी सदस्य **'लुम्बिनी विकास कोष'** को उहाँ पदेन सदस्यमा हुनुहुन्छ। रेडियो नेपाल जस्तो व्यापक संचार ाट उहाँले प्रत्येक शुक्रबार बिहान प्रसारित हुने धार्मिक कार्यक्रममा बि. सं. २०५२ सालदेखि बुद्ध धर्म प्रवचन कार्यक्रम नियमितरूपमा सञ्चालन गर्दै आउनुभएको छ।

नेपालमा बुद्ध धर्मको प्रचारप्रसारमा सुश्री नानीमैयाँ मानन्धरज्यूले पुऱ्याउँदै आउनु भएको योगदानलाई **'नेपाल बौद्ध परियत्ति शिक्षा'** बाट बि. सं. २०४५ सालमा **'बौद्ध महिला संघ, नेपाल'** बाट २०५६ सालमा **बौद्ध अध्ययन गोष्ठी'** बाट बि. सं २०६० सालमा र **'दोस्रो विश्व बौद्ध शिखर सम्मेलन'** बाट बि. सं. ालमा उहाँलाई **'प्रशंसा पत्र'** बाट सम्मान गरिएको छ।

उहाँको सबैभन्दा उल्लेखनीय योगदान विपश्यना ध्यानको क्षेत्रमा छ। उहाँले बि. सं. २०३१ सालमा ा सर्वप्रथम विपश्यना ध्यानको अभ्यास थाल्नु भएको हो। विपश्यना ध्यानको महत्व बुझी हालसम्म रन्तररूपमा यस क्षेत्रमा संलग्न हुनुहुन्छ।

हालसम्म उहाँले भारत, म्यान्मार, मलेशिया, सिंगापुर, थाइलैण्ड, श्रीलंका, तिब्बत (ल्हासा), चीन, पाकिस्तान, अष्ट्रेलिया, फिलिपिन्स राष्ट्रहरूमा धार्मिक यात्रा गर्नु भएको छ।

सानै उमेरदेखि बुद्ध धर्म अध्ययन तथा धार्मिक, सामाजिक सेवामा रुचि राख्नु हुने उहाँले आजसम्म स क्षेत्रमा आफ्नो पूर्ण समय समर्पित गर्दै रहनु भएको छ।

भगवान बुद्धले **"मेरो धर्मलाई सही ढंगबाट बुझ्न अध्ययन मात्र होइन, यसलाई धारण गर, आफ्नै मा अनुभव गर"** भनिकन जुन उपदेश दिनु भएको छ; त्यसको अनुकरण गर्नु भएकी सुश्री नानीमैयाँ रज्यू वर्तमानकी एउटी आदर्शमयी बौद्ध महिला हुनुहुन्छ।

**– रीना तुलाधर**

Downloaded from http://www.dhamma.digital

# ABOUT THE AUTHOR

Miss Nani Maiya Manandhar is a distinct personality in the Buddhist field. She live a spiritual life despite being a laywoman. Born in December, 1946 A. D., she is the eldest daughte of Mr. Pancha Narayan Manandhar and Krishna Maya Manandhar.

She has become a true follower of Buddha-Dhamma, since her childhood. Due to he never ending dedication to Buddhism, she started studying different subjects on Buddhism at very young age. Embellished with the title **'Pariyatti Saddhamma Palaka'** in 1967, she ha completed the course of **'Pariyatti Saddhamma Kobida'** studied in 1971. She completed **M.A** course in Pali from **Nav Nalanda Mahavihara** during the acadamic year 1977-79. Beside Buddhist studies, she has completed **B.A.** in 1970 from Tribhuvan University, joined **M.A.** i 1971.

She is a reknowned writer in the field of Buddhism. To date, 24 books, authored an translated by her, have been published in Nepali and Nepal Bhasha. Similarly, 6 of her othe books are waiting to be published. She was the former chief editor of the **'Dharmachakra'** annua publication. Her articles have been continuosly published in different periodicals since 1966. He contribution to the activities of **Bauddha Pariyatti Shiksha** is commendable. She has bee teaching **Bauddha Pariyatti** as a voluntary service since 1972 A. D. Currently she had been i managing the **Paropakar Centre** as a central chairperson for 7 years.

She has also been providing her services in other Buddhist organizations to promot Buddhism. She was the founder Vice-Predident of **"Nepal Mahila Bauddha Sangha"** (Nepa Women's Buddhist Association) established in 1982. She has been the president of **"Bauddh Mahila Sangha, Nepal"** (Buddhist women's Association, Nepal) since 2002 established i 1992. She is the executive member of **"Dharmodaya Sabha"** and **'Lumbini Dharmoday Committe'**. She is the appointed member of **'Lumbini Development Trust'**.

Recognising her contribution to propogating Buddhism in Nepal she has been honoure with **'Appreciation Letter'** by the **'Nepal Bauddha Pariyatti Shiksha'** in 1988; **'Bauddh Mahila Sangha, Nepal'** in 1999; **'Dharmakirti Buddhist Study Circle'** in 2003 and **'Secon World Buddhist Summit'** in 2004.

In due course of propogating Buddhism in Nepal, she has been conducting religiou Radio Programmes in a broad media **Radio Nepal** since 1995. Her lectures in different subjects o Buddhism are broadcasted every Friday morning.

Her biggest contrubution is in Vipassana Meditation. She had taken 10 days course o Vipassana for the first time in **Rajgiri**, India in December, 1974. Appreciating the importance o Vipassana, she has been actively involved in it ever since.

She has travelled widely to India, Myanmar, Malaysia, Singapour, Thailand, Sri Lank Tibet (Lhasha), China, Hongkong, Pakistan, Australia and the Phillipines.

Since her childhood she has had a keen interest in learning Buddhism, social services an religious services. She is still actively involved in these areas with full devotion. Following th Buddha's precept that the Dhamma is to be applied, not just to be studied, Miss Nanimai Manandhar has proved herself to be an Ideal Buddhis woman.

**— Rina Tuladh**

Downloaded from http://www.dhamma.digital

## लेखिकाका प्रकाशित पुस्तकहरू

| पुस्तकको नाम | प्रकाशन वर्ष (वि.सं.) |
|---|---|
| ्द्ध वचन ........................................ | २०२९ |
| ारी प्रति बुद्धका देन ........................................ | २०३१, २०६३ |
| ऋधुर जातक (नेपाली) ........................................ | २०३३, २०६३ |
| मग्गाङ्ग-दीपनि (प्रथम, दुतीय, तृतीय, चतुर्थ संस्करण) ..... | २०३३, २०४२, २०५५ |
| महाचीन यात्रा ........................................ | २०३४ |
| वेपश्यना अभ्यास पद्धति ........................................ | २०३४ |
| बुद्धका प्रथम सन्देश ........................................ | २०३६ |
| बोधिपक्खिय दीपनी (प्रथम, दुतीय संस्करण) ........................ | २०३८, २०५५ |
| नियाम-दीपनी ........................................ | २०४० |
| नियाम दीपनी (बर्मीज अनुवाद) ........................................ | २०४२ |
| जिगु पौ ........................................ | २०४२ |
| धर्म : जीवन जिउने कला ........................................ | २०४३ |
| चतुसच्च-दीपनी ........................................ | २०४५ |
| ) त्रिरत्न वन्दना ........................................ | २०४६ |
| ) प्रवचन प्रवाह ........................................ | २०४६ |
| धर्म ज्योति ........................................ | २०४६ |
| ) बुद्ध वचन (पालि सहित) ........................................ | २०४९ |
| ) विपश्यना : एक जीवनोपयोगी साधना ........................................ | २०५६ |
| ) धम्मपद-अट्ठकथा [भाग-१] ........................................ | २०५८ |
| ) धम्मपद-अट्ठकथा [भाग-२] ........................................ | २०५९ |
| ) धम्मपद-अट्ठकथा [भाग-३] ........................................ | २०६० |
| २) धम्मपद-अट्ठकथा [भाग-४] ........................................ | २०६२ |
| ३) विधुर जातक (नेपाल भाषा) ........................................ | २०६२ |
| ४) धम्मपद-अट्ठकथा [भाग-५] ........................................ | २०६५ |

**काशन प्रतीक्षामा :**

) धम्मपद-अट्ठकथा [भाग-६], २) निर्मल धारा धर्मको

) उपयोगी विचार धारा, ४) बुद्ध-धर्म-संघ (तथागत)

) लेख संग्रह

) च्वसु मुना

Downloaded from http://www.dhamma.digital

# MY PUBLISHED BOOKS

| NAME OF THE BOOKS | PUBLISHED YEAR |
|---|---|
| 1) BUDDHA VACAN | 1972 |
| 2) NARI PRATI BUDDHAKA DEN | 1974, 2 |
| 3) VIDHURA JATAK (NEPALI) | 1976, 2 |
| 4) MAGGANGA DIPANI (1ST, 2ND, 3RD & 4TH PUBLICATION) | 1976, 1985, 19 |
| 5) MAHACHIN YATRA | 1977 |
| 6) VIPASSANA AVYASA PADDATI | 1977 |
| 7) BUDDHA KA PRATHAMA SANDESH | 1979 |
| 8) BODHIPAKKHIYA DIPANI (1ST & 2ND PUBLICATION) | 1980, 1 |
| 9) NIYAMA DIPANI | 1982 |
| 10) NIYAMA DIPANI (BURMESE TRANSLAITON) | 1985 |
| 11) JIGU PAU | 1986 |
| 12) DHARMA : JIVAN JIUNE KALA | 1986 |
| 13) CATUSACCA DIPANI | 1988 |
| 14) TRI-RATNA VANDANA | 1988 |
| 15) PRAVACAN PRAVAHA | 1988 |
| 16) DHARMA JYOTI | 1989 |
| 17) BUDDHA VACAN (WITH PALI) | 1992 |
| 18) VIPASSANA : EKA JIVANOPAYOGI SADHANA | 2000 |
| 19) DHAMMAPADA-ATTHAKATHA [PART-1] | 2001 |
| 20) DHAMMAPADA-ATTHAKATHA [PART-2] | 2002 |
| 21) DHAMMAPADA-ATTHAKATHA [PART-3] | 2004 |
| 22) DHAMMAPADA-ATTHAKATHA [PART-4] | 2005 |
| 23) VIDHURA JATAK (NEPAL BHASHA) | 2006 |
| 24) DHAMMAPADA-ATTHAKATHA [PART-5] | 2008 |

**WAITING TO BE PUBLISHED :**

1. NIRMAL DHARA DHARMAKO,
2. DHAMMAPADA -ATTHAKATHA [PART-6]
3. OOPAYAGI VICAR DHARA
4. BUDDHA-DHARMA-SANGHA (TATHAGATA)
5. The Collection of Articals in Nepali & Nepal Bhasha.

Downloaded from http://www.dhamma.digital

# लेखिकाको संक्षिप्त परिचय



नाम : सुश्री नानीमैयाँ मानन्धर

जन्म : सन् १९४६ डिसेम्बर, काठमाडौं

शिक्षा : B.A.

अध्यक्ष : बौद्ध महिला संघ, नेपाल

उपाध्यक्ष : धर्मोदय सभा

कार्यकारिणी सदस्य : लुम्बिनी धर्मोदय समिति

शिक्षिका : नेपाल बौद्ध परियत्ति शिक्षा (वि.सं. २०२७ सालदेखि हालसम्म)

Dhamma.Digital

भू.पु. सम्पादिका : धर्मचक्र पत्रिका

पुस्तक लेखन : नेपाली र नेपाल भाषामा मौलिक र अनुदित २४ पुस्तक प्रकाशित,
(६ वटा पुस्तक प्रकाशन प्रतिक्षामा)

अन्य कार्य : लुम्बिनीको राष्ट्रिय गोष्ठीमा पेपर प्रस्तुत - सन् १९७९ मा ।
विभिन्न पत्र-पत्रिका, स्मृति-ग्रन्थहरूमा लेख रचना प्रकाशित ।
प्रत्येक शुक्रवार रेडियो नेपालबाट धार्मिक प्रवचन प्रसारण भएको ।

सेवा : सानै उमेरदेखि धार्मिक तथा सामाजिक सेवामा संलग्न

भ्रमण : भारत, बर्मा, मलेशिया, सिंगापुर, थाइल्याण्ड, श्रीलंका, हङ्कङ्,
ल्हासा (तिब्बत), चीन, पाकिस्तान, अस्ट्रेलिया, फिलिपिन्स, जापान

Downloaded from http://www.dhamma.digital